
२५८

भक्तपुर मासिक

Bhaktapur Monthly साउन २०७५





# पाँच नगरपालिका प्रमुखहरुको भक्तपुरमा भेट

• मल्लकालीन न्ह्यकं ज्या दरबार • नगर खेलकुदसम्बन्धी नीतिका विशेषताहरू • मार्क्सवाद र पुँजीवादी आर्थिक सङ्कट
• सापारु पर्वको इतिहास • गोर्खाली आक्रमण र राजा रणजित मल्ल • भक्तपुर नगरपालिकाका गतिविधिहरू

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #%★cÆ (★g}; ॥!#*★lj-; ॥@)&%; fpg★A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी (बिढा)

सहायक सम्पादक : कृतिका प्रजापति

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




Pp6f tl:a/

भक्तपुरको प्राचीन नगर।

(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘आजसम्मको मानव समाजको इतिहास वर्ग संघर्षको इतिहास हो ।’ – कार्ल मार्क्स

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | उपत्यकाका सांस्कृतिक सम्पदा संरक्षणबारे छलफल | – | ३ |
| २) | जनस्वास्थ्य केन्द्रमा अल्ट्रासाउण्ड सेवा शुभारम्भ | – | ४ |
| ३) | ललितपुर मनपाका जनप्रतिनिधिहरू भनपामा | – | ५ |
| ४) | केयुकेएलले जनतालाई खानेपानी आपूर्ति गर्न सकेन | – | ६ |
| ५) | न्हयकं झ्य: दरबार मल्लकालीन शैलीमा बनाउन मन्त्रालय सहमत | – | ७ |
| ६) | भक्तपुर नगर पूर्ण खोप सुनिश्चित | – | ८ |
| ७) | महान्यायाधिवक्ता खरेल भक्तपुरमा | – | ९ |
| ८) | नगर शिक्षा ऐन, २०७४ को अभिमुखीकरण | – | ११ |
| ९) | बिमस्टेक सम्मेलनका लागि झण्डा नयाँ दिल्लीमा बनाइने ! | – | १४ |
| १०) | ‘सडक निर्माण बलियो र भरपर्दो हुनुपर्छ’ | – | १४ |
| ११) | भ्रष्टाचार पूँजीवादी व्यवस्थाकै दोष | – | १५ |
| १२) | नगर प्रमुख प्रजापतिसित चितवनका सांस्कृतिकर्मीहरूको भेट | – | १६ |
| १३) | पाँचतल्ले मन्दिरको झण्डाबारे गुठी संस्थान प्रमुखको ध्यानाकर्षण | – | १८ |
| १४) | भक्तपुरलाई सांस्कृतिक नगरको रूपमा संरक्षण गर्न जरुरी | – | १९ |
| १५) | भूकम्प पीडितलाई अनुदान दिने अवधि एक वर्ष थप्न माग | – | २२ |
| १६) | भनपा विश्वविद्यालय सञ्चालन गर्न सक्षम छ | – | २३ |
| १७) | विपद् व्यवस्थापन समितिको बैठक | – | २४ |
| १८) | भनपाद्वारा स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री हस्तान्तरण | – | २५ |
| १९) | दुईदिने कृषि प्राविधिक तालिम सम्पन्न | – | २६ |
| २०) | सहरी वन र नगरभित्र वृक्षारोपणबारे छलफल | – | २७ |
| २१) | विकासमा भक्तपुर मोडल | सुनिल प्रजापति | २८ |
| २२) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ३४ |
| २३) | भक्तपुर नगरपालिका नगर खेलकुदसम्बन्धी नीति २०७४ का विशेषताहरू | हरिराम सुवाल | ४६ |
| २४) | मार्क्स वाद र पूँजीवादी आर्थिक सङ्कट | प्रकाश | ४९ |
| २५) | सापारु पर्वको इतिहास | ओम धौभडेल | ५२ |
| २६) | शिक्षा र स्वास्थ्य सेवामा भक्तपुर नगरपालिका | विगोल | ५५ |
| २७) | नागरिक भावना : मीठो दही | हेमन्त | ५९ |
| २८) | सिद्ध पोखरी | डा.वीरेन्द्र प्रसाद कायस्थ | ६० |
| २९) | मल्लकालीन न्हयकं झ्या दरबार | रविन्द्र मुनंकर्मी | ६२ |
| ३०) | गोर्खाली आक्रमण र राजा रणजित मल्ल | सह प्रा.डा. बलराम कायस्थ | ६५ |
| ३१) | भक्तपुर नगरको संरचना | प्रा.डा. शिवप्रसाद धौभडेल | ७० |
| ३२) | सहरी कृषि र खाद्य सुरक्षा | सबिन ख्याजू | ७१ |
| ३३) | SKETCHES FROM NIPAL (27) | Henry Ambrose Oldfield | ७४ |
| ३४) | पाँच नगर प्रमुखहरूको संयुक्त बैठकले दिएको सन्देश (सम्पादकको पृष्ठ) | – | ८८ |


### साथमा


भक्तपुर अस्पतालको टोली भनपामा–६/भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला क्षेत्रको रूपमा विकास गर्ने–१०/भक्तपुर नगरपालिकाद्वारा सञ्चालित विभिन्न तालिमहरूको समापन र उद्घाटन–१०/कमलविनायकमा बजार अनुगमन–११/हृदयरोगसम्बन्धी प्रवचन कार्यक्रम–१२/भक्तपुर नगरपालिकाले थाल्यो सापारुको तयारी–१३/भक्तपुर नगरपालिकाद्वारा मासु पसल अनुगमन–१४/सरसफाइ कार्य सम्मानित पेशा–१६/वाचुहिटी पाटीको पुनःनिर्माण–१७/‘अनुशासित चालकका श्रम र सीपको कदर गर्नु स्वागतयोग्य’–१७/समाज अगाडि बढाउन विज्ञानको महत्त्वपूर्ण देन–१८/जनश्रमदानबाट बनेको सार्वजनिक पाटी–झ्टा प्वो फल्चा–१९/महिला स्वास्थ्यसम्बन्धी जनचेतना कार्यक्रम–२०/‘अपाङ्गता भएकालाई रोजगारी सुनिश्चित हुनुपर्दछ’–२०/नगरपालिका नगरवासीहरूको नजिकको सरकार हो–२१/भक्तपुर नपामा अधिकांश पसल दर्ता नभएको भटियो–२२/बेची ब्वङ (कुवा) क्षेत्रमा सरसफाइ–२४/बजार अनुगमनमा पसल नवीकरण र नामसारी गर्न सुझाव–२७/अरूलाई केले रोक्छ हँ ?–३३/चिनियाँ नीतिकथा:दुई जना सिकारी–५१/तपाईंको भान्सा: यी हुन् कलेजो सफा गर्ने खाद्यपदार्थ–६४/बसिबियाँलो–६९/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ–६९/नेपालको संविधान २०७२, भाग–२७,अन्य आयोगहरू (३४)–७५/भक्तपुर नगरपालिका घरदैलो नर्सिङ्ग सेवा २०७५ असार महिनाको प्रतिवेदन–७६/पुनःनिर्माणका केही तस्बिर–७७/तस्बिरमा केही गतिविधि–७८/असार महिनाको र वार्षिक पर्यटक तथ्याङ्क–७९ ।

## उपत्यकाका नगरप्रमुखहरू भक्तपुरमा

# उपत्यकाका सांस्कृतिक सम्पदा संरक्षणबारे छलफल

काठमाडौं उपत्यकाका पाँचवटा ऐतिहासिक नगरपालिकाहरू भक्तपुर नगरपालिका, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, कीर्तिपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिकाका प्रमुखहरूको संयुक्त बैठक भक्तपुर नगरपालिकाको सभाकक्षमा साउन १३ गते बस्यो ।


बैठकमा भक्तपुर नगरपालिका, प्रमुख सुनिल प्रजापति, काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य, ललितपुर मानगरपालिकाका चिरिबाबु महर्जन, मध्यपुर थिमी नपाका मदनसुन्दर श्रेष्ठ, कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, भनपाका उपप्रमुख रजनी जोशी, भनपाका वडाअध्यक्षद्वय रविन्द्र ज्याख्व र उकेश कवां, कीर्तिपुर नपाका वडाअध्यक्षद्वय हर्ष महर्जन र राजेन्द्र महर्जनको उपस्थिति थियो ।

सो बैठकले काठमाडौं उपत्यकामा अवस्थित पुरातात्त्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेका संरचनाहरू जनसहभागिता जुटाई पुनः निर्माण गर्न जोड दिने, उपत्यकामा रहेका ऐतिहासिक तथा सम्पदाहरू प्राप्त ऐतिहासिक प्रमाणहरूको आधारमा अध्ययन अनुसन्धान गर्दै परम्परागत मौलिक शैलीमा नै पुनःनिर्माण गर्न जोड दिने, उपत्यकाका प्राचीन सहरहरू समेटेर सांस्कृतिक संरक्षित केन्द्र घोषणा गराउन सबै नगरपालिकाहरूले आ–आफ्नो क्षेत्रबाट पहल गर्ने निर्णय गऱ्यो । बैठकले काठमाडौं उपत्यकाका ऐतिहासिक नगरपालिकाहरूबीच अन्तर नगर सांस्कृतिक आदानप्रदानमा जोड दिने पनि निर्णय गऱ्यो ।

टोलीमा संलग्न प्रमुखहरूले भक्तपुर टौमढी क्षेत्र, ख्वप कलेज, ख्वप बहुप्राविधिक अध्ययन संस्थान र इञ्जिनियरिङ कलेजको अवलोकन गर्नुभएको थियो ।




तस्बिरमा क्रमशः बायाँबाट मथिनपाका मदनसुन्दर श्रेष्ठ, काठमाडौं महानपाका विद्यासुन्दर शाक्य, भक्तपुर नपाका सुनिल प्रजापति, उपमेयर रजनी जोशी, कीर्तिपुर नपाका रमेश महर्जन र ललितपुर महानपाका चिरिबाबु महर्जन



निर्णयहरु

आज मिति २०७५ श्रावण १३ गते आईतबार काठमाण्डौं उपत्यकाका पांचवटा ऐतिहासिक नगरपालिकाहरु भक्तपुर नगरपालिका, काठमाण्डौं महानगरपालिका, ललितपुर महानगरपालिका, किर्तिपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिकाका प्रमुखहरुको संयुक्त बैठक भक्तपुर नगरपालिकाको सभाकक्षमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो :

१. काठमाण्डौं उपत्यकामा अवस्थित पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेका संरचनाहरु जनसहभागिता जुटाई पुनः निर्माण गर्न जोड दिने ।

२. काठमाण्डौं उपत्यकामा रहेका ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरु प्राप्त ऐतिहासिक प्रमाणहरुको आधारमा अध्ययन अनुसन्धान गर्दै परम्परागत मौलिक शैलीमा नै पुनः निर्माण गर्न जोड दिने ।

३. काठमाण्डौं उपत्यकाका प्राचीन शहरहरु समेटेर सांस्कृतिक संरक्षित केन्द्र घोषणा गराउन सबै नगरपालिकाहरुले आ–आफ्नो क्षेत्रबाट पहल गर्ने ।

४. काठमाण्डौं उपत्यकाका ऐतिहासिक नगरपालिकाहरुबीच अन्तर नगर सांस्कृतिक आदान प्रदानमा जोड दिने ।

# जनस्वास्थ्य केन्द्रमा अल्ट्रासाउण्ड सेवा शुभारम्भ

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्र च्याम्हासिंहमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले असार ४ गते भिडियो एक्स-रे (अल्ट्रासाउण्ड) सेवाको उद्घाटन गर्नुभयो।




कार्यक्रममा पार्टी अध्यक्ष बिजुक्छेंले भिडियो एक्स-रे भनेको औषधि उपचार नभई रोग पत्ता लगाउने विधि भएको हुँदा जनस्वास्थ्य सेवा केन्द्रका डाक्टर तथा स्वास्थ्यकर्मीहरूले बिरामीहरूलाई सजिलै बुझ्ने तरिकाले सेवा प्रवाह गर्न आग्रह गर्नुभयो।

निजी स्वास्थ्य संस्थाहरूको सेवा महँगो भएकोले जनस्वास्थ्य सेवा केन्द्रले कम शुल्कमा राम्ररी स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने बताउँदै उहाँले बिरामीहरूसँग नरम र शिष्ट व्यवहार गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख तथा ख्वप बहु-प्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिका क्षेत्रका सबै वडामा नर्सिङ सेवा सुरू गरिसकेको जानकारी दिँदै नगरपालिका र वरिपरिका जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न जनस्वास्थ्य सेवा केन्द्रलाई अस्पतालमा स्तरोन्नति गरी ख्वप अस्पताल सञ्चालनको लागि पूर्वाधार निर्माण गर्न बजेट विनियोजन गरिसकेको र यसै वर्षदेखि निर्माण कार्य सुरू गर्ने बताउनुभयो।

सर्वसाधारण जनतालाई कम शुल्कमा गुणस्तरीय उपचार सेवा दिन ख्वप अस्पताल सञ्चालन गर्न लागेको उहाँले बताउनुभयो। जनस्वास्थ्य सेवा केन्द्रमा आउने बिरामीहरूलाई भिडियो एक्स-रे सेवा उपलब्ध गराउन नसक्दा महँगो शुल्कमा निजी स्वास्थ्य केन्द्रहरूमा जानुपर्ने बाध्यता भएको कारण बिरामीहरूको अनुरोध र समयको मागअनुसार भिडियो एक्स-रे सेवा सुरू गर्न लागेको उहाँले प्रस्ट पार्नुभयो।

वडाध्यक्ष रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले मुनाफाको लागि नभई सर्वसाधारण जनताको निःस्वार्थ सेवाको लागि क्रमशः अरू सेवाहरू पनि थप गर्दै जाने जानकारी गराउनुभयो।

ख्वप बहु-प्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा डा. सुन्दर सुवाल र डा. विकेश त्वातीले भिडियो एक्स-रे सेवाबारे जानकारी गराउनुभएको थियो। कार्यक्रममा सञ्चालक समितिका सदस्यहरू, नगरपालिकाका जनप्रतिनिधिहरू, नर्स तथा महिला स्वास्थ्य स्वयंसेविकाहरू तथा सर्वसाधारण जनताको उपस्थिति थियो।



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) जनस्वास्थ्य केन्द्रमा सञ्चालनमा आएको अल्ट्रासाउण्ड मेसिन अवलोकन गर्नुहुँदै

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस्।**

# ललितपुर मनपाका जनप्रतिनिधिहरू भनपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग साउन २१ गते ललितपुर महानगरपालिकाका जनप्रतिनिधि एवं सामाजिक विकास समितिका पदाधिकारीहरूले नगरपालिका सभाकक्षमा भेटघाट गर्नुभयो । महानगरपालिकाका वडाध्यक्ष एवं समितिका संयोजक दिनेश कार्कीको नेतृत्वमा आएको टोलीलाई स्वागत गर्दै नगर प्रमुख प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित जनस्वाथ्य केन्द्रमार्फत् दैनिक ३ सयको हाराहारीमा बिरामीहरूले उपचार सेवा पाइरहेको बताउनुभयो ।



भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र ललितपुर महानगरपालिकाका जनप्रतिनिधि एवं सामाजिक विकास समितिका पदाधिकारीहरूसँग भएको छलफल कार्यक्रम

उहाँले केन्द्रमा ९ जना विशेषज्ञ डाक्टरसहित २३ जना डाक्टरहरूले विभिन्न रोगको उपचार गरिरहेको र अहिले आधुनिक सुविधासहितको इमर्जेन्सी सेवासँगै भिडियो एक्सरे सेवा समेत सञ्चालन गरिरहेको चर्चा गर्दै नगरपालिका आफैंले ख्वप अस्पताल सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी गराउनुभयो ।

नगरवासी नयाँ पुस्तालाई पूर्व प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मको शिक्षा भक्तपुरमै दिलाउन नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिएको प्रमुख प्रजापतिको भनाइ थियो ।

महानगरपालिकाको टोलीको नेतृत्वकर्ता वडाध्यक्ष कार्कीले भक्तपुर नगरपालिकाले वडा वडामा नर्स र स्वास्थ्य स्वयम्सेविकाहरूमार्फत् घर–घरमा नर्सिङ सेवा प्रदान गरिरहेको अनुकरणीय भएको बताउनुभयो । जनस्वास्थ्य क्षेत्रमा भक्तपुरका सकारात्मक गतिविधिहरूबाट आफूहरू सिक्न आएको उल्लेख गर्दै उहाँले ललितपुरमा एउटा अस्पताल मात्र सरकारी र बाँकी २२ वटा अस्पतालहरू निजी रूपमा सञ्चालन भएको तर नगरवासीहरूले सहज रूपमा स्वास्थ्य उपचार पाउन नसकेको भन्नुभयो ।

टोलीका अर्का सदस्य स्वास्थ्य अधिकृत सरिता महर्जनले ललितपुरमा प्रत्येक वडामा वडा स्वास्थ्य कार्यान्वयन समितिमार्फत् वडा दैनिक क्लिनिक सञ्चालन गरिरहेको जानकरी दिनुभयो ।

भेटमा नगरपालिकाका उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरू रविन्द्र ज्याख्व, उकेश कवां र प्रेमगोपाल कर्माचार्य तथा कार्यपालिका सदस्य छोरीमैयाँ सुजखू पनि उपस्थित हुनुहुन्थ्यो ।



भक्तपुरको श्रृजनानगर क्षेत्रमा प्राकृतिक प्रकोपबाट प्रभावित स्थानहरूलगायत हनुमन्ते पुलको निरीक्षण गर्नुहुदैं भक्तपुर नगरपालिका उप–प्रमुख रजनी जोशीलगायत (२०७५/०५/२०)

# केयुकेएलले जनतालाई खानेपानी आपूर्ति गर्न सकेन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित काठमाडौं उपत्यका खानेपानी लि. (केयुकेएल) का निर्देशक महेश भट्टराई र काठमाडौं उपत्यका खानेपानी बोर्डका निर्देशक सञ्जिवविक्रम राणाले साउन २० गते भेट गर्नुभयो।



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसित काठमाडौं उपत्यका खानेपानी लि. (केयुकेएल) का निर्देशकको भेट

भेटमा भनपा प्रमुख सुनिल प्रजापतिले खानेपानी वितरणको जिम्मा पाएका केयुकेएलले जनतालाई खानेपानी आपूर्ति गर्न नसकेको, ढल निकासको काम नगरपालिकाले गर्दै आए पनि खानेपानीले नै ढलको शुल्क उठाउँदै आएकोमा आपत्ति जनाउनुभयो।

उहाँले भन्नेभयो– 'कि ढल निकासको राम्रो व्यवस्था गर्नुपऱ्यो होइन भने ढलको पैसा नगरपालिकामा पठाउनुपऱ्यो, यो हिसाबले जनतासँग पैसा उठाउनु उचित छैन भन्नुभयो।'

उहाँले नगरकोटको पानी वर्षाको समयमा अत्यन्तै फोहर हुने भएकोले केयुकेएलले त्यसबारे ध्यानु दिनुपर्ने बताउँदै भनपा वडा नं. १ स्थित भक्तपुर क्याम्पसको दक्षिणतिर रहेको बोरिङको पाइप सफा गर्नुपर्नेमा जोड दिनुभयो।

केयुकेएलका निर्देशक महेश भट्टराईले सरकारले केयुकेएलको आवश्यकताभन्दा थोरै मात्र बजेट पठाएकोले काम गर्न अप्ठेरो परेको र बाँसबारीको खानेपानी ट्यांकीको क्षमता वृद्धि तथा फिल्टरको व्यवस्था गर्न खोजिरहेको जानकारी दिनुभयो।

भेटघाटपछि साउन २२ गतेदेखि भक्तपुरमा आउने खानेपानीको परीक्षण सुरु गर्ने र भक्तपुर क्याम्पसको दक्षिणतिर रहेको दिपबोरिङको पाइप सफा गर्न निर्देशकद्वय सहमत हुनुभएको छ।

भेटमा उपप्रमुख रजनी जोशी र भनपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांको पनि उपस्थिति थियो।

# भक्तपुर अस्पतालको टोली भनपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित भक्तपुर अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. अतीत पौडेलले साउन १५ गते भेट गर्नुभयो।

नगरपालिका कार्यकक्षमा भएको भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुर अस्पतालका डा. पौडेललाई स्वागत गर्दै अस्पतालप्रति जनविश्वास बढाउन चिकित्सकहरूले सेवाको भावनाले काम गर्नुपर्ने बताउनुभयो।

भक्तपुर अस्पताल देशकै पुरानोमध्येको एक अस्पताल भएर पनि स्थानीय जनताको मन जित्न नसक्नु समस्या भएको बताउँदै भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा सुरु गरेको, ३ वटा स्वास्थ्य केन्द्रबाट जनतालाई सेवा दिइरहेको र २५ शैय्याको अस्पताल खोलेर जनताको सेवा गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो।

डा. पौडेलले भक्तपुर नगरपालिकाको स्वास्थ्य सेवाबाट आफू प्रभावित भएको बताउँदै अस्पतालमा स्थानीय जनताको विश्वास जित्न र सेवाको भावनाले काम गर्न आफू सधैं तयार भएको बताउनुभयो।

भेटमा स्वास्थ्य क्षेत्रमा स्थानीय जनताको बढीभन्दा बढी सेवा गर्न के कस्ता उपायहरू अपनाउनुपर्छ भन्नेबारे छलफल भएको थियो।



प्रमुख सुनिल प्रजापति र भक्तपुर अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. अतीत पौडेलबीच भेट

# न्हयकं भ्र्य: दरबार मल्लकालीन शैलीमा बनाउन मन्त्रालय सहमत

भक्तपुरको दरबारक्षेत्रस्थित ऐतिहासिक न्हयकं भ्र्यः दरबार (राष्ट्रिय कला सङ्ग्रहालय रहेको भवन र लाल बैठक) पुन:निर्माणसम्बन्धी भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव कृष्णप्रसाद देवकोटा र पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहालबीच साउन ८ गते बैठक बस्यो ।

बैठकले दरबारसँग सम्बन्धित ऐतिहासिक प्रमाणहरूको आधारमा मल्लकालीन शैलीमा नै पुनः निर्माण गर्न युनेस्कोको प्रधान कार्यालय पेरिसमा अनुमतिका लागि पुरातत्त्व विभागमार्फत् अनुरोध पत्र पठाउने निर्णय गऱ्यो । हाल दरबारको आधा भाग मल्लकालीन शैलीमा तथा बाँकी आधा भाग युरोपेली शैलीमा निर्माण गरिएको छ । राणा शासनकालमा दरबारको पूर्वी आधा भागलाई युरोपेली शैलीमा पुन:निर्माण गरिएको थियो ।



भक्तपुरको दरबार क्षेत्रस्थित ऐतिहासिक न्हयकं भ्र्यः दरबार (राष्ट्रिय कला सङ्ग्रहालय रहेको भवन र लाल बैठक) पुनः निर्माणसम्बन्धी बैठक

२०७२ सालको भूकम्पबाट क्षति पुगेको उक्त दरबार पुनः निर्माणका लागि पुरातत्त्व विभागले ठेक्कासमेत दिइसकेको अवस्थामा नगरपालिकाले विश्व सम्पदा क्षेत्रमा रहेको ऐतिहासिक दरबारलाई मल्लकालीन शैलीमा नै निर्माण गर्नुपर्ने धारणा राखेको थियो । नगरपालिकाले दरबारका ऐतिहासिक प्रमाण तथा चित्रहरू सङ्कलन गरी सम्पदाकै रूपमा संरक्षण गर्न विस्तृत नक्सा डिजाइनसहित विज्ञहरूबीच छलफल गरेको थियो । छलफल र अध्ययनको निचोड अनुसार दरबारको सम्पूर्ण भाग मल्लकालीन शैलीमा पुनः निर्माण गर्न मन्त्रालय र विभाग सहमत भएको थियो ।

युनेस्कोबाट अनुमति प्राप्त भएपछि दरबार पुनः निर्माणको लागि विनियोजित बजेट नगरपालिकाको बैङ्क खातामा जम्मा गरी नगरपालिका र पुरातत्त्व विभागको संयुक्त पहलमा उपभोक्ता समितिमार्फत उक्त दरबार पुनः निर्माण गरिने विषयमा सकारात्मक छलफल भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुरको सम्पदा संरक्षण कार्यमा ठेक्कापट्टा प्रक्रिया प्रत्युत्पादक भएका विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै प्रमुख प्रजापतिले स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत गरिएका निर्माणहरू बलियो, भरपर्दो, टिकाउ र कम लागतमा बनेको उल्लेख गर्नुभयो । 'भक्तपुरमा उपभोक्ता समितिमार्फत सम्पदा संरक्षण गर्नुपर्नेमा मन्त्रालय पनि सकारात्मक छ', उहाँले भन्नुभयो ।

प्रसिद्ध पचपन्न झ्याले दरबार भक्तपुर नगरपालिका र पुरातत्त्व विभागले संयुक्त रूपमा उपभोक्ता समितिमार्फत पुनः निर्माण गरिएको र २०७२ को विनासकारी भूकम्पमा समेत कुनै क्षति नपुगेको प्रमुख प्रजापतिको भनाइ थियो । उहाँले ठेक्कामा बनाइएका सम्पदाहरू सम्पन्न भएको महिनादिन नपुग्दै चिरा पर्न थालेको र कच्चा भएको जनगुनासो रहेको चर्चा गर्दै भक्तपुरवासीहरू सम्पदा संरक्षणमा जागरुक र सचेत भएको बताउनुभयो ।

बैठकले दरबार क्षेत्रस्थित मालती चोकको पश्चिमतर्फको भवन पुरातत्त्व विभागमार्फत टेण्डर गरी पुनः निर्माणसमेत भइरहेको हुँदा अहिले पुनः निर्माण भइरहेको भागमात्र टेण्डरमार्फत गराउने र बाँकी भाग नगरपालिकामार्फत पुनः निर्माण गराउने निर्णयसमेत भएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

बैठकमा नगरपालिकाको तर्फबाट वडाध्यक्षहरू रविन्द्र ज्याख्व र उकेश कवां, सम्पदा शाखा प्रमुख आर्किटेक्ट रामगोविन्द श्रेष्ठ र प्रशासन प्रमुख अम्बिका धौभडेल उपस्थित हुनुहुन्थ्यो ।

त्यस्तै मन्त्रालय तथा पुरातत्त्व विभागको तर्फबाट डिभिजन इन्जिनियर सम्पत घिमिरे, राष्ट्रिय कलासङ्ग्रहालयका प्रमुख सरस्वती सिंह, स्मारक संरक्षण तथा दरबार हेरचाह प्रमुख मोहनसिं लामा, इन्जिनियर मोहनकृष्ण श्रेष्ठ, अधिकृतहरू प्रतिमा रञ्जित र रामप्रसाद कँडेल उपस्थित हुनुहुन्थ्यो ।

# भक्तपुर नगर पूर्ण खोप सुनिश्चित

नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले असार २२ गते जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सामाजिक कार्यकर्ता, स्वयम्सेवी र सञ्चारकर्मीहरूको एक विशेष समारोहबीच भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई पूर्ण खोप नगरपालिकाको प्रमाणपत्र हस्तान्तरण गर्दै अतिथि सुवालले पूर्ण खोप सुनिश्चित गर्न अहिलेझैं सधैं खोप अभियान सञ्चालन गरिरहनुपर्नेमा जोड दिनुभयो ।

प्रत्येक वडाका वडाध्यक्षहरूलाई पनि पूर्ण खोप वडाको प्रमाणपत्र हस्तान्तरण गर्दै सांसद सुवालले भनपालाई भ्रष्टाचारमुक्त, सदाचारको नगर, बालश्रममुक्त, पूर्ण रोजगारीको सुनिश्चित गर्ने र गराउनेतर्फ पहल गर्नुपर्ने उल्लेख गर्नुभयो ।

नाफा र निजीकरणलाई जोड दिने पूँजीवादी व्यवस्थामा देशभरका जनताले पूर्ण स्वास्थ्य सेवा नपाउने चर्चा गर्दै उहाँले स्वास्थ्य सेवा नि:शुल्क गर्न समाजवादी व्यवस्था अपरिहार्य रहेको उल्लेख गर्नुभयो ।

सत्तासीन दलका नेता, मन्त्री र मन्त्रीपत्नीहरूले सानो रोगको उपचार गर्न सरकारी खर्चमै विदेश जाने तर सर्वसाधारण जनताले जीवनजल र सिटामोल पनि नपाउने सरकारी बन्दोबस्तको निन्दा गर्दै सांसद सुवालले विदेशमा उपचार गर्न नपर्ने गरी सुविधासम्पन्न प्रदेश र जिल्लास्तरीय अस्पतालको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

देश भ्रष्टाचारको दलदलमा फसिरहेको र लुटपाट भइरहेको हुँदा सरकारको समृद्धिको नारा खोक्रो सावित भएको चर्चा गर्दै उहाँले शिक्षा, स्वास्थ्य, बैङ्किङ, यातायात, खानेपानी, सुरक्षा, प्रहरी, सेना आदि निजीकरण गर्न नहुने औंल्याउनुभयो ।

जनताको कर मन्त्री र नेताहरूको पेवा बन्न नहुने औंल्याउँदै उहाँले भन्नुभयो, 'अर्थमन्त्रीको बजेट भाषण सार्वजनिक हुनेबित्तिकै हुने बजार भाउ वृद्धि रोकिनुपर्छ, प्रगतिशील कर लागू गरिनुपर्छ, मन्त्रीको खल्तीबाट योजना ल्याउने भए योजना आयोगको के अर्थ रह्यो ? कोटेश्वरमा हुने सडकजाम रोक्न वैकल्पिक बाटो बनाइनुपर्छ ।'

भनपाका प्रमुख एवं कार्यक्रमका सभापति सुनिल प्रजापतिले कुनै पनि बालबालिका खोपबाट वञ्चित नहोऊन् भन्ने ध्येयले सबैले आ–आफ्नो स्थानबाट सक्दो सहयोग गर्नुपर्ने विचार राख्दै स–साना कुरामा पनि विदेशी सहयोग ताक्ने बानी छोड्नुपर्छ भन्नुभयो ।

एनजीओ र आईएनजीओप्रति भनपा सचेत रहेको औंल्याउँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'राज्य जिम्मेवार र संवेदनशील नहुँदा देशको जनशक्तिको सही उपयोग हुन नसकेकोले विज्ञ चिकित्सक र नर्स बाध्य भएर विदेशिरहेका छन् ।'

संविधानमा आधारभूत स्वास्थ्य सेवा पाउने उल्लेख भए तापनि व्यवहारमा लागू हुन नसकेको औंल्याउँदै उहाँले भक्तपुर नगरलाई पूर्ण खोप सुनिश्चित नगरपालिका बनाइराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



सांसद सुवाल भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा कार्यक्रममा प्रमुख प्रजापतिलाई पूर्ण खोप नपाको प्रमाणपत्र हस्तान्तरण गर्नुहुँदै

भनपाका उपप्रमुख रजनी जोशीले स्वस्थ भएर जिउने नागरिकको जन्मसिद्ध अधिकार लागू भए समृद्ध नगरमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

ज्ञान, विज्ञान र शिक्षाको केन्द्र बनाउने अभियानमा भनपा लागेझैं स्वास्थ्य उपचार गर्ने केन्द्र बनाउन भनपा लागिरहने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

# महान्यायाधिवक्ता खरेल भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित महान्यायाधिवक्ता अग्नी खरेलले भेट गर्नुभयो।

साउन ९ गते नगरपालिका कार्यकक्षमा भएको भेटमा प्रमुख प्रजापतिले भक्तपुरमा स्वागत गर्न पाएकोमा खुशी व्यक्त गर्दै नगरवासीहरूको हितमा काम गर्ने सिलसिलामा देखापरेका कानुनी समस्याहरूबारे महान्यायाधिवक्ता खरेललाई जानकारी गराउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाको शिक्षा, स्वास्थ्य क्षेत्रमा गर्दै आएको कामहरूबारे जानकारी गराउँदै भनपा वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा नगरपालिकालाई प्राप्त भएमा ख्वप विश्वविद्यालय स्थापना गरी टिचिङ्ग अस्पतालसहित मेडिकल कलेज सञ्चालन गरी सस्तोमा डाक्टर पढाउन नगरपालिकाले तयारी गरिरहेको र सोको लागि आवश्यक सहयोगको लागि आग्रह गर्नुभयो।

पूर्वकानुनमन्त्री समेत रहिसक्नुभएका महान्यायाधिवक्ता खरेलले आफू कानुनमन्त्री भएकै बेला ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाएको बताउँदै आफ्नो तर्फबाट सक्दो सहयोग गर्न तयार छु भन्नुभयो।

उहाँले भक्तपुर जिल्ला अदालत दरबार क्षेत्रबाट भनपा वडा नं. ९ स्थित तुमचो दुगुरे जग्गा एकीकरण आवास आयोजना सर्ने निश्चित भएकोले अदालतकै नजिक पायक पर्ने ठाउँमा सरकारी वकिल कार्यालयको लागि प्रचलित मूल्यमा जग्गा उपलब्ध गराउन प्रमुख समक्ष आग्रह गर्नुभयो। उहाँले हाल रहेको सरकारी वकिल कार्यालय अदालतबाट टाढा हुने भएकोले पछि समस्या हुने देखिएकोले यसबारे नगरपालिका सकारात्मक हुने अपेक्षा व्यक्त गर्नुभयो।

भेटघाट पछि नगर प्रमुख प्रजापति, महान्यायाधिवक्ता खरेलसहितको टोलीले तुमचो दुगुरेस्थित जिल्ला अदालत निर्माण स्थलको स्थलगत अवलोकन गर्नुभएको थियो।



प्रमुख सुनिल प्रजापति, महान्यायाधिवक्ता खरेलसहितको टोलीले तुमचो दुगुरेस्थित जिल्ला अदालत निर्माण स्थलको स्थलगत अवलोकन गर्नुहुँदै

भेटमा भनपा ९ नं. वडाअध्यक्ष रविन्द्र ज्याख्व, नायब महान्याधिवक्ता बद्रीप्रसाद गौत्तम, जिल्ला न्यायाधिवक्ता चन्द्रकुमार पोखरेल, उपन्यायधिवक्ता ज्ञानप्रसाद भुसाल र शाखा अधिकृत प्रतिभा दाहाल उपस्थित हुनुहुन्थ्यो।

---

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नुअघि नै रोकथाम गर्नुपर्नेमा जोड दिँदै निजी क्षेत्र पोषण गरेर सरकारी रकम सिध्याउने कामदेखि सतर्क हुनुपर्छ भन्नुभयो।

महामारी रोगको नियन्त्रणमा सुधार भए पनि रोग भयावहको स्थितिमा रहेको चर्चा गर्दै उहाँले हुनेखाने र हुँदा खानेबीचको असमान दूरीले पनि उपचार गर्न नसकेर अकालमा मृत्यु भइरहेको बताउनुभयो।

बाल स्वास्थ्य महाशाखा खोप शाखाका प्रमुख डा. झलक गौतमले खोप अभियानबारे चर्चा गर्दै बिफर उन्मूलन भइसकेको र अब दादुरा र पोलियो उन्मूलनमा अगाडि बढिरहेको बताउनुभयो।

उहाँले सुगम-दुर्गम, सहर-गाउँ र धनी-गरिब सबैलाई उही गुणस्तरको खोप दिइरहेको उल्लेख गर्नुभयो।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख कृष्णबहादुर चन्दले केही रोग उन्मूलन गर्न नियमित खोप अझै आवश्यक रहेको बताउनुभयो। भनपाबाट सञ्चालित जनस्वास्थ्य केन्द्रका प्रमुख डा. रत्नसुन्दर लासिवाले खोप अभियानको चर्चा गर्नुभयो भने वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले खोप अभियानको प्रगतिबारे जानकारी दिनुभयो।

# भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला क्षेत्रको रूपमा विकास गर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा साउन १३ गते भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू र भक्तपुर उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरूबीच बैठक बस्यो।

बैठकले भक्तपुर नगरपालिकाभित्र सञ्चालित उद्योग वाणिज्य सङ्घमा दर्ता भएका उद्योगहरूसँग कर र घर बहाल कर उठाउन भक्तपुर उद्योग वाणिज्य सङ्घले सहयोग गर्ने र भक्तपुर औद्योगिक क्षेत्रलाई अर्को ठाउँमा स्थानान्तरण गरी सो क्षेत्रलाई हस्तकला क्षेत्रको रूपमा विकास गर्न संयुक्त पहल गर्ने निर्णय गरेको छ।



भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू र भक्तपुर उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरूबीच सम्पन्न बैठक

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले नगरपालिकाको नीति तथा कार्यक्रममा पर्यटनलाई विशेष महत्त्व दिएको बताउनुभयो। उहाँले भक्तपुरमा सांस्कृतिक सङ्ग्रहालय निर्माण गर्ने, दरबार क्षेत्रमा बत्तीको व्यवस्थापन गर्ने, नगरभित्र मूल सडकमा ढुङ्गा छाप्नेलगायतका कामहरू गर्ने नीति रहेको बताउनुभयो।

नगरवासीहरूलाई करको दायरामा ल्याउन नगरपालिकाले गरिरहेको पहललाई उद्योग वाणिज्य सङ्घको तर्फबाट सहयोग गर्न उहाँले आग्रह गर्नुभयो।

भक्तपुर नगरपालिकाले शिशुशालादेखि विश्वविद्यालय स्थापना गर्नेमा जोड दिँदै आएको जानकारी गराउँदै प्रमुख प्रजापतिले नगरपालिकाको हरेक कार्यमा नगरवासीहरूको साथ र सहयोग प्राप्त भइरहेकोले आफूहरू उत्साहित भएको बताउनुभयो।

भक्तपुर उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरूले भक्तपुर नगरपालिकाले व्यवसायिक कृषिमा जोड दिनुपर्ने, निर्यातमुखी हस्तकला र दिगो पर्यटनमा जोड दिनुपर्ने, औद्योगिक क्षेत्रलाई हस्तकला ग्रामको रूपमा अगाडि ल्याउन सहयोग गर्ने, नगरभित्र आर्थिक गतिविधि बढाउने, भक्तपुर सडक महोत्सवलाई निरन्तरता दिने आदि कुराहरूमा भक्तपुर नगरपालिका र उद्योग वाणिज्य सङ्घबीच सहकार्य गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीलगायत भनपाका जनप्रतिनिधिहरू र उद्योग वाणिज्य सङ्घको तर्फबाट सङ्घका अध्यक्ष रामप्रसाद प्रजापतिलगायत पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

# भक्तपुर नगरपालिकाद्वारा सञ्चालित विभिन्न तालिमहरूको समापन र उद्घाटन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित सिलाइ तथा चिनियाँ भाषाको तालिम समापन तथा काष्ठकला र हेयर कटिङ तालिमको एक समारोहबीच साउन १० गते उद्घाटन गर्नुभयो। प्रमुख प्रजापतिले तालिमको सार पाउन तालिमबाट प्राप्त ज्ञान र सीप व्यवहारमा लागु गर्नुपर्नेमा जोड दिनुभयो।

भनपाका उपप्रमुख रजनी जोशीले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने सोचलाई चिनियाँ भाषा प्रशिक्षणले टेवा पुर्‍याउने बताउनुभयो।

भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले नगरपालिका अब स्थानीय सरकार भएकोले नगरपालिकाको सूचना जनतामाझ पुर्‍याउने र जनताका कुरा नगरपालिकामा पुर्‍याउने माध्यमको रुपमा प्रशिक्षार्थीहरूले सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक रोशनमैया सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोरा र कार्यपालिका सदस्य सरिना द्योलाले पनि बोल्नुभएको थियो।

कार्यक्रममा सिलाई र चिनियाँ भाषाका प्रशिक्षार्थीहरूलाई प्रमुख सुनिल प्रजापतिले पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

# नगर शिक्षा ऐन, २०७४ को अभिमुखीकरण

भक्तपुर नगरपालिकाको आयोजनामा साउन १४ गते भक्तपुर नगरपालिकाको शिक्षा ऐन, २०७४ बारे नगरका विद्यालयका प्रधानाध्यापकहरूबीच अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।



भक्तपुर नगरपालिकाको शिक्षा ऐन, २०७४ बारे नगरका विद्यालयका प्रधानाध्यापकहरूबीच अभिमुखीकरण कार्यक्रममा नपाका प्रमुख र उपप्रमुख अघिल्लो पंक्तिमा

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नपाले सबै विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न तथा स्थानीय जनताप्रति उत्तरदायी बनाउन व्यापक छलफलपश्चात् भक्तपुर नपाको शिक्षा ऐन, २०७४ प्रकाशन गरेको बताउनुभयो।

नेपाल सरकारले स्थानीय सरकारलाई शिक्षाको जिम्मेवारी दिएकोले भक्तपुर नगरपालिका त्यस जिम्मेवारीलाई वहन गर्दै अझ शिक्षामा नयाँ फड्को मार्न तयार रहेको बताउनुभयो। भक्तपुर नगरपालिकाको शिक्षा ऐन, २०७४ आगामी दिनमा विद्यालयका शिक्षकहरूबाट प्राप्त हुने रचनात्मक सल्लाह सुझावहरूबाट परिमार्जन हुँदै जाने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नगरपालिकाले नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुसार काम गर्दै आएको बताउनुहुँदै जनप्रतिनिधिहरूले एक वर्षको क्रममा विभन्नि विकासका पूर्वाधारहरू बनाएको चर्चा गर्नुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष तथा विधायन समितिका सदस्य रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाको शिक्षा ऐन, २०७४ ले व्यवस्था गरेको विभिन्न व्यवस्थाबारे प्रस्तुतिकरण गर्नुभएको थियो।

अभिमुखीकरण कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, भनपा वडा नं. ६ का वडाध्यक्ष तथा विधायन समितिका संयोजक हरिराम सुवाल र नगर शिक्षा प्रमुख के.पी. कर्माचार्यले पनि शिक्षा ऐनबारे चर्चा गर्नुभयो।

# कमलविनायकमा बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा साउन १५ गते कमलविनायकमा रहेको खाद्य तथा होटल पसलमा अनुगमन गरियो।

अनुगमनले विनायक किराना कन्सर्नमा सरसफाइ गर्न म्याद नाघेको चाट मसलालगायतका सामान हटाउनुपर्ने, विनायक मिठाई भण्डारमा किचेन सरसफाइ गर्नुपर्ने र चिम्नी राख्नुपर्ने, राजकुमार किराना पसलमा सरसफाइमा ध्यान दिने र साइनबोर्ड राख्न, श्यामकृष्ण कोण्डाको खुद्रा पसलमा पेटीको सामान र फ्रिज एक हप्ताभित्र हटाउन, जितगोपाल श्रेष्ठको पसलमा एप्रोन प्रयोग गर्न र खानेकुरा जाली छोपेर राख्न, मूल्यसुचि राख्न सुझाव दियो।

त्यस्तै के.बी.स्टोरमा पसल दर्ता गर्न पेटी र पेटीमुनिको समान हटाउन र मुल्यसुचि राख्न, रुद्रप्रसाद प्रजापतिको पकाएको खानेकुरा पसलमा सरसफाइमा ध्यान दिनुपर्ने र मुल्यसुचि राख्नुपर्ने, श्यामबहादुर तामाङको खाजा पसलमा तीन दिनभित्र पसल दर्ता गर्नुपर्ने, सरसफाइमा ध्यान दिनुपर्ने र फ्रिज सफा राख्नुपर्ने, शिखर एण्ड स्टोर पसल तत्काल दर्ता गर्न, सरसफाइ गर्न, मुल्यसुचि राख्नुपर्ने, बजगाई भोजनालय एण्ड खाजा घर तीन दिनभित्र दर्ता गर्न, क्यालिफोर्निया नेपाली खाजा घर नवीकरण गर्न, सरफाई गर्न, मुल्यसुचि राख्नुपर्ने, खानेकुरा जालीले छोप्नुपर्ने सुझाव दिएको अनुगमन समितिका वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू हरिराम सुवाल, भनपा श्यानिटेशनका दिलिपकुमार सुवाल, रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालयका रविचन्द्र मिश्र, भक्तपुर उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, राष्ट्रिय महानगरीय प्रहरी परिसरका राजबहादुर डगौरा, जनस्वास्थ्य कार्यालयका धनञ्जय आर्चाय, उपभोक्ता मञ्च र पत्रकारहरूको सहभागिता रहेको थियो।

# हृदयरोगसम्बन्धी प्रवचन कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रोग लागेपछि उपचार गर्नुभन्दा रोगसम्बन्धी जनचेतना जगाउनु महत्त्वपूर्ण भएको बताउनुभयो ।

नेपाल हृदय रोग प्रतिष्ठान भक्तपुर शाखाको आयोजनामा साउन १२ गते सम्पन्न मुटु रोगसम्बन्धी प्रवचन कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले स्वास्थ्यलाई प्राथमिकतामा राखेर घर-घरमा नर्सिङ सेवा, आयुर्वेदिक उपचार सेवा गर्दै आएकोमा अब ख्वप अस्पताल खोलेर बढीभन्दा बढी जनताको सेवातर्फ लागिरहेको प्रस्ट पार्नुभयो ।

उहाँले प्राप्त रिपोर्टको आधारमा भक्तपुर नगरपालिका क्षेत्रमा उच्च रक्तचाप, चिनी रोग, दमखोकीजस्ता रोगीहरूको सङ्ख्या वृद्धि भएको बताउँदै त्यसलाई न्यूनीकरण गर्दै लान नगरपालिकाले जनचेतनामूलक कार्यक्रम गरिरहेको बताउनुभयो ।

भक्तपुरमा मुटु रोगको शल्यक्रियाको व्यवस्था भएकोमा खुसी व्यक्त गर्दै प्रमुख प्रजापतिले राम्रो जनशक्ति परिचालन गरी अस्पतालले बिरामी र त्यसका परिवारहरूको विश्वास जित्न आवश्यक छ भन्नुभयो ।

डा. सम्पूर्ण तुलाधरले भक्तपुरमा मुटु रोगको उपचारको व्यवस्था गर्ने क्रममा कतिपय शीर्ष डाक्टरहरूले नै अवरोध खडा गरिरहेको बताउँदै मुटु रोगको शल्यक्रिया गर्ने करोडौंको सामान जनशक्तिको अभावमा थन्क्याएर राख्नुपर्ने अवस्था रहेको चर्चा गर्नुभयो ।

उहाँले आफ्नो जन्मभूमिको सेवा गर्न विदेशमा भएका सुखसुविधा त्यागेर नेपालमै काम गर्न आएको बताउँदै भक्तपुरका जनताबाट सहिद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपणमा केन्द्रमा रहेको मुटुसम्बन्धी उपचारबारे जनताबीच सूचना पुऱ्याइ दिन आग्रह गर्नुभयो ।

बाथ र मुटु रोग विशेषज्ञ डा. प्रेमराज वैद्यले नेपालमा सबभन्दा बढी अप्रेशन मुटुको भल्भ फेर्नेको हुने गरेको बताउँदै अब भक्तपुरवासीहरू गङ्गालाल जानु पर्दैन, त्यही स्तरको उपचार र सेवा भक्तपुर मै उपलब्ध गराउने विश्वास दिलाउनुभयो ।




मुटु रोगसम्बन्धी प्रवचन कार्यक्रमका अतिथिहरू

डा. मोहनदेव भण्डारीले मुटु र नशासम्बन्धी रोगले धेरैको ज्यान गइरहेको हुँदा जाँड-रक्सीजस्ता स्वास्थ्यमा असर पर्ने वस्तुहरूको प्रयोगबाट टाढा बस्नुपर्ने बताउनुभयो ।

प्राध्यापक पृथुचरण वैद्यले संस्था स्थापनाको ऐतिहासिक पृष्ठभूमिबारे प्रकाश पार्दै संस्थालाई जीवन्तता दिन सबैले सहयोग गर्न आग्रह गर्नुभयो ।

संस्थाका अध्यक्ष जननी मूलको सभापतित्वमा भएको कार्यक्रममा राजुराम नकर्मीलगायतले बोल्नुभएको थियो ।

# भक्तपुर नगरपालिकाद्वारा मासु पसल अनुगमन

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको टोलीले ब्यासी र न:पुखु इटाछेंका सातवटा मासुपसलमा असार १६ गते अनुगमन गऱ्यो ।

अनुगमनको क्रममा टोलीले मासु जालीले छोप्नुपर्ने, पसल दर्ता गर्नुपर्ने, कामदारले एप्रोन सेतो प्रयोग गर्नुपर्ने, मूल्यसूची राख्नुपर्ने, ढक तराजुमा कैफियत नहुने गरी नापतौल विभागमा दर्ता गर्नुपर्ने, पसल सफा गर्नुपर्ने, दर्ता भएको पसलले नवीकरण गर्नुपर्ने, फ्रिजको प्रयोग गर्न सुझाएको छ ।

अनुगमनमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य एवं वडाध्यक्ष हरिराम सुवाल, सदस्यसचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका विष्णुकेशरी जोशी, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका रविचन्द्र मिश्र, पशुसेवा कार्यालयका उमेशलाल प्रधान, जनस्वास्थ्य कार्यालयका धनञ्जय आर्चाय, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, उद्योग वाणिज्य संघ भक्तपुरका सञ्जय जोन्छे, महानगरीय प्रहरी प्ररिसरका राजबहादुर डगौराको पनि सहभागिता रहेको थियो ।

# भक्तपुर नगरपालिकाले थाल्यो सापारुको तयारी

यस वर्षको गाईजात्रा पर्व (सापारु) को समयमा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको तयारीको विषयमा भक्तपुर नगरपालिकाले साउन ११ गते गुरु पूर्णिमाको अवसर पारेर नगरभित्रका सांस्कृतिक गुरुहरूको भेला आयोजना गऱ्यो ।

नगरका सबै वडाबाट दाफा, भजन, सांस्कृतिक समूहलगायतका गुरुहरूको उपस्थितिमा सम्पन्न उक्त भेलामा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरको परिचयको रूपमा स्थापित विभिन्न सांस्कृतिक विधाहरू बचाइरहनु हुने गुरुहरूप्रति सम्मान व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगर एक समयमा नेपाल मण्डलको राजधानी रहेको चर्चा गर्दै कला, संस्कृति र सभ्यताको केन्द्र रहेको बताउनुभयो । यहाँका नगरवासीहरू कुनै न कुनै सांस्कृतिक विधामा संलग्न रहेको उल्लेख गर्दै उहाँले भक्तपुरको जीवनशैली, कला, साहित्य, संस्कृतिको उचित संरक्षण गर्दै नगरपालिकाले सांस्कृतिक सङ्ग्रहालय स्थापना गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो ।

संस्कृतिलाई शौख या धर्मको रूपमा मात्र प्रयोग नगरी जीविकोपार्जनको मुख्य आधार बनाउने हेतुले स्थानीय पाठ्यक्रम तयार गर्दै विद्यालय, सङ्घसंस्था तथा टोल टोलमा पर्यटकहरूको लागि विभिन्न सांस्कृतिक गतिविधिहरू प्रस्तुत गर्ने बन्दोबस्त गर्ने तयारी भइरहेको छ, उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गराउन नगरपालिकाको तर्फबाट आधार तयार गरिरहेको र कानुनी रूपमा पनि सांस्कृतिक नगर घोषणाको लागि सरोकारवाला मन्त्रालयमार्फत प्रक्रिया थालिएको अवगत गराउनुभयो ।

भेलामा वडाध्यक्ष रविन्द्र ज्याख्वले यस वर्षको गाईजात्रामा विभिन्न कारणले लोप हुने अवस्थामा पुगेका सांस्कृतिक विधाहरूसमेत प्रदर्शन गर्न सके ती विधाहरू संरक्षण हुने उल्लेख गर्दै गाईजात्रालाई प्रतियोगिताभन्दा पनि महोत्सव बनाउने तयारी भइरहेको बताउनुभयो ।

अर्का वडाध्यक्ष उकेश कवांले प्रत्येक परम्परागत सांस्कृतिक विधामा तत्कालीन समाजको अवस्था प्रतिबिम्बित गरिएको चर्चा गर्दै साहित्य र संस्कृतिले समाज परिवर्तनको लागि महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

भेलामा सहभागी गुरुहरूको तर्फबाट विगत वर्षहरूमा प्रदर्शनमा नआएका विधाहरू के कारणले प्रदर्शन नभएका हुन्, सोबारे जानकारी लिनुपर्ने र तिनीहरूलाई पुनःजीवन दिन नगरपालिकाले सहयोग गर्नुपर्ने सुझाव दिनुभयो । त्यस्तै घिन्ताङ्घिसी लगिने बाटोमा अव्यवस्थित रूपमा राखिएका बिजुली, टेलिफोन, केबुल नेटवर्क र इन्टरनेटका तारहरू समयमै व्यवस्थित गर्नुपर्ने, अरनिको सभाभवनको निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने, भक्तपुरका कलाकारहरूलाई प्रोत्साहित गर्न नगर क्षेत्रमा छायाङ्कन गर्दा सहुलियत दिनुपर्ने सुझावहरू दिनुभयो ।



गाईजात्रा पर्वको तयारीमा भएको सांस्कृतिक गुरुहरूको भेलामा सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापति

पुर्खाले छोडेर गएका हाम्रा सांस्कृतिक धरोहरहरू नयाँ पुस्तालाई सिकाउनु र यसलाई समाज र देशको सेवामा उपयोग गर्नु अहिलेको आवश्यकता रहेको नगर प्रमुख प्रजापतिको भनाइ थियो । सांस्कृतिक गुरुहरूले औपचारिक शिक्षा प्राप्त नगरे पनि विभिन्न विधाका विज्ञ हुन्, उहाँले भन्नुभयो ।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

# बिमस्टेक सम्मेलनका लागि झण्डा नयाँ दिल्लीमा बनाइने !

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आयोजनामा बिमस्टेकको चौथौ शिखर सम्मेलन तयारीसम्बन्धी बैठक साउन २१ गते बस्यो ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठको अध्यक्षतामा बसेको बैठकमा सम्मेलनमा सहभागी हुने राष्ट्रहरूको झण्डा भारतको दिल्लीमा बनाउने तयारी भएको जानकारी दिनुभयो ।

परराष्ट्र मन्त्रालयको तर्फबाट सहभागी पदाधिकारीले छोटो समयमा हजारौं झण्डा बनाउन जनशक्तिको अभाव भएको बताएपछि मन्त्री महासेठले नमुना छिटो प्राप्त भएमा 'दिल्लीमा अर्डर गरेर तुरुन्त बनाउने' बताउनुभयो ।

सहभागी राष्ट्रहरूको प्रत्येकको २ सय को दरले १४ सय झण्डाको आवश्यकता पर्ने बैठकमा जानकारी दिइयो । भदौ १४ र १५ गते हुने बिमस्टेक शिखर सम्मेलनको लागि यति समय बाँकी हुँदा पनि सातवटा राष्ट्रको चौध सय झण्डा पनि बनाउन नसक्ने बताएपछि सबै आश्चर्यमा परे ।

स्वागतद्वार कस्तो बनाउने भन्ने नमुनामाथि व्यापक छलफल भयो । सहरी विकास मन्त्रालयले जम्मा ४८ ठाउँमा स्वागतद्वार बनाउने प्रस्ताव गरेको थियो । स्वागतद्वारमा सात मुलुकका प्रमुखहरूको फोटोहरू र नेपालको संस्कृति झल्किने सम्पदाहरूको फोटो राख्नुपर्नेमा सहभागीहरूले जोड दिए ।

स्वागतद्वार निर्माणको लागि बैङ्क, बिमा संस्थान, निर्माण व्यवसायी, उद्योगपति, होटल व्यवसायीहरूलाई आग्रह गर्ने बताइएको छ ।

शिखर सम्मेलनमा सहभागी राष्ट्र प्रमुखहरुलाई भक्तपुर र ललितपुर भ्रमणमा लाने वा नलाने अहिलेसम्म टुङ्गो लागि नसकेको बताइएको छ ।

# 'सडक निर्माण बलियो र भरपर्दो हुनुपर्छ'

आगामी भदौ १४ र १५ गते काठमाडौंमा आयोजना हुने बिमस्टेकको चौथो शिखर सम्मेलनको तयारी गर्न भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठको अध्यक्षतामा साउन १० गते बैठक बस्यो ।

यातायात मन्त्रालयको सभाकक्षमा बसेको बैठकमा मन्त्री महासेठले काठमाडौंका सडकहरूमा छिटोभन्दा छिटो खाल्डाखुल्डी पुर्न सडक विभागका प्रतिनिधिहरूलाई निर्देशन दिनुभयो ।



काठमाडौंमा आयोजना हुने बिमस्टेकको चौथो शिखर सम्मेलनको तयारी कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले सडक मर्मतको काम विदेशी नेताहरूलाई देखाउन नभई नेपाली जनताकै निम्ति बलियो र भरपर्दो ढङ्गले गर्नुपर्ने बताउनुभयो ।

उहाँले पञ्चायतकालमा राजा-महाराजा सवारी हुने बेलामा देखाउनका लागि सडक सफा गरेजस्तै अहिले बिमस्टेकको सम्मेलन नजिक आएपछि मात्रै सरसफाइतिर ध्यान दिनु गलत भएको बताउनुभयो ।

सडक विभागका प्रतिनिधिले सुनधारादेखि त्रिपुरेश्वरसम्म खाल्डो परेको रिपोर्ट पेश गरेपछि मन्त्री महासेठले तत्काल हस्तक्षेप गर्दै भन्नुभयो, 'भर्खरै प्रहरीका एसएसपी वसन्त पन्त आएर सडकको खाल्डाखुल्डी कहीं पुरिएको छैन भन्नुभयो । तपाईंले त्यही ठाउँमा काम सम्पन्न भएको रिपोर्ट दिनुभयो । अब तपाईं पनि जानुहोस् म पनि जान्छु । गलत रिपोर्ट प्रस्तुत नगर्नुस् ।'

काठमाडौंका महा-नगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य, कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, मध्यपुर नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठलगायत विभिन्न मन्त्रालयका सचिवहरू उपस्थित भएको बैठकले भदौ १२ गतेभित्र स्वागतद्वार तयार गरिसक्ने, स्वागतद्वारको सङ्ख्या र डिजाइनसहित अर्को बैठकमा पेश गर्ने निर्णय गऱ्यो ।

# भ्रष्टाचार पूँजीवादी व्यवस्थाकै दोष

नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा साउन ११ गते भ्रष्टाचारविरोधी आन्दोलनबारे प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले नेमकिपा स्थापनाका आधारहरूमध्ये भ्रष्टाचारविरोधी आन्दोलन पनि एक भएको चर्चा गर्दै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले लेख्नुभएको 'नेपालको कम्युनिष्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन', 'रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन' र 'नेपाल-भारत सम्बन्ध र भारत' पुस्तकमा पार्टी स्थापनाका आधारहरू स्पष्ट उल्लेख भएको बताउनुभयो।

पार्टीले भ्रष्टाचारको विरुद्ध २०२५/२६ सालमा गरेको आन्दोलनको स्मरण र पार्टीका अग्रजहरूको योगदानको कदर गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

भ्रष्टाचार नियन्त्रण नहुनु पूँजीवादी व्यवस्थाकै दोष भएको उल्लेख गर्दै सांसद सुवालले भन्नुभयो, 'पूँजीवादी व्यवस्थामा भ्रष्टाचार छायाँजस्तै हुन्छ। पूँजीवादी व्यवस्था अन्त्य नभएसम्म अर्थात समाजवादी व्यवस्था नल्याएसम्म भ्रष्टाचार अन्त्य हुनेछैन।' अहिलेको पूँजीवादी सरकारबाट जनताको हित हुँदैन, उहाँले बताउनुभयो।

डा. गोविन्द केसीले उठाएका मागहरू निम्न पूँजीपति वर्गको हितमा भएको र सर्वसाधारण जनताको पक्षमा नभएको उहाँले उल्लेख गर्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपाका प्रमुख सुनिल प्रजापतिले राजतन्त्र र गणतन्त्र दुवै व्यवस्थामा भ्रष्टाचार बढ्दै गएको कारण जसरी पनि पैसा कमाउने मानसिकताले समाज प्रगतितर्फ अगाडि नबढ्ने बताउनुभयो।

उहाँले भन्नुभयो, 'जहाँ रहे पनि, जुनसुकै पदमा बसे पनि इमानदारीपूर्वक देश र जनताको सेवा गर्ने भावना लिई काम गर्नुपर्छ। समाजलाई अगाडि बढाउने अठोटका साथ काम गर्नुपर्छ।' अनुशासनको पालना नगर्नु र पदीय दायित्वअनुसार जिम्मेवारी निर्वाह नगर्नु पनि नैतिक भ्रष्टाचार भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, 'विशिष्ट पदमा बसेका व्यक्तिहरूलाई पदमा नभए पनि आफूसँग जीवन निर्वाह गर्ने सम्पत्ति हुँदा हुँदै आजीवन भत्ता पाउने व्यवस्थालाई पनि कानुनी भ्रष्टाचार कै रूपमा लिन सकिन्छ।'

विकास र समृद्धि नारा र भाषणमा होइन व्यवहारमा




नेपाल कर्मचारी समाजको आयोजनामा सम्पन्न भ्रष्टाचारविरोधी आन्दोलनबारे प्रवचन कार्यक्रममा आफ्नो विचार राख्नुहुँदै सांसद सुवाल

ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले कानुनी राज र संवैधानिक सर्वोच्चता व्यवहारमा नभई कागजमा मात्र सीमित भएको बताउनुभयो।

आयोजक समितिका अध्यक्ष गौतमप्रसाद लासिवाको सभापतित्वमा भएको कार्यक्रममा कर्मचारी समाजका गणेशलाल फोजू, शिवराम धुख्वा, अर्थशास्त्र समाजका मुरज दिदिया, प्रभात माविका प्राचार्य कृष्णबहादुर प्रजापतिलगायतले बोल्नुभएको थियो।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# नगर प्रमुख प्रजापतिसित चितवनका संस्कृतिकर्मीहरूको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित पूर्व स्वास्थ्यमन्त्री तीर्थराम डंगोल तथा चितवनका संस्कृतिकर्मीहरूले साउन १६ गते भेट गर्नुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित पूर्व स्वास्थ्यमन्त्री तीर्थराम डंगोल तथा चितवनका संस्कृतिकर्मीहरूसँग भेट

लोक संस्कृति संरक्षण तथा राष्ट्रिय लाखे नाच प्रतिष्ठानको आयोजनामा २०७५ असोज ७, ८ र ९ गते चितवनको नारायणगढमा हुने छैटौं राष्ट्रिय लाखे नाच प्रतियोगितामा भक्तपुर नगरपालिकाको तर्फबाट सहभागिताको लागि प्रतिष्ठानको तर्फबाट शैलेन्द्र पियाले आग्रह गर्नुभयो ।

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गरी नेपालभाषाका रञ्जना र प्रचलित लिपीको प्रशिक्षण सुरु गरेको, परम्परागत संस्कृति संरक्षणको लागि समय–समयमा प्रतियोगिताहरू गरिरहेको तथा सम्पदाहरू संरक्षणमा सक्दो प्रयत्न गरिरहेको जानकारी दिनुभयो ।

पूर्वमन्त्री तीर्थराम डंगोलले प्रतियोगिता सफल पार्न भनपाको तर्फबाट आर्थिक, भौतिक र नैतिक समर्थनको लागि आग्रह गर्नुभयो भने प्रतिष्ठानका शैलेन्द्र पियाले भक्तपुरले नेवारी कला र संस्कृतिको संरक्षणमा गरिरहेको कार्यको सरहाना गर्दै आफूहरू उपत्यका बाहिर रहेर पनि नेवारहरूको संस्कृति बचाउने कोशिश गरिरहेको बताउनुभयो ।

प्रतिनिधि मण्डलमा नेवा दे दबुका महासचिव माइला बाबु द्योला, चन्द्रलाल राजभण्डारी, राजेन्द्र श्रेष्ठ, कुमार पियालगायतको सहभागिता थियो ।

# सरसफाइ कार्य सम्मानित पेशा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सफाइ मजदुरहरूले जागिरे भावनाले भन्दा सेवा गर्ने भावनाले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भनपामा कार्यरत सफाइ मजदुरहरूको साउन ९ गते भएको भेलामा प्रमुख प्रजापतिले सरसफाइ गर्नु भनेको फोहर गर्न नदिनु पनि हो र नगरवासीहरूलाई सफाइसम्बन्धी चेतना दिने कार्यमा सफाइ मजदुरहरूको भूमिका बढी हुने भएकोले नगरवासीहरूसँग शिष्ट हुन जरुरी रहेका बताउनुभयो ।

प्रमुख प्रजापतिले सरसफाइ कार्य सम्मानित र इज्जतको काम भएको चर्चा गर्दै कर्मचारीहरूले धुम्रपान र मद्यपान गर्न नहुने र अनुशासित भई जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

वडा नं ९ का वडाध्यक्ष एवं पर्यटन तथा वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले सफाइमा आफ्नो दायित्व बहन गरिरहेको बताउनुभयो ।

उहाँले सरसफाइप्रति नगरवासीहरूको सोचमा परिवर्तन ल्याउन सफाइ मजदुरहरूले महत्त्वपूर्ण भूमिका खेल्नसक्ने उल्लेख गर्दै फोहरलाई कुहिने र नकुहिने छुट्याई कुहिनेबाट मल बनाउने र नकुहिने फोहरबाट आयआर्जन गर्न मिल्ने बताउनुभयो ।



भक्तपुर नगरपालिकाले आयोजना गरेको सफाइ मजदुरहरूको भेलाका सहभागी

कार्यक्रममा वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

# 'अनुशासित चालकका श्रम र सीपको कदर गर्नु स्वागतयोग्य'

भक्तपुर ट्रक व्यवसायी सङ्घले साउन ७ गते ट्राफिक नियम र सवारी साधनको प्राविधिक ज्ञानसम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले कसैले कसैलाई हेलचेक्राइँ नगरी सबैले आ–आफ्नो स्थानबाट नियम पालना गरेमा, सचेतता अपनाएमा सवारी दुर्घटना न्यूनीकरण गर्नसकिने विचार व्यक्त गर्नुभयो । अनुभवी चालकहरू प्रमाणपत्रविनाका विशेषज्ञ हुन्, अनुशासित चालकहरूको श्रम र सीपको कदर गर्नु स्वागतयोग्य कुरा हो, यसले अन्य चालकहरूलाई प्रेरणा दिने विश्वास प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका ट्राफिक प्रहरी प्रमुख उपरीक्षक वसन्त पन्तले सचेतनामूलक कार्यक्रम उपलब्धिमूलक हुने विचार व्यक्त गर्दै ट्राफिक नियम पालना गर्न जोड दिनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले कहीं कतै दुर्घटना नहोस्, सबै क्षेत्रमा सहज वातावरण कायम होस् भन्ने प्रहरीको इच्छा रहेको विचार व्यक्त गर्दै गर्नहुने काम गर्न र गर्न नहुने काम छोड्नुपर्छ भन्नुभयो ।

सह–न्यायाधिवक्ता भीमसेन काफ्लेले पेशागत मर्यादा राखेर गाडी रोक्न सकिने गरी होसियारीपूर्वक चलाउनुपर्ने आवश्यकता औंल्याउँदै मान्छे मार्ने छुट कसैलाई छैन भन्नुभयो ।

कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामप्रसाद प्रजापति, वागीश्वरी माविका प्राचार्य कृष्णप्रसाद धन्छा, भक्तपुर ट्रक व्यवसायी सङ्घका अध्यक्ष एवं कार्यक्रमका सभापति महेन्द्र खायमली, नेपाल क्रान्तिकारी मजदुर सङ्घ ट्रक एकाइ समितिका अध्यक्ष राधेश्याम दुवाल, सङ्घका उपाध्यक्ष लक्ष्मीप्रसाद गोरा र गणेश त्यातले बोल्नुभएको थियो ।



भक्तपुर ट्रक व्यवसायी सङ्घले आयोजना गरेको ट्राफिक नियम र सवारी साधनको प्राविधिक ज्ञानसम्बन्धी प्रशिक्षण कार्यक्रम उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापति

कार्यक्रममा अतिथि प्रजापतिले उत्कृष्ट चालकहरूलाई नगद र प्रशंसापत्रसहित सम्मान गर्नुभएको थियो ।

# jfrlx6L kf6Lsf]k'gMlgdf0f

भक्तपुर नगरपालिका वडा नं. ९ स्थित वाचुहिटी पाटी पुनःनिर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । वाचुहिटी पाटी पुनःनिर्माण उपभोक्ता समितिको सहयोगमा तःगुठी (मुर्दा गुठी) को जनश्रमदानबाट निर्माणाधीन पाटीको बुधबार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थलगत अवलोकन गर्नुभयो ।

वाचुहिटी पाटी स्थलगत निरीक्षणका क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीयसँग कुराकानी गर्दै पुराना–पुराना पाटीको विवरण र अभिलेख निकै महत्त्वपूर्ण हुने र पुनःनिर्माणको समयमा ती अभिलेखले पुरानै शैलीमा निर्माण गर्न सहयोगी भूमिका खेल्ने बताउनुभयो ।

उहाँले पहिलेको वाचुहिटी पाटी ब्रह्मायणी बाटोको मापदण्डभित्र परेकोले अहिले सोही बाटोबाट केही मिटरभित्र सारेर पाटीको पुनःनिर्माण गर्नुपरेको जानकारी दिनुभयो ।

तुमचो–दुगुरे जग्गा एकीकरण आवास योजनाको सहयोगमा बनेको वाचुहिटी पाटीको लगत इस्टिमेट रू.३२ लाख ९२ हजार १३४ रूपैयाँ थियो भने पाटी पुनःनिर्माणमा तःगुठीका ज्येष्ठ सदस्य, युवा तथा महिलाको समेत सक्रिय सहभागिता रहेको थियो ।



वाचुहिटी पाटी पुनःनिर्माणको कार्यमा जनश्रमदान गर्दै तःगुठीका सदस्यहरू

# ; dfh cufl8 a9fpg lj1fgsf]dxÎjk0f{bg

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संस्थागत विद्यालय संघ नेपाल (इसान) को संयोजन र ओएसिस पब्लिकेशनको सहकार्यमा एकदिवसीय विज्ञान विषयको शिक्षक-शिक्षिका तालिमको साउन ४ गते उद्घाटन गर्नुभयो ।



इसानद्वारा आयोजित एक दिवसीय विज्ञान विषयको शिक्षक-शिक्षिकालाई तालिमको उद्घाटन गर्नुहुँदै

समाज अगाडि बढाउन विज्ञानको महत्त्वपूर्ण देन रहेको चर्चा गर्दै राज्यले विज्ञान र प्रविधिलाई प्राथमिकतामा नराखेको बताउनुभयो । उहाँले प्रजग कोरिया, चीन, जापान, अमेरिकाको उदाहरण दिंदै विज्ञान र प्रविधिको विकासले ती देशहरूलाई आजको स्थितिमा पुऱ्याएको हो भन्नुभयो ।

'हाम्रा मन्त्रीहरू अनुसन्धानलाई ध्यान दिंदैनन् । नयाँ-नयाँ अध्ययन र अनुसन्धानले नयाँ-नयाँ कुरा पत्ता लाग्छ तर हाम्रा सत्तामा जाने दलका सदस्यहरू कुन मन्त्रालयमा बढी बजेट छ, त्यो मन्त्रालय सम्हाल्न खोज्छन् । देशको विकासतिर ध्यान दिंदैनन् । नेपालको विकासपछि पर्नुमा मानसिक दरिद्रता नै मुख्य कारण हो' प्रमुख प्रजापतिले भन्नुभयो ।

इसानका अध्यक्ष प्रेमजन थापाले सभापतित्वको आसनबाट बोल्दै शिक्षक-शिक्षिकाहरूले आ-आफ्नो क्षमताको विकास गरी विद्यार्थीहरूलाई शिक्षा दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा इसानका पूर्वसदस्य उकेश कंवाले 'नेपाल सरकारले गणित विषयलाई ऐच्छिक विषय बनाउनु आफ्नो खुट्टामा आफैले बन्चरो हान्नु हो' भन्नुभयो ।

# पाँचतल्ले मन्दिरको झण्डाबारे गुठी संस्थान प्रमुखको ध्यानाकर्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख हरि सुवेदीलाई भनपाको कार्यकक्षमा बोलाई पाँचतल्ले मन्दिरमा पहिलो तल्लामा झण्डा राखेको, देको-मिवा-इतापाके जग्गा एकीकरण आवास आयोजनामा गुठी जग्गाबारे देखिएका समस्याहरू र गुठी संस्थानको भवन निर्माण सम्बन्धमा जनस्तरमा आएको गुनासोहरूबारे असार २७ गते ध्यानाकर्षण गर्नुभयो ।


भनपाका प्रमुख सुनिल प्रजापतिसँग भेट गर्नुहुँदै गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख हरि सुवेदी

गुठी संस्थान प्रमुख सुवेदीले पाँचतल्ले मन्दिरमा झण्डा राख्नेहरूलाई खाजा खर्चको रूपमा केही रकम दिने परम्परा रहेको, गत वर्ष ३ हजार रूपैयाँ दिएकोमा यो वर्ष ५ हजार खाजा खर्च दिएको, रकम नपुग भएको भए छलफल गरेर समाधान गर्न सकिनेमा चर्चामा ल्याएकोमा दुःख लागेको बताउँदै छिट्टै नै सम्बन्धित पक्षसँग छलफल गरी समाधान गर्ने बताउनुभयो ।

गुठी जग्गाबारे तुमचो दुगुरेका समस्या समाधान भइसकेको, देको-मिवा-इतापाके आवास योजनाबारे पछि गुठी संस्थानका केन्द्रीय प्रशासकहरूसँग बसेर टुंग्याउन सकिने र दरबार क्षेत्रस्थित गुठी संस्थानको भवन परम्परागत शैली झल्किने गरी नक्सा पास प्रक्रिया अगाडि बढाएको र पुरानै शैलीमा निर्माण गर्ने जानकारी दिनुभयो ।

# भक्तपुरलाई सांस्कृतिक नगरको रूपमा संरक्षण गर्न जरुरी

नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले भक्तपुर नगरपालिका वडा नं. ६ को चोछे पाटीको साउन ४ गते एक कार्यक्रमबीच शिलान्यास गर्नुभयो ।

कार्यक्रमका उहाँले भन्नुभयो, 'भक्तपुरलाई सांस्कृतिक नगरको रूपमा संरक्षण गर्ने हामी सबैको साझा लक्ष्य हो । सांस्कृतिक नगर घोषणालाई अजायब घर भनी झूटा प्रचार गर्नुहुन्न । विज्ञान र प्रविधिको सुविधासहितको सभ्यताको नगर सांस्कृतिक नगर हो । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले लेख्नुभएको 'सय वर्ष पछिको भक्तपुर' जस्तै बनाउनु हो । सांस्कृतिक सम्पदाको जीर्णोद्धार र पुनःनिर्माण ठेक्कामार्फत डोजर चलाएर गर्नुहुँदैन, स्थानीय जनताको



पाटी शिलान्यास गर्नुहुँदै सांसद सुवाल

उपभोक्ता समिति वा अमानतबाट गर्नु आवश्यक छ । भक्तपुर नगरपालिको यसैलाई जोड दिइरहेको छ । सार्वजनिक पाटी भूकम्पीय जोखिम न्यूनीकरण प्राविधिकसहित पुनःनिर्माण गर्नु आवश्यक छ ।'

वडा नं ६ का वडा सदस्य गोविन्द दुवालले उपभोक्ता समितिका साथीहरूले पाटी पुनः निमार्णको हिसाब किताब दुरूष्ट राख्नुपर्नेमा जोड दिनुभयो ।

वडाअध्यक्ष हरिराम सुवालको सभापतित्वमा भएको कार्यक्रममा वडा सदस्य गोविन्द दुवाल, कार्यपालिका सदस्य रोशनमैया सुवाल, वडासदस्य सिद्धिराम अवाल र उपभोक्ता समितिका अध्यक्ष तुल्सीनारायण सुवालले पनि बोल्नुभएको थियो ।

# hg>dbfgaf6 ag]sf] ;fj{hlgs kf6L–em6f Kjf]kmNrf

भक्तपुर नगरपालिका वडा नं. ८ स्थित समाज सुधार माध्यमिक विद्यालय अगाडिको नासु देवताको ठूलो झटा प्वो फल्चा (पाटी) पुनःनिर्माण सम्पन्न भएको छ ।

वैशाखमा शिलान्यास भएको पाटी पुनःनिर्माणको अन्तिम दिन छाना छाउन सयौं स्थानीयवासी सक्रियतापूर्वक सहभागी भएका थिए । भूकम्पले भत्केका आ–आफ्नो घर अलपत्र रहेका उनीहरू सार्वजनिक पाटी पुनःनिर्माणमा तम्सिएर लागि परेका छन् । जनश्रमदानमा सहभागी हुनेहरूमध्ये अधिकांश महिलाहरू थिए ।



भक्तपुरको जेंलास्थित भूकम्पले क्षतिग्रस्त पाटी पुनःनिर्माण गर्दै स्थानीय टोलवासी साथमा स्थलगत निरिक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति

भूकम्पले भत्केका आफ्नो घर पुनःनिर्माण गर्न नसकिरहेका स्थानीयहरू सार्वजनिक पाटी पुनःनिर्माण गर्न सक्रियतापूर्वक लागि परेका थिए । टोलभित्र जुनसुकै सार्वजनिक काम हुँदा घरैपिच्छे जनश्रमदान गरी सहयोग गर्नुपर्छ भन्ने भावनाले नगरवासीहरूको विशेषता हो ।

समाजसुधार मावि पश्चिमको झटापो पाटीको पुनःनिर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष रत्नभक्त प्रजापतिले जनश्रमदान गरेका सबैको नामावली संकलन गर्ने गरेको जनाए । सामान्य दिनमा दैनिक दुई चार जनता स्थानीय जनश्रमदानमा जुट्ने गरेको उनले सुनाए । उनका अनुसार अन्तिम दिनमा झण्डै सय जनाले जनश्रमदान गरेका थिए । उनले भने, 'उनीहरूलाई हामीले खाजाको मात्रै व्यवस्था गरेका थियौं । त्या पनि स्थानीयसँग चन्दा उठाएर ।'

भक्तपुर नपा वडा नं. ८ स्थित पाटी बनाउन लागत इस्टमेट २९ लाख १० हजार ४७ रुपैयाँ रहेको छ । वडाअध्यक्ष महेन्द्र खायमलीले ठेक्कापट्टामा नभई उपभोक्ता समितिबाट काम हुँदा लागत इस्टमेट भन्दा कममा गुणस्तरीय काम हुने गरेको जनाए । जनश्रमदानलगायतका काम हुने भएको लागत इस्टमेटभन्दा कममा मात्रै नभई कम खर्चमा धेरै काम हुने गरेको अनुभव उनले सुनाए ।

# 'ckfËtf ePsfnfO{/f]huf/L ;lglZr t xGkb5'

अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनः स्थापनासम्बन्धी सहजकर्ताहरूको एक महिने तालिमको साउन १ गते सम्पन्न प्रमाणपत्र वितरण कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले समाजको सेवा नै सबैभन्दा राम्रो धर्म भएको बताउँदै तालिममा सिकेको ज्ञानले अपाङ्गता भएका मानिसको सेवा गर्न सुझाव दिनुभयो।



एकमहिने तालिमको समापन तथा सहभागीलाई प्रमाणपत्र वितरण वितरण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति

प्रमुख प्रजापतिले राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष तालिम र शिक्षा दिएर क्षमताअनुसारको रोजगारीको सुनिश्चितता गर्नुपर्ने बताउँदै भक्तपुर नगरपालिकाको शिक्षा र स्वास्थ्यमा जोड दिंदै आएको, अपाङ्गता भएकाहरूलाई रोजगारी उपलब्ध गराइने र सिद्धपोखरीलाई अपाङ्गतामैत्री बनाउनेबारे स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो – अपाङ्गता कोही रहरले हुने होइन। अपाङ्गता पनि समाजको एक हिस्सा भएको हुँदा अपाङ्गता भएका व्यक्तिहरूले अवसर नपाएसम्म सिङ्गो समाज अगाडि बढ्न सक्दैन।

आरसीआरडीका अध्यक्ष रमेशराम श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा आरसीआरडीका निर्देशक सूर्यभक्त प्रजापतिले अपाङ्गता अधिकार ऐन २०७४ बमोजिम देशभरका स्थानीय तहहरूले काम गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर अपाङ्गता समन्वय समितिका संयोजक सुमन पलिखेललगायतले शुभकामना मन्तव्य दिनुभएको थियो।

# महिला स्वास्थ्यसम्बन्धी जनचेतना कार्यक्रम

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रका स्थानीय महिलाहरूबीच स्वास्थ्यसम्बन्धी जनचेतनामूलक भेला साउन १६ गते सम्पन्न भयो।

भेलामा वडाध्यक्ष रविन्द्र ज्याखवले बदलिंदो जीवनशैलीसँगै कडा तथा दीर्घरोगका बिरामीहरू बढेको चर्चा गर्दै स्वस्थ जीवनका लागि खानपान र सामान्य शारीरिक अभ्यासमा ध्यान दिन अनुरोध गर्नुभयो। त्यस क्षेत्रमा घरदैलो नर्सिङ सेवाको क्रममा ३४४ घरपरिवारको सर्वेक्षण गर्दा ७१ जनामाउच्च रक्तचाप, ३५ जनामाचिनी रोग, २६ जनामा हाडजोर्नीको समस्यातथा १९ जनामादमखोकीको समस्या देखिएको उहाँले जानकारी दिनुभयो।

क्यान्सर रोगीको संख्या उल्लेख्य बढेको अवगत गराउँदै उहाँले आफ्नो रोग नलुकाउन तथा समय–समयमा जनस्वास्थ्य केन्द्रलगायतका स्वास्थ्य संस्थाहरूमा परीक्षण गराउन आग्रह गर्नुभयो।

भक्तपुर नपाका कार्यपालिका सदस्य छोरीमैया सुजखूले महिला दिदीबहिनीहरूमा पुरुषहरूमा भन्दा बढी रोग लाग्ने सम्भावना रहेको चर्चा गर्दै स्वास्थ्य उपचारको विषयमा समय–समयमा छलफल तथा परामर्श गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

स्त्रीरोग विशेषज्ञ सरिता खाइजुले महिलाहरूमा महिनावारी हुँदा र पाठेघरको मुखको क्यान्सरबारे कक्षा लिनुभयो। उहाँले महिलाहरूमा पाठेघरको क्यान्सरको समस्या बढिरहेको चर्चा गर्दै समयमै उपचार नगरे मानवीय क्षति समेत हुने खतरा रहेको औंल्याउनुभयो।

जनस्वास्थ्य केन्द्रका प्रतिनिधि रचना सुवाल र वडा नर्स सविना दुवालले घरदैलो नर्सिङ सेवा सञ्चालन गर्नुको औचित्य र महत्त्वबारे चर्चा गर्नुभयो।

भेलामा वडास्तरीय स्वास्थ्य स्वयंसेविका परिचालन समितिका अध्यक्ष सन्तेमाया गाइजू र स्वयंसेविका संगीता प्रजापतिले स्वास्थ्यउपचार सेवाका लागि नर्स तथा स्वयंसेविकाहरू घरदैलो गर्दा सहज रूपमा आफ्नो समस्याबारे जानकारी गराउन आग्रह गर्नुभयो।

# नगरपालिका नगरवासीहरूको नजिकको सरकार हो

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरू बहाल भएपछि नगरलाई सफा, स्वच्छ, सुन्दर र देशकै नमुना बनाउने लक्ष्यसहित नगरको सरसफाइलाई प्राथमिकता दिइयो । भक्तपुर नगरपालिकाले पाक्षिक रूपमा गर्दै आएको सरसफाइ कार्यक्रमलाई निरन्तरता दिई साउन १५ गते ह्वाङ ह्वाङ पाटीदेखि सिद्धपोखरीसम्म सरसफाइ कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा जनप्रतिनिधिहरू, विद्यालयका शिक्षक-विद्यार्थीहरू, भनपाका कर्मचारी र टोलवासीहरूको सहभागितामा सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सरसफाइलाई निरन्तरता दिइरहने बताउँदै सरसफाइमा विद्यार्थीहरू परिचालन हुँदा सम्पदा संरक्षणमा टेवा पुग्ने बताउनुभयो । उहाँले सरसफाइ सभ्यताको चिन्ह भएको बताउँदै फोहरलाई व्यवस्थित गर्न सके आम्दानी हुने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले भक्तपुरमा जग्गाको अभाव भएको र फोहर व्यवस्थापनको निम्ति भक्तपुर नगरपालिकाले कुहिने र नकुहिने फोहोर हाल्न अलग्गै बाल्टिन र कम्पोष्ट बीन वितरण गरिरहेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, समाजसेवी कृष्णबहादुर दुगुजू र वडा सदस्य विश्वराज शिल्पकारले पनि बोल्नुभएको थियो ।

यसैबीच २०७५ साउन १ गते नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा व्यासी चोकदेखि कासनसम्मको बाटोको दुवै पेटीमा वृक्षरोपण गरियो ।

कार्यक्रममा व्यासी चोकदेखि कासनसम्म र नगरपालिका भवनदेखि साना औद्योगिक क्षेत्रको मूल ढोकासम्मको सडकको दुवैतिर १२० वटा रुखहरू रोपिएका थिए । स्थानीय जनता र स्कूलका विद्यार्थी र शिक्षकहरूको उत्साहजनक सहभागितामा कपुर, असारे, सिफ्व स्वँ, कल्की र जामुनका रुखहरू रोपी विरुवाको सुरक्षाको लागि तारजाली राखिएको थियो ।

सो कार्यक्रममा प्रमुख प्रजापतिले राजधानीमा फोहरको डङ्गुरको सौन्दर्यतामा दाग लागिरहेको समयमा भक्तपुरमा जनताको साथमा सरसफाइ भइरहेको बताउनुभयो । नगरपालिका सबै नगरवासीहरूको साझा संस्था र सबैभन्दा नजिकको सरकार भएको उल्लेख गर्दै जनभावना अनुसार जनप्रतिनिधिहरूको विकास निर्माण, सम्पदा संरक्षण र जनताको समस्या समाधानमा लागिपरेको प्रस्ट पार्नुभयो । आधुनिक जीवनशैली र सहरीकरणको कारण मानिसहरूमा नयाँ तथा कडा खालका दीर्घकालीन रोगहरू देखापरेको चर्चा गर्दै प्रमुख प्रजापतिले स्वच्छ हावा र स्वस्थ जीवनका लागि हरियाली व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

उपप्रमुख रजनी जोशीले नगरमा वन नभएको तथ्याङ्कले सबै नगरवासीहरूलाई झस्काएको चर्चा गर्दै खुला ठाउँ, बाटोको पेटी, बारी, खोलाको किनार र घरको कौसीमा समेत स्थान अनुकूल र वातावरण अनुकूल वृक्षरोपण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । वनको संरक्षणसँगै स्वच्छ पानीको मूल र सहरी प्रदूषण न्यूनीकरण हुने उहाँको कथन थियो ।

वडाध्यक्ष एवं वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले रुख रोप्ने र हुर्काउने तरिकाबारे जानकारी दिँदै सहरी बस्तीमा वृक्षरोपणको नाममा जथाभावी रुख रोप्दा सहरको सौन्दर्यता घट्नेमात्र नभई प्राकृतिक स्रोतको अनावश्यक दोहनले दीर्घकालीन असर पर्नसक्ने उहाँको भनाइ थियो ।

वडाध्यक्ष हरिप्रसाद बासुकलाले नगरलाई सफा, स्वच्छ र सुन्दर बनाउन सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । अर्का वडाध्यक्ष हरिराम सुवालले सरसफाइ सभ्यताको प्रतीक भएको उल्लेख गर्दै सडक, चोक वा गल्ली सफा गर्नु कुनै जात विशेष वा ठाउँ विशेषको काम भन्ने सोचलाई परिवर्तन गरी नागरिक भावना जगाउनुपर्ने बताउनुभयो ।



भक्तपुर नगरपालिकाद्वारा नियमित सरसफाइअन्तर्गत साउन १ गते कालिघाट जाने दायाँ बायाँ पेटीमा वृक्षारोपण कार्यक्रम

# e'SDk kL8tnfO{cgbfg lbg]cjlw Ps jif{yKg dfu

राष्ट्रिय पुनःनिर्माण प्राधिकरण केन्द्रीय आयोजना एकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार भक्तपुरको आयोजनामा भूकम्पपछिको पुनःनिर्माणसम्बन्धी वार्षिक समीक्षा असार ३१ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले भूकम्प पीडितलाई अनुदान दिने अवधि एक वर्ष थप्नु आवश्यक भएको बताउनुभयो।




भूकम्पपछिको पुनःनिर्माणसम्बन्धी वार्षिक समीक्षा कार्यक्रमका अतिथिहरू

उहाँले भन्नुभयो, 'भक्तपुरका भूकम्प पीडितमध्ये १२ प्रतिशतले मात्र तेस्रो किस्ता प्राप्त गरेका छन्। धेरै भूकम्प पीडितले भूकम्पबाट क्षति भएको घर बनाउन नसकेको र मूल्यवृद्धि पनि भएको हुँदा रु. ३ लाख अनुदानलाई रु. १० लाख पुऱ्याउनु आवश्यक छ र एक किस्तामा रु. १० लाख अनुदान दिने कार्यविधि बनाउनु आवश्यक छ।'

भूकम्प पीडितलाई वित्तीय संस्थाबाट दिइने ऋण सहजतासाथ उपलब्ध गराइनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, 'त्यस्तो ऋणको सावाँ–ब्याज एक–दुई वर्षभित्रै फिर्ता गर्नुपर्ने प्रावधान उपयुक्त छैन।'

सांसद सुवालले भूकम्पीय जोखिम न्यूनीकरण प्रविधिसहित घर निर्माण गराउन पर्याप्त गतिविधिको व्यवस्था गर्नु आवश्यक भएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, 'परिवार अलग भइसकेकोलाई अलग भूकम्प पीडितको अनुदान सहयोग उपलब्ध गराइनुपर्छ।'

विदेशी दातृ संस्थाको सहकार्यमा पुनःनिर्माण कार्यमा संलग्न गैरसरकारी संस्थाहरूको लेखा पारदर्शी गराउन आवश्यक छ, भूकम्पको सहयोगको नाममा देश नवउपनिवेश बन्ने खतरातर्फ सचेत हुनु आवश्यक छ, सांसद सुवालले भन्नुभयो।

जिल्ला सरकारी कार्यालयहरूले चारवटा नगरपालिकाका प्रमुखहरूसँग छलफल गरी योजना छनोट र कार्यान्वयन गर्नुपर्ने आवश्यक छ, उहाँले भन्नुभयो।

सांसद सुवालले भन्नुभयो, 'नगरपालिकासँग छलफल नगरी जिल्ला सरकारी कार्यालयहरूले छनोट गरी ठेक्का दिएका योजनाहरू गुणस्तरहीन भएको हुँदा सम्पदा संरक्षणलगायत योजनाहरू उपभोक्ता समिति र अमानतबाट गराउनु आवश्यक छ। सम्पदा जीर्णोद्धार कार्यमा डोजरसमेत चलाउनु गलत हो।'

भक्तपुरका भूकम्प पीडितको लागि काठ उपलब्ध गराउन बिक्री डिपो भक्तपुरमा राख्नु आवश्यक भएको उहाँले औंल्याउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विश्व सम्पदामा परेका विद्यालय भवनहरूको पुनःनिर्माण गर्ने नक्सासम्बन्धी स्थानीय जनतासँग व्यापक छलफल गर्नु आवश्यक भएको बताउनुभयो।

छलफलमा एकाइ प्रमुख ध्रुव गैंडा, स्मारकका मोहन लामा, शिक्षाका देवकुमार बराल, इञ्जिनियर महेश चित्रकारलगायतले प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो।

# eQmk'/ gkfdf clwsfz k;n btf{gePsf]el6of]

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा कमलविनायकमा रहेको पसल असार ३२ गते अनुगमन गरियो।

अनुगमनको क्रममा भक्तपुर नपामा पसल दर्ताको प्रमाणपत्र नभेटिएको, चामलको बोरा प्याकिङ लेबल नभएको, मूल्यसूची नराखिएको, म्याद नाघेको सामान, चकलेट, दही आदि खाद्यवस्तु भेटिएको, फुटपाथमा सामान राखिएको, ढक तराजु नमिलेको र नापतौल विभागमा नवीकरण नभएको, किचेन फोहोर भएर, पुरानो र बासी मिठाइ राखिएको अनुगमनमा सहभागी वडा निरीक्षक रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो।

अनुगमन समितिका सदस्यहरू हरिराम सुवाल, भक्तपुर नपा श्यानिटेशका दिलिपकुमार सुवाल, रामकृष्ण प्रजापति, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, महानगरीय प्रहरी प्ररिसरका रामशरण तामाङ, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, पत्रकारहरू र भक्तपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको अनुगमनमा सहभागिता थियो।

# egkf ljZjljBfno ;~rfng ug{; Ifd 5

ख्वप माध्यमिक विद्यालय तथा शारदा क्याम्पस माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनको लागि भर्ना भएका विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रम असार ३० गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सभासद् प्रेम सुवालले ख्वप विश्वविद्यालयको विधेयक स्वीकृति भएमा भनपाले रू. १०–१५ लाखमै एमबीबीएस कक्षाहरू सञ्चालन गर्न सक्ने बताउँदै शिक्षण अस्पतालसहित मेडिकल कलेज सञ्चालनको लागि नेपाल ट्रष्टको नाममा आएको सल्लाघारीस्थित १०८ रोपनी जग्गा भक्तपुर नगरपालिकालाई प्रदान गर्नुपर्ने उल्लेख गर्नुभयो ।




उहाँले 'एक घर एक स्नातक' तयार गर्ने लक्ष्य लिई स्थापना भएको ख्वप माविको जगमा ख्वप कलेजहरू सुरु भई समाजलाई बुद्धिजीवीकरण गर्ने अभियान अघि बढेको उहाँले बताउनुभयो ।

युरोप र अमेरिकामा सिटी युनिभर्सिटी सञ्चालनमा रहेको चर्चा गर्दै सांसद सुवालले भक्तपुर नगरपालिका विश्वविद्यालय सञ्चालन गर्न सक्षम रहेको उल्लेख गर्नुभयो ।

स्वदेश तथा विदेशमा हासिल गरेका ज्ञान र सीपलाई देश र जनताको सेवामा उपयोग गर्नुपर्ने र नेपाललाई युवा वैज्ञानिकसहित विश्वमै सबभन्दा सुन्दर देश बनाउन विद्यार्थीहरूले मेहनत गर्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

कार्यक्रमका सभापति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा प्रमुख सुनिल प्रजापतिले सर्वसाधारण जनताले समेत सहजरूपमा उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने, समाजलाई बुद्धिजीवीकरण गर्ने, २१ औं शताब्दीका चुनौतीहरू सामना गर्नसक्ने युवाहरू तयार गर्ने र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्ने उद्देश्यसहित ख्वप मावि स्थापना भएको बताउनुभयो ।

भनपाद्वारा सञ्चालित ७ वटा शैक्षिक संस्थानहरूमा पाँच हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको जानकारी दिँदै उहाँले नवआगन्तुक विद्यार्थीहरूले विद्यालयको अनुशासन पालनामा जोड दिनुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले विद्यार्थीहरूले जुनसुकै विषय अध्ययन गरे पनि विशेषज्ञता हासिल गर्नुपर्नेमा जोड दिनुभयो ।

शिक्षाशास्त्र सङ्कायका पूर्व डीन प्राध्यापक पृथुचरण वैद्यले प्लस टु लेभल चरित्र निर्माण गर्ने समय भएकोले सकारात्मक सोच लिई अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

मानव अङ्ग प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले प्रगतिको लागि विद्यार्थीहरूले रात–दिन अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

क्षणिक सुखको लागि होइन दीर्घकालीन सुखको लागि मेहनत गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'मानव अङ्ग प्रत्यारोपण कार्यालयमा बर्सेनि १५०–२०० जनासम्मको सफल मृगौला प्रत्यारोपण हुन्छ । नेपालमा पहिलोपटक कलेजोको प्रत्यारोपण यहीं भएको हो । यहाँ मुटुको सम्पूर्ण उपचार हुन्छ ।'

अङ्ग्रेजी विषयका प्रा.डा. अरूण गुप्ताले भक्तपुरको इतिहास दुई हजार वर्षभन्दा पुरानो भएको उल्लेख गर्दै समग्र भक्तपुरबारे अध्ययन गर्न तुलनात्मक भक्तपुर अध्ययन शिक्षा व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा ग्याष्ट्रो सर्जन डा. रमिला श्रेष्ठ, ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माक, ख्वप कलेजका प्राचार्य रूपक जोशी र ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको बीचबीचमा १२ कक्षामा अध्ययनरत विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

# विपद् व्यवस्थापन समितिको बैठक

अविरल वर्षापछिको बाढी, पहिरो र डुबानबाट उत्पन्न असहज परिस्थितिबारे भक्तपुर जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा असार २८ गते सर्वपक्षीय बैठक सम्पन्न भयो। बैठकमा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले भक्तपुरमा बाढी-पहिरोका कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्राकृतिक प्रकोपबाट जोगिन दीर्घकालीन उपायबारे संवेदनशील हुन र उच्च सतर्कता अपनाउन आवश्यक भएको विचार व्यक्त गर्नुभयो।

नदीको प्राकृतिक बहावलाई ध्यानमा राखी नदीलाई सहज ढङ्गमा बहन दिने र बाढी नियन्त्रणबारे आवश्यक अध्ययनसमेत गरी नदी तथा खोलाको तीव्र अतिक्रमण र उच्च जोखिम क्षेत्रमा बस्ती विकास गर्न रोक लगाउनुपर्ने सांसद सुवालले बताउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले डुबानको समस्या देखिनैबित्तिकै भनपाले उद्धार कार्यमा तदारूकता देखाएको र क्षति न्यूनीकरणको निम्ति शीघ्र उपाय अपनाएको चर्चा गर्नुभयो।

उहाँले विकास निर्माणका कार्य अगाडि बढाउँदा दीर्घकालीन असरबारे ध्यान नदिइँदा पनि क्षति तथा जोखिम बढेको धारणा राख्नुभयो।



भक्तपुर जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा सम्पन्न सर्वपक्षीय बैठक

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टको अध्यक्षतामा भएको बैठकमा प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले पहिरोका समस्या बढ्नुमा असारे विकास तथा डोजर आतङ्क पनि भएको जनताबाट गुनासो आएको बताउँदै प्राकृतिक प्रकोपसँग भिड्न आवश्यक सामान्य पूर्वतयारी पनि नहुनु ठूलो विडम्वना हो भन्नुभयो।

बैठकले पीडितलाई राहत वितरण, विस्थापितलाई पुनःस्थापना र जोखिम न्यूनीकरण आदि कार्यमा संयुक्त रूपमा शीघ्र पहल गर्ने निर्णय गऱ्यो।

# बेची ब्वङ (कुवा) क्षेत्रमा सरसफाइ

भक्तपुर नगरपालिका वडा नं. ९ तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रमा रहेको ऐतिहासिक बेची ब्वङ (कुवा) क्षेत्रमा असार ५ गते सरसफाइ गरियो। वडा कार्यालय र स्थानीय आमा समूहको अग्रसरतामा उक्त क्षेत्रमा रहेको झार तथा फोहर सफा गरिएको हो।

सरसफाइमा स्थानीय महिला तथा पुरुषहरूको सक्रिय सहभागितासँगै वडाका जनप्रतिनिधि, वडा कार्यालयका कर्मचारी र तुमचो दुगुरे जग्गा एकीकरण आयोजना कार्यालयका कर्मचारीको उपस्थिति थियो।

सरसफाइपछि आयोजित कार्यक्रममा वडाध्यक्ष रविन्द्र ज्याख्वले सय वर्षभन्दा पुरानो बेची ब्वङलाई सम्पदाको रूपमा संरक्षण गर्ने तयारी भइरहेको बताउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य छोरीमैया सुजखूले पनि बोल्नुभएको थियो।



ऐतिहासिक बेची ब्वङ (कुवा)

# भनपाद्वारा स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री हस्तान्तरण

भक्तपुर नगरपालिकाले असार २८ गते भक्तपुर नगरका ७४ वटा विद्यालयहरूलाई स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री हस्तान्तरण गऱ्यो। कार्यक्रममा विभिन्न स्कूलका प्रधानाध्यापक तथा विद्यालयका प्रतिनिधिहरूलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पाठ्यक्रम अध्यापन गर्नको लागि भक्तपुर नगरको विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनुहुने व्यक्तित्वहरूको १५ वटा फोटोफ्रेम, भिडियो क्लीप्स् भएको पेनड्राइभ (१६ जिबि), पुस्तकहरू बिस्का:जात्रा, गुहा–गुहालेख– गुहाचित्र एवम् अन्य सम्पदा, Bhaktpur -The Historical City, Insight A Cultural City-Bhaktapur, सहिदको जीवनी पुस्तिका हस्तान्तरण गर्नुभएको थियो ।



स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्रीको रुपमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को तस्बिर हस्तान्तरण गर्नुहुँदै प्रमुख प्रजापति

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिका नगरवासीहरूको साझा संस्था भएको र नगरपालिकाको गतिविधिहरूमा नगरवासीहरूको सहयोग अपरिहार्य भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले प्रकाशनमा ल्याएको स्थानीय पाठ्यक्रमले नयाँ पुस्तालाई स्थानीय विषयवस्तुबारे जानकारी दिन मद्दत पुग्ने र प्रतिस्पर्धी विद्यार्थी उत्पादन गर्न सघाउ पुग्ने बताउनुभयो ।

उहाँले भक्तपुर नगर संस्कृतिप्रेमीहरूको नगर भएको बताउँदै भक्तपुरमा सांस्कृतिक सङ्ग्रहालय निर्माण गर्ने सोच अघि सारेको बताउनुभयो।

उपप्रमुख रजनी जोशीले स्थानीय पाठ्यक्रमले भक्तपुर नगरपालिकाले परिकल्पना गरेको सभ्य, सुसंस्कृत नगर निर्माण र नयाँ पुस्ताको व्यक्तित्व विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा बासु माध्यमिक विद्यालयका प्रधानाध्यापक अम्बिका न्याइच्याइँ, नगर शिक्षा शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्य, स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य उद्धव सुजखुले स्थानीय पाठ्यक्रम नयाँ पुस्तालाई भक्तपुरको कला–संस्कृतिबारे सुसूचित गर्ने राम्रो अवसर भएको, पाठ्यक्रममा प्राकृतिक विपद् व्यवस्थापनबारे जानकारी दिने विषयवस्तु समावेश गर्नुपर्ने र भक्तपुर नगरपालिकाले स्वास्थ्य, शिक्षा, सम्पदा संरक्षणमा उल्लेखनीय कार्य गरेको चर्चा गर्नुभयो। कार्यक्रममा भनपा वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।



स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री हस्तान्तरण कार्यक्रममा सहभागी भक्तपुरका विभिन्न विद्यालयका प्रतिनिधिहरू

# दुईदिने कृषि प्राविधिक तालिम सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा कृषि तालिमको असार २० गते भक्तपुर नपा ७ वडा कार्यालय गोल्मढीमा भनपाका प्रमुख सुनिल प्रजापतिले शुभारम्भ गर्नुभयो। दुईदिने कृषि प्रविधि तालिमको समापन कार्यक्रम असार २१ गते सम्पन्न भयो।



भक्तपुर नपाको आयोजनामा सम्पन्न कृषि तालिमको शुभारम्भ कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

उद्घाटन कार्यक्रममा भनपाका प्रमुख प्रजापतिले सरकारले कृषि क्षेत्रमा बजेट पुग्दो व्यवस्था गर्नुपर्नेमा कममात्र व्यवस्था गरी सरकारले कृषिलाई प्राथमिकता नदिएको हुँदा कृषि प्रधान देश भएर पनि कृषिमा परनिर्भर भइरहेको बताउनुभयो।

केही वर्ष अगाडि कृषि उत्पादन विदेश निर्यात गर्नसक्ने देश अहिले वर्षको अरबौं रकम विदेश जानु राम्रो लक्षण होइन, उहाँले भन्नुभयो।

नेपालको कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन वैज्ञानिक कृषि पद्धति, स्वदेशमै मल कारखाना, नेपालमै बीउविजन उत्पादन, ठाउँ र मौसमअनुसार कृषि प्राविधिक, सिंचाइ व्यवस्थापनलगायनमा विशेष ध्यान निुपर्ने आवश्यकतामा जोड दिँदै उहाँले भनपाले युवा पुस्तालाई लक्षित गरेर विभिन्न सीपमूलक तथा ज्ञानमूलक तालिमहरू अगाडि बढाइरहेको प्रष्ट्याउनुभयो।

विदेशी हाइब्रीड बीउको भरमा मात्र काम गर्दा भविष्यमा धोका हुनसक्ने, विदेशी भूमि (खाडी) मा सेवा नभई आफ्नै देशमा पसिना बगाउनुपर्ने प्रस्ट्याउँदै उहाँले भियतनाम र क्युवामा कृषि उत्पादन बढाएर विदेशमा निर्यात गरेर देशको अर्थतन्त्र मजबुत बनाएजस्तै नेपाल सरकारले पनि त्यसतर्फ ध्यान दिनुपर्छ भन्नुभयो।

समापन कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशीले तालिमबाट प्राप्त ज्ञानलाई किसानहरूबीच लानुपर्ने आवश्यकता औंल्याउनुभयो।

समयको मागअनुसार कम जग्गामा बढी उत्पादन गर्न कृषिमा वैज्ञानिक प्रविधि अपनाउनुपर्नेमा जोड दिंदै उहाँले कृषिमा विषादीको प्रयोग कम गर्दै लानुपर्ने बताउनुभयो।

भनपाले शिक्षा, स्वास्थ्य, कला, सांस्कृतिक सम्पदाको साथै कृषि क्षेत्रलाई पनि प्राथमिकतामा राखेर युवा लक्षित कार्यक्रमहरू गर्दै आएको उपप्रमुख जोशीले जानकारी दिनुभयो।

भक्तपुर नगरपालिका कृषि उपसमितिका संयोजक राजकृष्ण गोराको सभापतित्वमा भएको उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, भक्तपुर नपा वडा नं. ६ का वडा अध्यक्ष हरिराम सुवाल, कृषि समितिका कृष्णलक्ष्मी दुवाल, कार्यपालिका सदस्य सुनिता प्रजापति, प्रशिक्षक सविन ख्याजू र प्रशिक्षार्थीहरू कृष्णराम किसी, राजाराम बासुकला र सानुकान्छाले पनि बोल्नुभएको थियो। बुधबार र बिहीबार भएको उक्त तालिमका सहभागीहरूलाई उपमेयर जोशीले प्रमाणपत्र वितरण गर्नुभएको थियो। प्रशिक्षण कृषि विषयका प्रशिक्षक सबिन ख्याजुले दिनुभएको थियो।



# ;x/L jg / gu/leq j[ff/f]k0faf/]5nkmn

भक्तपुर नगरपालिकाको आयोजनामा असार १९ गते सहरी वन र नगरभित्र वृक्षारोपणबारे छलफल कार्यक्रम भयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरलाई सुन्दर नगर बनाउन नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुसार काम गरिरहेको बताउँदै सम्पदा क्षेत्रहरू र नगरको मूल सडकमा क्रमशः सवारीमुक्त गर्दै लाने विषयमा छलफल भइरहेको बताउनुभयो ।



सहरी वन र नगरभित्र वृक्षारोपणबारे छलफल कार्यक्रमपश्चात् सामूहिक तस्बिर खिचाउँदै

उहाँले भक्तपुर नगरको बजार रुटमा पसले र घरधनीहरूलाई हरियालीको लागि गमलामा वृक्षारोपण गराउन उत्साहित गरिने बताउनुभयो । उहाँले कौसी खेती तरकारीको लागि मात्र नभई अक्सिजनसमेत उत्सर्जन हुने भएकोले ठाउँ–ठाउँमा कौसी खेतीको लागि भक्तपुर नगरपालिकाले उत्साहित गर्ने बताउनुभयो ।

उहाँले एक घर एक विरुवा, मौसमअनुसारको विरुवा र पर्यटकीय गन्तव्यस्थलको लागि आवश्यक विरुवा आदिमा ध्यान राखी वृक्षारोपणलाई जोड दिनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाअध्यक्ष एवम् वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले भक्तपुर नगरको विभिन्न क्षेत्रमा वृक्षारोपण गर्न र वडा वडामा वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिनुभयो ।

कार्यक्रममा जिल्ला वन कार्यालयका प्रमुख जिल्ला वन अधिकृत फणिन्द्र पोखरेलले वनको बारेमा प्रस्तुति गर्दै वायु एवम् ध्वनि प्रदूषण र तापक्रम नियन्त्रण, कार्बन सञ्चिति, अक्सिजन उत्पादन तथा हरित गृह प्रभाव न्युनीकरण, जल सञ्चय, भू–संरक्षण, सांस्कृतिक, आर्थिक महत्त्व, शैक्षिक, अनुसन्धानात्मक, भू–दृश्य, सौन्दर्यीकरण, स्वास्थ्य र शारीरिक, मनोरञ्जनात्मक आदिको लागि सहरी वन महत्त्वपूर्ण रहेको बताउनुभयो ।

# ahf/ cg'udgdf k;n gjLs/0f / gfd;f/L ug{ ;'emfa

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा असार २२ गते सुकुलढोकादेखि दत्तात्रयसम्मका पसलहरूमा अनुगमन गऱ्यो ।

अनुगमनमा न्हुन्छेभक्त कोजुको किराना पसलमा प्रमाणपत्र पसलमा राख्नुपर्ने र साइनबोर्ड राख्नुपर्ने, बी.एन.शुज एण्ड फेन्सी स्टोर दर्ता नभएकोले तीन दिनभित्र दर्ता गर्न, शंकर ध्वजुको किराना पसलमा मूल्यसुचि राख्न, मायाज स्टोरमा मूल्यसुचि राख्न र पसल तीन दिनभित्र नवीकरण गर्न, खागी स्टोरलाई तीन दिनभित्र पसल दर्ता गर्न, गुजेश्वरी दिस्तीको किराना पसलको दर्ता प्रमाण पत्र पसलमा राख्न सुझाव दिएको थियो । म्याद नाघेको ट्याङ्गो भेटिएको, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न र प्याकेजिङ सामानमा लेभल राखेर बिक्री गर्न, विमल थापाको चिया तथा मिठाई पसल तीन दिनभित्र दर्ता गर्न र पसल सफा राख्न, राजेन्द्र प्रजापतिको किराना पसल तीन दिनभित्र दर्ता गर्न, आनान्दकुमार श्रेष्ठको स्टेशनरी पसल नवीकरण र नामसारी गर्न सुझाव दिएको अनुगमन समितिका सदस्य हरिराम सुवालले बताउनुभयो ।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशका दिलिपकुमार सुवाल, रामकृष्ण प्रजापति, करशाखाका मोहनदेवी ब्याञ्जु, जिल्ला प्रशासन कार्यालयका लुना श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, महानगरीय प्रहरी परिसरका राजबहादुर डगौरा र भक्तपुर उद्योग वाणिज्य संघका सञ्जय जोन्छेको सहभागिता रहेको थियो ।

# विकासमा भक्तपुर मोडल

• अर्जुन पौडेल

*(सिसडोल डम्पिङ साइटमा थोरैमात्र समस्या आउँदा काठमाडौं र ललितपुर महानगरमात्रै होइन, बनेपा नगरपालिकासमेत फोहोरले दुर्गन्धित बन्छ । काठमाडौं उपत्यकाका अन्य स्थानीय तहको हालत पनि उस्तै छ, भक्तपुर नगरपालिकाबाहेक । स्वास्थ्य, शिक्षा, उद्योग, फोहोर व्यवस्थापन, सांस्कृतिक सम्पदाको संरक्षणलगायत समग्र विकासमा भक्तपुर नगरपालिका नमुना बनेको छ । आखिर भक्तपुरले अन्य स्थानीय तहले गर्न नसकेको राम्रो काम के गरेको छ ? अरूले सिक्नैपर्ने के गरेको छ भक्तपुरले ? भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग नयाँ पत्रिकाका सम्वादाता अर्जुन पौडेलले लिनुभएको अन्तरवार्ता सामान्य सम्पादनसहित प्रकाशित गरिएको छ –सं.)*

### सरसफाइ:नगरको फोहोर नगरभित्रै मोहरमा बदल्दै

भक्तपुर नगरपालिकामा फोहोरले कुनै पीडा दिएको छैन । बरु, फोहोरले मोहर दिलाएको छ । दैनिक ३० टन उत्पादन हुने फोहोर नगरभित्रै व्यवस्थापन गरिएको छ । कुहिने र नकुहिने फोहोरलाई घरमै छुट्टाछुट्टै सङ्कलन गर्ने व्यवस्था मिलाइएको छ । हरेक परिवारलाई दुईवटा बाल्टिन नगरपालिकाले रु.२००।– लिइ उपलब्ध गराएको छ । फोहोर फालिदिएबापत् नगरपालिकाले प्रत्येक घरबाट केबल ३० रूपैयाँ कर लिन्छ ।

नागरिकको घरबाट उठाएको कुहिने फोहोर कम्पोस्ट मल बनाएर किसानलाई सस्तोमा बेच्छ । नगर क्षेत्रकै किसानलाई मल किन्न प्राथमिकता दिन्छ । नकुहिने फोहोर तत्काल बेचिदिन्छ । फोहोर बेचेरै नगरपालिकाले वार्षिक २–३ लाख रूपैयाँ आम्दानी गर्दै आएको प्रमुख सुनिल प्रजापतिले बताए । फोहोर उत्पादन घटाउन नगरपालिकाले नगरवासीलाई अनुदानमा कम्पोस्ट बिन पनि उपलब्ध गराएको छ ।

दुई हजार दुई सय पर्ने कम्पोस्ट बिन नगरवासीले एक हजारमा खरिद गर्न सक्छन् । त्यस्तै कौसी खेतीलाई पनि प्रवर्द्धन गर्दै आएको छ । फोहोरबाटै बायोग्यासलगायत वैकल्पिक ऊर्जा निर्माण गर्ने सोच पनि भक्तपुर नगरपालिकाले बनाएको छ ।

नगरभित्र १ सय ४९ जना सफाइ कर्मचारी छन् । कसैले फोहोर फाले सफाइ कर्मचारीले तत्काल टिपेर लैजान्छन् । त्यसैले त भक्तपुर नगर क्षेत्र सफाचट छ । प्रत्येक महिनाको १ र १५ गते सबै जनप्रतिनिधि, कर्मचारी, स्थानीय क्लब, डाफा–भजन, संघ–संस्थाको सहभागितामा कहिले मठ–मन्दिर त कहिले खोलानाला र घाट सफाइ गर्दै आएको छ । नगरभित्रका ९२ विद्यालयलाई उनीहरूले रोजेको सम्पदा सफा राख्ने जिम्मा दिइएको छ । नगरवासीसँग फोहोर फालेबापत् महिनाको ३० रूपैयाँ मात्र कर लिँदै आएको छ ।

यसैगरी नगर क्षेत्रका हनुमन्ते र खसाङखुसुङ खोला सफाइका लागि ढलको पानी सिधै खोलामा मिसिनबाट रोक्न केन्द्रीय सरकारको सहयोगमा खोलाको दुवै किनारमा फोहोर बग्ने ढल राख्ने काम भइरहेको छ ।

### शिक्षा : नगरकै ६ कलेज, इन्जिनियरिङ पढ्नेलाई निजी कलेजमा भन्दा सस्तो र गुणस्तरीय

भक्तपुर नगरपालिकाले सरकारी विद्यालयलाई सामुदायिक बनाउने सरकारी नीतिको विरोध गर्‍यो । विद्यालय व्यवस्थापन आफैंले जिम्मा लियो । सरकारी विद्यालय समुदायलाई जिम्मा लगाएर दायित्वबाट पन्छिने सरकारी प्रवृत्ति रोक्यो । जसको नतिजा गतिलो निस्कियो ।


नगरभित्र रहेका ९२ स्कूल मध्ये ३५ स्कुल सामुदायिक छन् । केही सरकारी विद्यालयमा शिशुकक्षादेखि

**केही गर्न इच्छाशक्ति चाहिन्छ**

**सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका**



देश र जनताको निम्ति केही गर्ने दृढ इच्छाशक्ति चाहिन्छ । कानुन, बजेट, कर्मचारी तपसिलका विषय हुन् । संविधानले देशको मूल कानुनसाग नबाँझिने गरी कानुन बनाउने, कार्यान्वयन गर्ने र न्यायपालिकाको समेत काम गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । यो सुविधा केन्द्रीय सरकारलाई समेत छैन । जनताको आकांक्षाअनुसार इमानदारीपूर्वक काम गर्नुपर्छ । हरेक काम पारदर्शी हुनुपर्छ । हामीले गरेका हरेक काममा जनसहभागिता छ र त जनताको अपनत्व छ ।


भनपा वडा नं. २ व्यासीस्थित भक्तपुर नगरपालिकाको नयाँ भवन

स्नातकोत्तरसम्मको पढाइ हुन्छ । कुनै सरकारी विद्यालयमा चार हजारभन्दा बढी विद्यार्थी छन् । वागीश्वरी मावि, बासु मावि, आदर्श मावि, मेघा मा.वि., श्री पद्म मा.वि. भक्तपुरका चर्चित सरकारी विद्यालय हुन् । यी विद्यालयले एस.ई.ई. परीक्षामा राम्रो नतिजा निकाल्दै आएका छन् ।

पहिले एस.एल.सी. र अहिले एस.ई.ई. परीक्षाको नतिजामा भक्तपुर जिल्ला हरेक वर्ष नेपालकै पहिलो, दोस्रो वा तेस्रो हुँदै आएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगरपालिकाका प्रमुखदेखि अन्य पदाधिकारी छन् । सामुदायिक विद्यालयको शैक्षिकस्तर उठाउन यस वर्षदेखि मन्टेश्वरी सिकाइ प्रविधिको तालिम सञ्चालन गर्दै आएको छ ।

नगरपालिकाले सातवटा शैक्षिक संस्थाहरू आफैं सञ्चालन गर्दै आएको छ । दुईवटा इन्जिनियरिङ कलेज छन् । यी कलेजबाट हरेक वर्ष ४३२ इन्जिनियर जन्मिन्छन् । यी दुवै कलेज इन्जिनियरिङमा देशकै उत्कृष्ट मानिन्छन् । देशका ७६ जिल्लाका विद्यार्थी यहाँ अध्ययन गरिसकेको प्रमुख प्रजापतिले बताए । भक्तपुर नगरपालिकाले सञ्चालन गरेको इन्जिनियरिङ कलेज विद्यार्थीको पहिलो रोजाइमा पर्छ । किनभने यहाँ पढ्ने हरेक विद्यार्थीले निजी कलेजमा भन्दा धेरै सस्तोमा पढ्न पाउँछन् । इन्जिनियरिङका विद्यार्थीलाई स्थानीय सम्पदाको बनोटबारे पनि पढाइन्छन् ।

नगरपालिकाले नर्सिङ कलेज पनि सञ्चालन गर्दै आएको छ । हरेक वर्ष ४० जना नर्स उत्पादन हुन्छन् । यीबाहेक, ओभरसियर, व्यवस्थापन, शिक्षा, मानविकी र विज्ञान विषयमा स्नातकोत्तरसम्मको पढाइ हुन्छ ।

भक्तपुर नगरपालिकाले शिक्षक, अभिभावक र विज्ञसँग सल्लाह गरी कक्षा १ देखि ६ सम्मका लागि स्थानीय पाठ्यक्रम लागू गरेको छ । नयाँ पाठ्यक्रममा भक्तपुरको इतिहास, भूगोल, कला-संस्कृति, सम्पदा, खेलकुदलगायत समेटिएको छ । ख्वपः विश्वविद्यालय बनाउने प्रयास भइरहेको छ । तर, नगरपालिकाले सम्पूर्ण तयारी सकेको विधेयक संसदमै वर्षौंदेखि अल्झिएको प्रमुख प्रजापतिले बताए । 'हाम्रोभन्दा पछि प्रयास गरेका राजश्री जनक विश्वविद्यालय, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापना भए,' उनले भने, 'हाम्रो भने स्वीकार गरिएन ।'

**स्वास्थ्य : घरघरमा निःशुल्क नर्सिङ सेवा, ५० रुपैयाँमा विशेषज्ञ सेवा**

भक्तपुर नगरपालिकाका नागरिकले घरमै निःशुल्क नर्सिङ सेवा पाउँछन् । घर-घरमा नर्सिङ सेवा प्रदान गर्ने भक्तपुर एकमात्र नगरपालिका हो । नगरका १० वटै वडाका लागि एक-एक जना नर्स नियुक्त गरेको र उनीहरू घर-घरमा पुगेर नर्सिङ सेवा प्रदान गर्ने गरेको प्रजापति बताउँछन् । नर्ससँगै स्वास्थ्य स्वयम्सेविका पनि सेवामा खटिन्छन् । घरघरमा पुगेर रक्तचाप र सुगर परीक्षण, गर्भवती र सुत्केरी जाँचलगायत गर्छन् ।

नगरपालिकाले एउटै जनस्वास्थ्य क्लिनिकको तीनवटा शाखासमेत सञ्चालन गर्दै आएको छ । ९ जना

विशेषज्ञ डाक्टर सहित २३ जना डाक्टर नियुक्त गरेको छ । बालरोग, स्त्रीरोग, नाक, कान, घाँटी रोग, छालारोग, नसा तथा हाडजोर्नी विशेषज्ञबाट नगरवासीले स्वास्थ्य सेवा लिँदै आएका छन् । उनीहरूले केबल ५० रूपैयाँको टिकट काटेर विशेषज्ञ सेवा लिन सक्छन् । दोस्रोपटक ३० रूपैयाँमै उक्त सेवा लिन सकिने नगरपालिकाले जनाएको छ ।

आगामी वर्ष २५ शैय्याको ख्वपः अस्पताल सञ्चालन गर्ने लक्ष्य भक्तपुर नगरपालिकाको छ । त्यसका लागि भौतिक पूर्वाधार निर्माण तीव्र रूपमा भइरहेको छ । नगरपालिकामा विशेषज्ञ डाक्टर कम भए भनेर यस वर्षबाट नगरपालिकाले आफ्नै खर्चमा दुईजना डाक्टरलाई एम.डी., एम.सी.एच. गर्न छात्रवृत्तिमा पढाउने निर्णय गरेको छ ।

**बालबालिका : मासिक एक हजार रूपैयाँमा शिशुस्याहार**

नगरपालिकाले ६ वटा वडामा शिशुस्याहार केन्द्र सञ्चालन गरेको छ । नगरवासीले मासिक एक हजार रूपैयाँ तिरेपछि दिनभर बालबच्चा यहाँ राख्न सक्छन् । कामकाजी महिलाले आफ्ना बालबच्चा यहाँ राखेर काममा निस्किने गरेका छन् । बच्चाको सम्पूर्ण स्याहारसहित दिनमा दुईपटक खाना खुवाइन्छन् । प्रत्येक वडामा कम्तीमा एउटा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने उद्देश्यअनुसार काम भइरहेको प्रमुख सुनिल प्रजापतिले बताए ।

> **सूचना चुहिने भन्दै गैरसरकारी संस्था निषेध**
>
> कामभन्दा प्रचार धेरै गर्ने, स्थानीय सूचना विदेशसम्म पुऱ्याउने भन्दै नगरपालिकाले एनजीओको उपस्थिति शून्यमा झार्ने नीति लिएको छ । मल्लकालीन एक सम्पदाको नक्सा बेलायतको लाइब्रेरीमा भेटिएपछि सूचना चुहिने निष्कर्ष नगरपालिकाले निकालेको हो ।

**बजार : दैनिक अनुगमन**

भक्तपुर नगर क्षेत्रका बजार अनुगमन नियमित हुन्छ । नगरपालिकाको नेतृत्वमा प्रहरी र उद्योग वाणिज्य तथा उपभोक्ता समितिका प्रतिनिधिले दैनिक अनुगमन गर्छन् । कालोबजारी गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने र म्याद नाघेको वस्तु बेच्ने, दर्ताविना व्यवसाय सञ्चालन गर्ने, ढक-तराजु नवीकरण नगर्नेलाई सचेत गराउने तथा अटेरी गर्नेलाई कानुनी कारबाही गर्दै आएको छ । त्यस्तै नगरपालिकाभित्र सञ्चालित मासुपसल र वधशालाको पनि नियमित अनुगमन र चेकजाँच हुने गरेको छ ।

**सम्पदा पुनर्निर्माण : ४७, योजनामा २७ पूरा भइसके**

भक्तपुरको अधिकांश पुरातात्त्विक संरचनाको पुनःनिर्माण सुरु भइसकेका छन् । केही पुनःनिर्माण भइसके, केही सम्पन्न हुने क्रममा छन् । सम्पदा संरक्षणका ४७ योजनामध्ये २७ वटा पूरा भइसकेका र बाँकी पनि पूरा हुने क्रममा रहेको नगरपालिकाले जनाएको छ । एक वर्षभत्र भूकम्पबाट क्षति पुगेका अधिकांश सम्पदाको पुनःनिर्माण सकिसक्ने लक्ष्य रहेको प्रमुख प्रजापतिले जानकारी दिए । उपभोक्ता समितिमार्फत् पुनःनिर्माण गरिएकाले कुनै विवाद पनि छैन । 'उपभोक्ता सचेत छन्, सम्पदा संरक्षणमा जागरुक छन्, त्यसैले गलत हुन दिएका छैनन्,' उनले भने, 'बरु पुरातत्त्व विभागले बनाउन सुरु गरेका केही संरचना रोकेका छौं ।'

सम्पदा पुनःनिर्माणमा ठेकेदारी प्रथा छैन । ठेकेदारले बाहिरबाट मजदुर ल्याउने, स्थानीय सम्पदाबारे उनीहरूलाई थाहा नहुने, छिटो सक्न गुणस्तरहीन काम गर्न सक्ने र नगरपालिकाको पैसा बाहिर जाने भएकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गर्ने गरिएको नगरपालिकाको तर्क छ । उपभोक्ता समितिमार्फत् काम गराउँदा स्थानीयले नै रोजगारी पाउने र सम्पदाप्रति अपनत्व महसुस हुने नगरपालिकाको बुझाइ छ ।

नगरभित्रका पुरानो बस्तीमा नयाँ घर बनाउँदा पनि पुरानो शैली म्हास्न नपाउने, बाहिरी भागमा इँटा देखाउनुपर्ने, अगाडिको भागमा झिंगटी लगाउनुपर्ने र काठ देखाउनुपर्ने प्रावधान कायम गरेको छ । उल्लङ्घन गर्नेको नक्सापास नै रोकिदिने र संरचना भत्काइदिने गरेको छ । नियम पालना गर्नेलाई काठ, झिंगटी र इँटाको खर्चमध्ये ३५ प्रतिशत नगरपालिकाले अनुदान दिने गरेको पनि प्रमुख प्रजापतिले बताए ।

वडा नम्बर १ मा रहेको भाज्यपोखरीलाई पुरानै शैलीमा निर्माण गर्ने तयारी भइरहेको छ । २७ रोपनी क्षेत्रफलमा निर्मित पोखरीमा पानी चुहिनबाट रोक्न पोखरीको छेउ छेउमा कालो माटो भरिसकिएको र नक्सा डिजाइन अन्तिम चरणमा पुगेको उनले बताए ।

**एनजीओ निषेध : नगर क्षेत्र गैरसरकारी संस्थामुक्त गर्ने नीति**

गैरसरकारी संस्थाहरूले कामभन्दा प्रचार बढी गर्ने, महत्त्वपूर्ण सूचना लिएर विदेश पुऱ्याउने भएकाले विदेशी पैसाको भरमा चल्ने गैरसरकारी संस्थाको उपस्थिति शून्यमा झार्ने नीति भक्तपुर नगरपालिकाको छ । 'आजै मात्र पनि दुईवटा संस्था आएका थिए नगरभित्र काम गर्न भनेर । हामीले अनुमति दिएनौं । निकैबेर गल्फती पऱ्यो,' प्रमुख प्रजापतिले सुनाए ।

भूकम्पबाट क्षति पुगेको भक्तपुरको चित्रकला विभाग राणाकालमा नयाँ शैलीमा पुनःनिर्माण गरिएको थियो । यसलाई मल्लकालीन शैलीमा पुनःनिर्माण गर्ने निर्णय भयो । तर, मल्लकालीन नक्सा कतै भेटिएनन् । खोज्दै जाँदा अन्ततः बेलायतको एक लाइब्रेरीमा भेटियो भनी केही लेखकहरूले लेख लेखे । गैरसरकारी संस्थाहरूले देशको सूचना विदेश पुऱ्याउँछन् भन्ने गतिलो उदाहरण यही भएको प्रजापति बताउँछन् ।

यसैगरी गैरसरकारी संस्थाले मानिसको मनस्थिति पनि बिगारिदिने उनको तर्क छ। युगोस्लाभिया टुक्रा-टुक्रा हुनुमा गैरसरकारी संस्थाको भूमिका महत्त्वपूर्ण रहेको उनको बुझाइ छ। टुक्रिनुअघि युगोस्लाभियामा हजारौं गैरसरकारी संस्था कार्यरत रहेको उनले बताए।

गृहिणीलाई सीपमूलक तालिम दिने, सिलाइकटाइका तालिम दिने, युवाहरूलाई खेलकुदको प्रशिक्षण दिने, विभिन्न सांस्कृतिक कार्यक्रमका लागि आर्थिक सहयोग दिने, संस्कृति र परम्परा रक्षा गर्न प्रोत्साहन गर्नेजस्ता गैरसरकारी संस्थाले गर्ने काम नगरपालिका आफैले गर्दै आएको छ।

**आवास योजना : यसरी बनायो दुई आवास क्षेत्र**

नगरपालिकाको लगानी र रेखदेखमा दुईवटा आवास योजना सञ्चालनमा छन्। एउटामा सार्वजनिक र निजी जग्गा अधिग्रहण गरेर १,६५३ रोपनी क्षेत्रफलमा बाटो, ढल, निकास, खुला ठाउँ, विद्युतीकरण, ग्रीनबेल्ट र खेलकुद पार्क निर्माण गरी बाँकी जमिन जनतालाई नै फिर्ता दिनेछ। यो आवास क्षेत्रमा करिब ३ सय घर पहिले नै बनिसकेका छन्।

अर्को आवास क्षेत्र ५१४ रोपनी जग्गामा फैलिएको छ। पुरानो नगर क्षेत्रको मौलिकता कायम राख्न र त्यहाँ हुने भीडभाड कम गर्न सरकारी कार्यालय पनि आवास क्षेत्रभित्र सार्ने काम जारी छ।

व्यवस्थित सहर निर्माणका लागि आवास योजना सञ्चालन गरिएको प्रजापतिले बताए। नगरपालिकाले समयमै आवास योजना सञ्चालन नगरेको भए जग्गा दलाली गर्नेले ५-१० रोपनी जग्गा लिएर स्थानीयलाई केही रकम दिएर प्रशस्त आम्दानी गरिसक्ने उनको भनाइ छ। जति लगानी बाटोमा खर्च भयो त्यही लगानीमात्र कटौती गरेर जमिन फिर्ता दिंदा हिजो जनतालाई रोपनीको आउने मूल्य अहिले आनाकै आउने उनले बताए।

**खेलकुद : युवालाई विभिन्न खेलको तालिम**

प्रमुख प्रजापतिका अनुसार युवालाई कुलतमा फस्नबाट जोगाउन, अनुशासित बनाउन र स्वस्थ नागरिक तयार गर्न नगरपालिकाले कराँते, किकबक्सिङ, फुटबल, भलिबल, टेबुलटेनिसको तालिम दिँदै आएको छ। ती तालिम विद्यालयस्तरमा विस्तार गर्ने सोच रहेको सुनाए। नगरपालिकाभित्र दुईवटा ठूला खेलकुद मैदान छन्। स्थानीय क्लब र व्यायाम मन्दिरलाई खेलकुदका सामग्री प्रदान गर्नेदेखि आर्थिक सहयोगसमेत गर्दै आएको छ।

**व्यवस्थापन हेर्न आउँछन् देशभरिका जनप्रतिनिधि**

शिक्षा, स्वास्थ्य, फोहोर व्यवस्थापन, पुनर्निर्माण, सांस्कृतिक सम्पदाको संरक्षण, व्यवस्थित सहर निर्माणलगायतका क्षेत्रमा गरेका नमुना कामहरू हेर्न देशभरका जनप्रतिनिधि अहिले भक्तपुर नगरपालिकाको अवलोकनमा आउन थालेका छन्।

**संस्कृति संरक्षण : सांस्कृतिक कला सिकाउँदै**

भक्तपुर नगरपालिकाले गरेका महत्त्वपूर्ण काममध्ये संस्कृति संरक्षण पनि एक हो। संस्कृति र परम्परालाई संरक्षण गर्न नगर क्षेत्रभित्र दाफा, भजन चलाउने, नाचगानका लागि प्रोत्साहन गर्ने, बासुरी र अन्य वाद्यवादनको तालिम दिने काम पनि गर्दै आएको छ।

**कानुन निर्माण : संविधानसँग नबाँझिने गरी नगरको आफ्नै कानुन**

देशभरका स्थानीय तह कानुन अभावमा काम गर्न पाएनौं भन्ने गुनासो गरिरहेका छन्। तर, भक्तपुर नगरपालिकालाई काम गर्न कानुनले रोकेको छैन। देशको संविधानसँग नबाँझिने गरी शिक्षा, स्वास्थ्य, सहकारी, फोहोर व्यवस्थापन, बजार अनुगमनलगायत विषयमा १८ कानुन निर्माण गरेर काम गर्दै आएको छ। 'अधिकार छैन भनेर बस्ने होइन। आफूलाई चाहिने अधिकार आफैं बनाउने हो,' प्रमुख सुनिल प्रजापतिले भने, 'संविधानले स्थानीय निकायलाई कानुन बनाउने, कार्यान्वयन गर्ने र न्यायपालिकाको काम गर्ने अधिकार पनि दिएको छ जुन अधिकार केन्द्रीय सरकारलाई पनि उपलब्ध छैन।'

**पुस्तकालय : आधुनिक पुस्तकालय सञ्चालन, निःशुल्क इन्टरनेट सुविधा**

पाठकको माग र विद्यार्थीको आवश्यकतालाई मध्यनजर गर्दै नगरपालिकाले आधुनिक पुस्तकालय पनि सञ्चालनमा ल्याएको छ। पुस्तकालयमा साहित्य, दर्शन, इतिहास, कला-संस्कृति आदि विषयका पुस्तक राखिएका छन्। पुस्तकालयमा निःशुल्क इन्टरनेट सेवा पनि उपलब्ध छ।

**एकै वर्षमा सबै भएको होइन**

भक्तपुरको विकास हालका जनप्रतिनिधिहरूले एकै वर्षमा गरेको भने होइन। भक्तपुरमा विगतदेखि स्थानीय तह र संसदमा प्रतिनिधित्व गर्ने दल नेमकिपा हो। अहिले पनि भक्तपुर नगरको नेतृत्वमा रहेका प्रजापति नेमकिपाकै हुन्। उनी भक्तपुरको विकासको श्रेय पार्टीलाई दिन्छन्। हुन पनि सबै विकास नेमकिपाको चुनावी घोषणपत्रअनुसार नै भइरहेको छ। २०५४ को स्थानीय चुनावमा शिक्षण संस्था स्थानीय निकायले सञ्चालन गर्ने पार्टीको घोषणा, सम्पदा संरक्षणमा जनसहभागिता गराउने पार्टीको नीतिले नै नगरलाई व्यवस्थित बनाएको उनी बताउँछन्।

*(स्रोतः नयाँ पत्रिकाबाट - १९ साउन २०७५)*

## पत्रपत्रिका तथा सामाजिक सञ्जालका टिप्पणीहरू

# अरूलाई केले रोक्छ हँ ?

उही कुलो खेत बिउ सबै उही, उसैगरी रोपिदिए पनि कहीं हुँदैन धान्यादिक चैत्रमा किन, तँलाई मालुम छ कि यो कुरा मन ?

कवि लेखनाथ पौडेलले गरेको यो प्रश्नका अनेक सन्दर्भमा अनेक अर्थ लाग्छन् । यस प्रश्नको सीधा आशय प्रकृतिका नियमसँग सम्बन्धित छ । आफ्ना चाहनाअनुसार हिंड्न चल्न खोजेर प्रकृतिका नियम बदल्न सकिन्न भन्ने अर्थ लाग्छ । तर, यता नेपालमा चाहिं प्रकृतिसँग नगाँसिएका बरु सीधा मानिसले बनाएका सामाजिक वैयक्तिक मनोविज्ञानका कारण देखिएका कार्यकारण सम्बन्धमा भिन्नता र विविधताले सबैलाई हैरान पारेको छ । अहिले सर्वत्र मानिस विकासको बहस गरिरहेका छन् । सबैलाई परिवर्तन चाहिएको छ ।

त्यो पनि भोलि होइन, अहिल्यै । प्रधानमन्त्री र मन्त्री, सत्तापक्ष र प्रतिपक्षका नेता र कार्यकर्ता रातदिन विकास, समृद्धि र समाजवादका नारा भट्याइरहेका छन् । नाराकै भरमा हुन्थ्यो भने त नेपाली स्वर्गको आनन्दले थाकेर केही समय मर्त्यलोक हेरेर आउनुपर्यो भनेर फर्कने बेला भइसकेको हो । तर, यता देशको हालत भने सारा मानिसलाई नर्कवास गराउन लागिएको हो कि भनेजस्तो छ । यस्तोमा एउटा विशिष्ट र भिन्न विकासे बाटो समातेको छ भक्तपुर नगरपालिकाले । यस्ता काम देशभित्र मात्र होइन, बाहिर पनि अनुकरणीय छन् ।

नगरपालिकाले नगरवासीको सेवामा शिक्षा, स्वास्थ्य, स्थानीय पूर्वाधार निर्माण, पुरातात्त्विक महत्त्वका संरचना पुनर्निर्माण र संरक्षणजस्ता क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । स्तरीय सरकारी विद्यालय छन् । प्रत्येक घरमा नर्सले सेवा दिन सक्ने गरी व्यवस्थापन गरिएको छ । नगरको आफ्नो जनस्वास्थ्य केन्द्रसमेत छ । फोहोरमैला व्यवस्थापन गर्न प्रतिपरिवार जम्मा ३० रुपैयाँ महिनामा तिरे पुग्छ । यी र यस्ता अनेक काम गरेर भक्तपुर नगरपालिकाले देशका अरू नगरपालिकाभन्दा भिन्न ढंगले स्थानीय शासन सञ्चालन गरेको छ ।

त्यहाँका जनप्रतिनिधि गफ गरेर समय फाल्दैनन् । जनताका काम भाँती र ढङ्ग पुऱ्याएर जनतालाई नै साथ लिएर गर्छन् । यहींनिर कवि लेखनाथको उल्लिखित कविताको प्रश्न सम्झना आउँछ । भक्तपुरले अरू नगरको भन्दा भिन्न धेरै पैसा लिएको पनि छैन । सरकारबाट पाउने बजेट उस्तै हो । नगरपालिकाको अधिकार पनि उस्तै हो । प्रतिनिधि छनोट हुने विधि पनि उही हो ।

देशको कानुन, संविधानका विषय पनि उस्तै हुन् । तर, भक्तपुरको सिको भरतपुरले किन गर्दैन ? सुर्खेत वीरेन्द्रनगर, दमौली व्यास नगरपालिका, चन्द्रागिरी या कागेश्वरी नगरपालिकाले चाहिं किन गर्न सक्दैनन् ? उही खर्चले उता गरिने काम यता किन हुँदैन ? यसमा अवश्य पनि राजनीतिक दल र नेतृत्वको भूमिका महत्त्वपूर्ण होला ।

भक्तपुर त्यस्तो ठाउँ हो जहाँ राजनीतिक नेतृत्वको सुझबुझका कारणले २०२१ सालमा लागू गरिएको भूमिसुधारकै ऐनमा टेकेर मोही किसानलाई जमिनको मालिक बनाउने ऐतिहासिक काम भएको थियो । देशभर असफल भएको भूमिसुधार भक्तपुरमा चाहिं धेरै हदसम्म सफल भएको थियो । यसैगरी अहिले स्थानीय शासन सञ्चालन गरिरहेको नेमकिपाका नेता–कार्यकर्ताको जनपक्षीय नीतिकै कारणले सायद यो सारा सम्भव भएको छ । ठूला दलका नेताहरू हो ! यो भक्तपुरबाट सिक । उही पैसा, उही स्रोत, उही अधिकारले भक्तपुरको परिवर्तन सम्भव हुन्छ भने अन्यत्र किन सम्भव नहुने ?

*(नयाँ पत्रिकाको सम्पादकीय – २३ साउन २०७५)*

भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

## पत्रपत्रिका तथा सामाजिक सञ्जालका टिप्पणीहरू

### अरूले पनि सिक्नुपर्‍यो

नयाँ पत्रिका दैनिकको मुखपृष्ठमा प्रकाशित 'विकासमा भक्तपुर मोडल' शीर्षकको समाचार ध्यानपूर्वक पढें। जहाँ न्यूनत्तम शुल्कमा भरपर्दो सेवासुविधा उपलब्ध गराउने कार्यको थालनी भएको रहेछ। मासिक १००० रूपैयाँमा शिशुस्याहार, मासिक ५० रूपैयाँमा विशेषज्ञ सेवा, मासिक ३० रूपैयाँमा फोहोर विसर्जन, इन्जिनियरिङ अध्ययन गर्नेलाई निजी कलेजमा भन्दा सस्तो र गुणस्तरीय व्यवस्था, दैनिक बजार अनुगमन, घर-घरमा निःशुल्क नर्सिङ सेवाजस्ता कार्यको सुरुवात भएको रहेछ। यो अति स्वागतयोग्य कार्यको सुरुवात भएको रहेछ। यो अति स्वागतयोग्य काम हो।

यस्ता राम्रा कामको सुरुवात गरेकोमा भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिलगायत सम्पूर्ण जनप्रतिनिधि धन्यवादका पात्र हुनुहुन्छ। यो नमुना कामको प्रभावले यहाँको व्यवस्थापन हेर्न देशभरिका जनप्रतिनिधि यहाँ आउनु त्यहाँका कामप्रतिको सममान हो। भक्तपुर नगरपालिकाको यो कार्यबाट अन्य स्थानीय तहका जनप्रतिनिधिले पनि यस्तै र योभन्दा पनि अझ राम्रा काम गर्ने प्रेरणा पाऊन्।

**-बद्री सिवाकोटी, सुनखानी, दोलखा**
**हालः नयाँ बसपार्क, काठमाडौं**
*bdrshiwakoto@gmail.com*

●●●

देशमा रहेका अन्य स्थानीय तहले पनि भक्तपुरले गरेका कामबाट सिक्दै आफ्नो नगर र गाउँपालिकालाई सक्षम तथा विकसित गराउनुपर्छ। अब महानगरपालिका, नगरपालिका र गाउँपालिकाले पनि भक्तपुर नगरपालिकाबाट केही सिक्ने हो कि ? भक्तपुरका मेयरलाई बधाई।

***अमृता राई**, www.nayapatrikadaily.com*

●●●

सुनिल प्रजापतिजीलार्य हार्दिक बधाई ! उहाँलाई म ०५२/५३ देखि व्यक्तिगत रूपमै चिन्छु। उहाँ त्यतिबेला भक्तपुर नगरपालिकाको २ नं. का वडाध्यक्ष हुँदा पनि उहाँ आफ्नो काम गर्न नलजाउने मान्छे हो। खेतमा काम गर्न खर्पन बोकेर हिँडेको कतिपटक यिनै आँखाले देखेका हुन्। उहाँको नेतृत्वमा नगरपालिकाले समृद्धिको शिखर चुमोस्।

***ओम श्रमिक**, www.nayapatrikadaily.com*

●●●

**भक्तपुरबाट सिक्लान् त ?**

विद्यासुन्दर अनि चरीबाबुले त यो कुरा बुझ्दैनन्। कमसेकम पढेलेखेका कर्मचारीले बुझे त हुने हो। जस्ता जनता उस्तै नेता त हो। भक्तपुरका जनता मिहिनेती र विवेकी छन्।

***बिपी बादल**, www.nayapatrikadaily.com*

●●●

सम्पूर्ण टिमप्रति गर्व गर्दै उच्च सम्मान गर्दछौं। समाजवाद मोडेल यही हो, सबैले अनुसरण गरौं।

***पदम जोशी**, www.nayapatrikadaily.com*

●●●

भक्तपुर नपाको सिको सबै स्थानीय सरकारले गरौं ! राम्रो व्यवस्थापनको लागि भक्तपुर नगरवासी बधाईको हकदार छ !

***रुकु श्रेष्ठ***

●●●

भक्तपुरको विकासको नमुना राम्रो लाग्यो। हामी पनि यसबाट सिकौं

***वाइ.बी. थापा***

●●●

श्रद्धेय नारायणमान बिजुक्छेंको दुरदर्शिताको सफल परिणाम !

***सरोज माक***

●●●

देशमा रहेको अरु स्थानीय निकायले पनि भक्तपुरले गरेको कामबाट सिक्दै आफ्नो नगर र गाउँलाई सबल, सक्षम र विकसित गर्नुपर्छ।

***अमृत श्रेष्ठ***

●●●

केन्द्र सरकारमा बस्नेहरुले पनि कुनै बहानाबाजी नगरी यसैलाई अनुसरण गरे नेपाल र नेपालीको भाग्य चम्किन ५ वर्ष कुर्नुपर्दैन होला। भक्तपुरवासी र त्यहाँका जनप्रतिनिधिहरुलाई हार्दिक नमन !!! यस्तै राम्रा राम्रा कुराहरु सदा-सदा सुन्न पाउँ। नयाँ पत्रिकालाई पनि सकारात्मक खबर प्रकाशन गरेकोमा हार्दिक धन्यवाद !

***एम.बी. स्काइ***

●●●

बधाई छ भक्तपुरका मेयर साब। यस्तै उदाहरणीय काम गरेर अन्य नपा र गाउँपालिकाहरुले पनि देखासिकी गरुन्। तर यहाँ त राम्रो कामको देखासिकी गर्नेभन्दा भत्काउने र बिगार्नेमै राजनीति हुने गरेको छ। यस्तो भडुवा राजनीतिलाई भक्तपुरले स्थान नदेओस्। स्वर्ग बनोस् भक्तपुर।

***विष्णु अधिकारी***
*www.nayapatrikadaily.com **बाट***

●●●

नेपालको विशेषता बताउनको लागि भक्तपुर नै नेपालको अनुहार हुनेछ। जय भक्तपुर !

***सन्तोष गुनी***

●●●

नेता इमानार, कर्तव्यनिष्ट र दुरदृष्टि भएर काम गरेर टोल, गाउँ, सहर अनि देश बन्छ भन्ने राम्रो उदाहरण हो।

***कृष्ण कर्माचार्य***

सही मान्छे सही ठाउँमा पुग्यो भने परिवर्तन अवश्य हुन्छ।

***लोकेन्द्र खड्का***

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७५ असार ४ गते सोमबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति — उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी — ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री — ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला — ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा — ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल — ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य — ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल — ऐ
९. वडाध्यक्ष श्री उकेश कवां — ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली — ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व — ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा — ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल — ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) — ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) — ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला — ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल — ऐ
१८. सदस्य सचिव श्री रोहितराज पोखरेल — ऐ

## निर्णयहरू

### तेस्रो नगर सभा

यस नगरपालिकाको तेस्रो नगरसभा यही २०७५ असार ८ गते दिनको १ बजेदेखि सुरु गर्ने निर्णय गरियो। असार ८ गते आगामी आ.व. २०७५/०७६ का लागि नगर कार्यपालिकाको तर्फबाट नीति तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

### विभिन्न समितिका निर्णयहरू अनुमोदन

**महिला, बालबालिका तथा समाज कल्याण समिति:**

**मिति २०७५।२।११ गते**

क. यस भनपाबाट १० वटै वडामा सामाजिक सुरक्षा भत्ता वितरण २०७५ जेठ २० गतेदेखि जनप्रतिनिधिहरूबाटै वितरण गर्ने निर्णय गरियो ।

**मिति २०७५।२।३० गते**

क. काष्ठकला तालिम सञ्चालन गर्न आवश्यक काठ खरिद गर्ने निर्णय गरियो ।

ख. शिशु स्याहार केन्द्रहरूमा साइन बोर्डको व्यवस्था गर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७५।३।३ गते**

क. २ नं. वडा खेलकुद समितिद्वारा मिति २०७५ जेठ १८ र १९ गते भएको वडाव्यापी बुद्धिचाल प्रतियोगिताको लागि रु.१०,०००।- (दश हजार) मात्र आर्थिक सहयोग दिने निर्णय गरियो ।

ख. नेपाल बक्सिङ्ग संघको तत्वावधान तथा अखिल नेपाल खेलकुद संघको आयोजनामा मिति २०७५ असार १३-१६ गतेसम्म खुल्ला बक्सिङ्ग प्रतियोगितामा सहभागी गराउने निर्णय गरियो:

१. व्यवस्थापन श्यामकृष्ण खत्री
२. कोच केदार तुईंतुई
३. अस्मिता दुवाल
४. सरु ब्याञ्जु
५. सुस्मा खड्का

ग. भक्तपुर नगरपालिकाको प्रत्येक वडामा शारीरिक व्यायामको लागि १० सेट सामाग्री राख्नको लागि खरिद गर्ने निर्णय गरियो ।

घ. भनपाभित्र खेलकुद गतिविधिलाई क्रियाशिल बनाउन प्रत्येक वडाले ७५,०००।- (अक्षेरूपी रु. पचहत्तर हजार मात्र) को निम्नासार सामान खरिद गर्ने निर्णय गरियो:

**सामाग्रीहरू**

| क्र.सं. | खेलको नाम | सामानको नाम |
|---|---|---|
| १ | एथ्लेटिक्स खेल | ज्याबलिङ्ग थ्रो-२, सटपट-१ वटा, पाउण्टको-२ वटा, प्याटन-८ वटा |
| २ | ब्याटमिन्टन | राकेट-६, कक-६ वटा र चेस पायड-५० |
| ३ | फुटबल | १० वटा |
| ४ | भलिबल | १० वटा, नेट-१ सेट |
| ५ | टी.टी. | बल-५ सेट, नेट-१ सेट, ब्याट-२ वटा |
| ६ | बुद्धिचाल | बोर्ड-१० सेट |
| ७ | स्पट वाच | २ वटा |
| ८ | सिटी | २ वटा |
| ९ | डम्बेल | |
| १० | पम्प | २ वटा |

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०७५।३।१ गते**

क. यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमध्ये भौतिक सुधार तथा अन्य व्यवस्थापनको लागि यस कार्यालयमा निवेदन परेअनुसार विद्यालय अनुगमन समितिले तत् विद्यालयहरूमा अनुगमन गरी प्रतिवेदन पेश गरे अनुसार देहायबमोजिमका विद्यालयहरूलाई देहायबमोजिमको सुधारका लागि प्रति विद्यालय रु.२,००,०००।- (अक्षरेपी दुई लाख रूपैयाँ मात्र) का दरले सहयोग प्रदान गर्ने निर्णय गरियो :

- सरस्वती विद्यागृह मा.वि.:पुस्तकालयको भुई प्लाष्टर तथा रंगरोगन गर्न
- दत्तात्रय आधारभूत विद्यालय:शौचालय सुधार गर्न
- बाल सेवक आधारभूत विद्यालय:ICT ल्याबका लागि भूई प्लाष्टर र फर्निचर खरिद गर्न
- गणेश मा.वि. भार्वाचो:भन्याङको स्तरोन्नत्ति एवं भौतिक सुधार गर्न
- बासु मा.वि.:विद्यालय शिक्षाका लागि ICT निर्माण गर्न
- ब्रम्हायणी आधारभूत विद्यालय:प्लाष्टर तथा रंगरोगन गर्न
- नविन आधारभूत विद्यालय:खेलकुद तथा शैक्षिक सामाग्री व्यवस्थापन गर्न

ख. भक्तपुरको प्रसिद्ध सिठी नखःको सांस्कृतिक, वातावरणीय तथा ऐतिहासिक महत्त्वबारे चर्चा गर्न नगरका सबै विद्यालयहरूलाई परिपत्र गर्ने निर्णय गरियो।

**कृषि समिति**

**मिति २०७५।२।१३ गते**

क. कृषि समितिको आयोजनामा जेठ मसान्तभित्र भक्तपुर नगरका कृषकहरूलाई धान र माटो विषयमा जेटिए तालिम सञ्चालन गर्ने। तालिममा प्रति वडा ४/४ जना प्रशिक्षार्थी सहभागी गराउने।

ख. यस भ.न.पा.द्वारा सञ्चालन भइरहेको ३ महिने छाडा कुकुर व्यवस्थापन तथा खोप अभियानसम्बन्धी छलफल कार्यक्रम २०७५ जेठ १७ गते २ बजे हालसम्मको प्रगतिबारे जनप्रतिनिधिहरूलाई जानकारी गराउने।

ग. यस भ.न.पा.लाई प्राप्त हुने अनुदानको कृषि औजारमा ट्याक्टर लिने निर्णय भएअनुसार वडा-वडाको कृषि समितिको नामावली पठाउने।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७५।२।२९ गते**

क. प्रेम पंचसमेत ७ जनाले मिति २०७५।२।२८ गते यस कार्यालयमा दर्ता गर्नुभएको पत्र आफूले भोगचलन गरिआएको जग्गाहरूमा यस कार्यालयको फोहरमैला ल्याण्डफिल गरी जग्गाको उचाई बढाई दिन भन्ने गरेको पत्र सम्बन्धमा जग्गावालाहरू र नगरपालिका वातावरण समितिका पदाधिकारीहरूबीच जग्गामा फोहर राख्ने सम्बन्धमा छलफल भयो।

**विधायन समिति**

विधायन समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. विद्यालय समितिबाट पेश भएको तपसिलअनुसारको नीति तथा कार्यविधि पास गर्ने निर्णय गरियो :

१. भक्तपुर नगर क्षेत्रभित्र विज्ञापन सामाग्री (होर्डिङ्ग बोर्ड, फ्लेक्स बोर्ड) व्यवस्थित गर्ने सम्बन्धी नीति २०७५

२. 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्रसम्बन्धी कार्यविधि-२०७५

ख. यस नगरपालिकाको स्वामित्वमा रहेका तपसिलका भवन तथा पसल कवलहरूको बहाल सम्झौताको म्याद समाप्त भएकोले साविक शर्तअनुसार पुनः बहालमा दिन सूचना प्रकाशित गर्ने निर्णय गरियो :

**बहालमा दिने भवन तथा पसल कवलको विवरण**

| क्र.सं. | पसल कवल/भवन | हाल वडा नं. | न्यूनत्तम कवोल अंक (वार्षिक बहाल) रकम रु. |
|---|---|---|---|
| १ | कमलविनायक जनस्वास्थ्य भवन पसल नं. १ | १० | ३,२३,०००।- |
| २ | कमलविनायक नमुना भवन पसल नं. १ | १० | २,०६,५००।- |
| ३ | कमलविनायक नमुना भवन पसल नं. २ | १० | २,०६,५००।- |
| ४ | भगवतीस्थान जनस्वास्थ्य भवन पसल नं. १ | ५ | १,२०,०००।- |
| ५ | कुथुवही मिनिवस पार्क पसल नं. ५ | १ | २४,५००।- |
| ६ | राम मन्दिर पर्यटक शौचालयमुनिको पसल नं. २ | ४ | २२,,८ ००।- |

**निर्माण समिति**

२०७५।२।३१ र २०७५।३।४ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

**क) ल.ई स्वीकृत सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | फुलबारीको लागि जाली बनाउने कार्य | | ४,९२,४९५।४७ | | | | | | वातावरण समिति | |
| २ | आलाबु ग्राभेलिङ्ग | १ | १,५०,६९२।२८ | | | | | | मर्मत | |
| ३ | नपा भवन झ्याल ढोका रंगरोगन (रिभाइज्ड) | २ | ७,६०,७९४।२२ | १२,०६,१४७।७० | | | | | | स:झ्या चप्रा पलिश लगाउनुपर्ने भएकोले |
| ४ | शारदा कलेजबाट कमलबिनायक प्लानिङ्ग हुँदै तुमचोसम्मको बाटो ढल निकाश | १० | २२,१९,३२३।३६ | | | | | | खेलकुद कभर्ड हलबाट रकमान्तर | ल.ई स्वीकृत |
| ५ | सल्लाघारी आकाशे पुलबाट धालाखुसी बाटो ग्राभेलिङ्ग कार्य | १ | १,३६,६२१।७४ | | | | | | मर्मत कोष | ल.ई स्वीकृत |

**ख) पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तौलाछेंस्थित गणेश मन्दिरसहित सूर्यमढी पाटी (उ.स.अ.प्रेम प्रजापति) | ९ | १८,४६,९८५।८२ | | ११,७०,३५२।५८ | ७,७९,२२७।१५ | ५,००,०००।०० | २७९,२२७।१५ | नपा | पे.फ. |
| २ | तलातुछि पाटी पुन: निर्माण (उ.स.अ.आशकुमार प्रजापति) | ९ | २५,१०,९३२।७७ | | १३,०१,२५०।३८ | १२,७७,९१०।०० | ८,००,०००।०० | ४,७७,९१०।०० | आशिक पे.फ | थप पेश्की रू.५,००,०००।०० |
| ३ | असगाल गणेश मा.वि. अगाडि ढल निकाश (उ.स.अ.कान्छा खत्री) | १ | २,४९,६५५।२९ | | ३,३२,७८७।८५ | २,४९,६५५।५९ | १,९०,०००।०० | ५९,६५५।२९ | महिला/दलित | पे.फ. |
| ४ | लघुपाटी पुन: निर्माण (उ.स.अ.गोपालदास बासुकला) | २ | २२,१९,६३८।८१ | | १६,६४,२०६।०३ | १४,८८,८३४।०० | १,५०,०००।०० | ९०,२२९।१५ | नपा | पे.फ. |
| ५ | भजुपोखरी संरक्षण तथा कालो माटो भर्ने कार्य (कृष्णप्रसाद दुमरू) | १ | ११,६७,४३९।७२ | २१,२३,८११।६४ | १७,७८,४२६।४६ | १५,१४,८९७।०० | ८६०,०००।०० | ३,४९,१००।०० | मर्मत कोष | रिभाइज्ड तथा पेश्की फछ्र्यौट |
| ६ | लान्चापाटी पाइपलाइन बाटोमा ग्राभेलिङ्ग कार्य मदनबहादुर थापा) | १० | ७,४५,६८०।७० | १२,२४,४०९।५० | ११,५१,०३५।४२ | ७,४५,२३०।०० | २,५०,०००।०० | ४,९५,२३०।०० | वडा | रिभाइज्ड तथा पेश्की फछ्र्यौट |
| ७ | महेश्वरी उकालो बाटो मर्मत कार्य (कृष्णराम ख्याजू) | ७ | | ६,७८,५६९।९१ | ४,५४,७५०।६६ | ४,२०,०००।०० | २,००,०००।०० | २,२०,०००।०० | सडक बोर्ड | आ.पे.फ. थप पेश्की रू.२ लाख |

**ग) भुक्तानी सम्बन्धमा**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सुलोक ट्रेडिङ कम्पनी (वडा ९ नं बहुउद्देश्यीय भवनमा बालुवा, ईटा ल्याएको) | ९ | स्वीकृत बोलपत्र अनुसार | २,८८,८५१।०० | नपा बजेट | |
| २ | तुल्सी कन्स्ट्रक्सन दोश्रो बिल भुक्तानी (वडा ९ नं. बहुउद्देश्यीय भवनमा सालको काठ ल्याएको) | ९ | स्वीकृत बोलपत्र अनुसार | ४८,४,१८,५२।२५ | नपा बजेट | |
| ३ | सिरूवा कन्स्ट्रक्सन कम्पनी दोश्रो बिल भुक्तानी (वडा ९ नं बहुउद्देश्यीय भवनमा सिमेन्ट र डण्डी ल्याएको) | ९ | स्वीकृत बोलपत्र अनुसार | १९,२२,६५४।१६ | नपा बजेट | |
| ४ | सिरूवा कन्स्ट्रक्सन कम्पनी तेश्रो बिल भुक्तानी (वडा ९ नं बहुउद्देश्यीय भवनमा सिमेन्ट र डण्डी ल्याएको) | ९ | स्वीकृत बोलपत्र अनुसार | १,५४,१७६।४० | नपा बजेट | |

**घ) अन्य**

| | |
|---|---|
| १ | आ.व. ०७४/७५ मा वडा नं. १, को वडास्तरीय बजेट रू.५० लाखअन्तर्गत वडाबाट सञ्चालन भएका योजनाहरूको सम्बन्धित वडाबाट नपामा पठाएकोले सोको जानकारी गरियो । |

**विविध**

**क.** भक्तपुर नगरपालिका क्षेत्रभित्रका सम्पदाहरू जिर्णोद्धार तथा पुनः निर्माण गर्न आवश्यक काठ खरिदका लागि Timber Corporation of Nepal को बैंक खातामा नगद रु.२५,००,०००।- (अक्षरेपी पच्चीस लाख रूपैयाँ मात्र) जम्मा गर्ने निर्णय गरियो ।

**ख.** यस कार्याल्यको बा ५ च २५२८ नं. टोयोटा ल्याण्ड क्रुजर गाडीको इन्जिन मर्मत गराउनुपर्ने भनी चालक मनोजकुमार छुकांबाट पेश भएको भ्याट (बाहेकको रु.२,२२,९७५।- को अनुमानित लागत स्वीकृत गरी मर्मत गराउने निर्णय गरियो ।

**ग.** भक्तपुर नगरपालिकाबाट स्रोतमै फोहर न्यूनीकरणको लागि वितरण गर्न नगरपालिकाको मिति २०७४।९।२० गते बसेको बोर्ड बैठकको निर्णयअनुसार स्वीकृत बोलपत्रदाता न्यू प्रगतिशील ईन्टरप्राईजेज्बाट खरिद गरिएको १५०० वटा कम्पोष्ट विन भ्याटसहित रु.३४,२७,२९०।- (अक्षेरूपी चौतिस लाख सत्ताईस हजार दुई सय नब्बे रूपैयाँ न्यू प्रगतिशील ईन्टरप्राईजेज्लाई भुक्तानी दिने निर्णय गरियो ।

**घ.** भक्तपुर नगरपालिकाद्वारा वर्षमा उत्कृष्ट खेलाडी सम्मान कार्यक्रमको लागि वडाअध्यक्ष कुमार चवालबाट रु.१,००,०००।- पेश्की लिनु भई कार्यक्रम सम्पन्न पछि रु.११,२५०।- खर्च र बाँकी ८८,७५०।- बैंक दाखिला गर्नु भएको हुँदा उहाँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

**ङ.** वडा नं. ५ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्यबाट रु.४२,७६,८००।- पेश्की लिनु भई भत्ता वितरण पछि रु.३८,९८,८००।- खर्च भई बाँकी रु.३,७८,०००।- बैंक दाखिला गर्नुभएको हुँदा उहाँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

**च.** वडा नं. १० मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाबाट रु.२६,४८,८००।- पेश्कीमध्ये भत्ता वितरण रु.२६,५१,२००।- भएको हुँदा नपुग रु.२४००।- भुक्तानी दिनुको साथै उहाँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

**छ.** मिति २०७५ साल जेठ १८, १९ र २० गते सितेरियो कराँते खेलाडीहरूलाई सहभागी गराउँदाको आवश्यक खर्च रु.१४,१८८।- भुक्तानी रविना सुवाललाई दिने निर्णय गरियो ।

**ज.** २०७५।१।२२ देखि २९ सम्म अन्तर नगर बास्केटबल प्रतियोगितामा सहभागी भएको खर्च रु.५८,५७०।- भुक्तानी सुनिता अवाललाई दिने निर्णय गरियो ।

**झ.** यस कार्यालयको गाडी नं. ६०४९ मर्मत भुक्तानी रु.१४,२९४।- अजिमा अटो वर्कशपलाई दिने निर्णय गरियो ।

ञ. २०७४ चैत्र महिनामा नगरभित्र रहेको पूर्व प्रा.वि.तहको शिक्षकहरूलाई विद्यालय क्रियाकलाप केन्द्रित शिक्षण ७२ घण्टे तालिम २०७५ वैशाखदेखि विद्यालयका विद्यार्थीहरूबीच उक्त तालिमबाट शिक्षण सिकाई कार्यान्वयन भएको छ/छैन तथा शिक्षकहरूलाई नपुग थप सल्लाह दिन नियमित अनुगमन गर्ने गरी प्रतिमहिना रु.२०,०००।- पारिश्रमिक पाउने गरी सम्झौता भएको हुँदा देभना जोशीलाई रु.४६,०००।- भुक्तानी दिने निर्णय गरियो ।

## मिति २०७५ असार २२ गते शुक्रबार

## निर्णयहरू :

**नगरसभा समापन**

मिति : २०७५ असार ३० गते, शनिबार

समय : दिनको १:०० बजे

उक्त समारोहमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छे (रोहित) लाई प्रमुख अतिथिको रूपमा निमन्त्रणा गर्ने निर्णय गरियो ।

**विभिन्न समितिका निर्णहरू**

**आर्थिक समिति :**

**मिति २०७५।३।६ गते**

**क.** यस नगरपालिकाको प्रथम नगर सभाले प्रत्येक आर्थिक वर्षको घर जग्गा कर सोही आ.व.मा बुझाएमा लाग्ने घर जग्गा करमा ५० प्रतिशत छुट दिने निर्णय गरेकोमा सो छुटको बढीभन्दा बढी नगरवासीहरूले समयभित्र जानकारी पाउन र कोही पनि नगरवासी छुटको सुविधा उपयोग गर्नबाट बंचित नहोउन् भन्ने उद्देश्यका साथ नगरवासीहरूको माझ प्रचार-प्रसारको लागि ख्वप कलेजका २१ जना विद्यार्थीहरूलाई घर-घरमा पठाउने व्यवस्थाका लागि आगामी असार ११ गते सोमबार बिहान ११:०० बजे न.पा. भवनमा घर जग्गा कर तथा सोमा छुटसम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्न र सो अभियानमा सहभागी हुने विद्यार्थीहरूलाई प्रतिदिन रु.२००।- का दरले खाजा खर्च उपलब्ध गराउने व्यवस्थाका लागि न.पा. बोर्ड बैठकसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**ख.** नगरपालिकाको स्वामित्वमा रहेका खप्ने सामानलगायतका सामानहरूको प्रत्येक वर्ष जिन्सी निरीक्षण गर्नुपर्ने प्रावधान अनुसार जिन्सी निरीक्षण गर्न तपसिलमा

उल्लेखित सदस्य रहने गरी जिन्सी निरीक्षण गर्न तपसिलमा उल्लेखित सदस्य रहने गरी जिन्सी निरीक्षण समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

संयोजक – श्री हरिराम सुवाल, वडाअध्यक्ष वडा नं. ६,
सदस्य – श्री लक्ष्मी प्रसाद ह्यौंमिखा, वडाअध्यक्ष वडा नं. १०
सदस्य – कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)
सदस्य – कर अधिकृत श्री प्रभाषकुमार चालिसे
सदस्य – आ.ले.प. श्री विनोद आगन्जा
सदस्य – ना.सु. श्री राजकुमार त्वायना
सदस्य – इलेक्ट्रिसियन श्री हरिरत्न ध्वोजु

**मिति २०७५।३।१२ गते**

**क.** आजको बैठकमा रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि जग्गाको न्यूनत्तम मूल्य पुनरावलोकनका लागि मालपोत कार्यालय भक्तपुरबाट राय माग भएकोमा साविक दरमा सरदर २५ प्रतिशतले वृद्धि गरी न्यूनत्तम मूल्य कायम गर्ने गरी राय पठाउने निर्णय गरियो ।

**मिति २०७५।३।२१ गते**

**क.** आजको छलफलमा घर जग्गा करमा दिइएको ५० प्रतिशत छुटबारे नगरवासीहरूलाई जानकारी दिनको लागि यसै समितिको मिति २०७५।३।६ गतेको निर्णयअनुसार ख्वप कलेजका विद्यार्थीहरूलाई २०७५।३।१२ गतेदेखि २०७५।३।२१ गतेसम्म वडा वडामा पठाइएकोमा निजहरूबाट घर-घरमा गई नगरवासीहरूलाई जानकारी गराउने कार्य भएको व्यहोरा न.पा. बोर्ड समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**ख.** नगरभित्र रहेका विभिन्न पोखरीहरूमा माछाको संख्या वृद्धि भई मर्ने संभावना देखिएकोले माछा बढी भएको पोखरीहरूबाट ५०० ग्राम भन्दा बढी तौल भएको माछा निकाली बिक्री गर्ने र निकालेको पोखरीहरूमा पुनः साना माछाका भुराहरू छोड्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**मिति २०७५।३।२२ गते**

**१.** घर जग्गा कर मूल्याङ्कन तथा कर असुलीमा सरलता ल्याउन निम्नानुसार गर्दा उचित हुने व्यहोरा बोर्ड बैठक समक्ष अनुरोध गर्ने निर्णय गरियो :

**क.** संयुक्त स्वामित्व भएको तथा मन्जुरीनामा लिई घर बनाएको हकमा घर-जग्गा मूल्याङ्कन गर्दा जग्गाको मूल्याङ्कन सबैको घर-जग्गा मूल्याङ्कनमा पर्न गई गुनासो आउने गरेको सन्दर्भमा आ-आफ्नो घरले चर्चेको वा स्वामित्वमा रहेको क्षेत्रफल बराबर मात्र सम्बन्धित घरधनीको घर-जग्गा मूल्याङ्कनमा गर्ने सोको लागि पूर्जा एकजनाको नाममा भए पनि आ-आफ्नो स्वामित्वको प्रमाण पेशका लागि अदालतको निर्णय मालपोतको अंशवण्डासम्बन्धी प्रमाणित कागजात वा यस्तै अन्य कानुनी मान्यता प्राप्त कागजात पेश हुनुपर्ने ।

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०७५।३।१५ गते**

**क.** यस नगरपालिकाको आयोजनामा मिति २०७५ जेष्ठ २० देखि २९ गतेसम्मका नगरवासी युवाहरूलाई लक्षित गरी रेडियो प्रस्तोता तथा प्राविधिक सीपसम्बन्धी तालिम सम्पन्न भएकोमा तालिममा प्रशिक्षण दिने देहाय बमोजिमका प्रशिक्षकहरूलाई प्रतिघण्टा रु.२,०००।- (दुई हजार रूपैयाँ मात्र) का दरले पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो :

**तपसिल**

| | |
|---|---|
| १. विजय हाछेथु | २. मार्शल राठौर |
| ३. राजेश हाडा | ४. रवि हाडा |
| ५. किरण सुवाल | ६. सोनी शाक्य |
| ७. श्रीचरण अमात्य | ८. देवचन्द्र बज्राचार्य |
| ९. कुसुम बज्राचार्य | १०. विराज राजोपाध्याय |
| ११. विमल प्रधान | १२. सन्तोष भट्टराई |
| १३. धनेश राजोपाध्याय | |

**विशेष सहयोगी** :

| | |
|---|---|
| १. रेणु कर्माचार्य | २. सरिता बासुकला |

विशेष सहयोगीहरूलाई प्रति दिन रु.१,०००।-का दरले १० दिनको रकम भुक्तानी दिने ।

**ख.** शैक्षिक सत्र २०७५/०७६ का लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका संस्थागत विद्यालयहरूमा कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई छात्रवृत्ति परीक्षामा सहभागिताको लागि आवेदन दिने सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७५।३।२१ गते**

**क.** भ.न.पा.ले विद्यालयमा विद्यार्थीहरूलाई विभिन्न खेलकुदका आधारभूत सीपहरू प्रशिक्षण सञ्चालनको लागि निम्नानुसार विद्यालयलाई पत्राचार र विद्यालय अनुगमन गर्ने निर्णय गरियो :

**विद्यालयहरू**

१. बासु मा.वि., भ.न.पा. २
२. तारा मा.वि., भ.न.पा. ४
३. शारदा मा.वि., भ.न.पा. २
४. पद्म मा.वि., भ.न.पा. ३
५. शान्ति निकेतन मा.वि., भ.न.पा. ४
६. मेघा मा.वि., भ.न.पा. ३

७. आदर्श आजाद मा.वि., भ.न.पा. ५
८. गणेश मा.वि., भ.न.पा. १
९. बाल सेवक आधारभूत स्कूल, भ.न.पा. ८
१०. सरस्वती विद्यागृह मा.वि., भ.न.पा. ९

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७५।३।१२ गते**

**क.** नगरमा हरियाली प्रवर्द्धन गर्नको लागि वडा नं. २ नगरकोट सडक लांचा फल्चादेखि ठूलो व्यासी हुँदै कालिघाटसम्मको बाटोको दायाँबायाँ फुटपाथमा मिति २०७५ श्रावण १ गते बिहान ७:०० बजे वृक्षारोपण कार्यक्रम गर्ने निर्णय गरियो ।

**ख.** वृक्षारोपण गर्नु अगाडि स्थानीय वडा समितिको आयोजनामा स्थानीयवासीहरूको भेला बोलाउने निर्णय गरियो ।

**ग.** वृक्षारोपण गर्नको लागि आवश्यक खाडल खन्ने कार्य र आवश्यक व्यवस्था मिलाउन भ.न.पा. श्यानिटेशन उपशाखालाई जिम्मा दिने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०७५।३।१३ गते**

**क.** यस समितिको आयोजनामा अषाढ २० र २१ गते बिहान ११:०० बजे भ.न.पा. कक्षमा भक्तपुर नगरका कृषकहरूलाई धान र माटो विषयमा जेटिए तालिम सञ्चालन गर्ने निर्णय गरियो । उक्त तालिम उद्घाटन कार्यक्रम गर्न निम्नानुसार जिम्मा दिने निर्णय गरियो :

१. उद्घोषक : लक्ष्मीप्रसाद ह्यौंमिखा
२. स्वागत : कृष्णलक्ष्मी दुवाल
३. प्रमुख अतिथि : सुनिल प्रजापति
४. अतिथि : रजनी जोशी

**ख.** यस भ.न.पा.द्वारा सञ्चालित छाडा कुकुर व्यवस्थापन तथा खोप अभियान सम्बन्धमा सम्बन्धित पक्षसँग मिति २०७५।३।१४ गते, २ बजे छलफल गर्ने निर्णय गरियो ।

**मिति २०७५।३।१४ गते**

**क.** भक्तपुर नगरपालिकाभित्रका क्षेत्रमा छाडा कुकुर व्यवस्थापन तथा खोप अभियानलाई थप प्रभावकारी बनाउने अभियानलाई पुनः सञ्चालन गर्ने निर्णय गरियो ।

**विधायन समिति**

विभिन्न मितिमा बसेको विधायन समितिको देहाय बमोजिमका विधेयक, कार्यविधि संशोधनसहित अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो :

**१.** 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि – २०७५
**२.** भक्तपुर नगर क्षेत्रभित्र विज्ञापन सामाग्री व्यवस्थित गर्ने सम्बन्धी नीति – २०७५
**३.** भक्तपुर नगरपालिकाको आर्थिक विधेयक – २०७५
**४.** भक्तपुर नगरपालिकाको विनियोजन विधेयक – २०७५
**५.** भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक – २०७५
**६.** न्याय समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि – २०७५
**७.** न्याय समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक – २०७५
**८.** भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि – २०७५
**९.** राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि – २०७५
**१०.** भक्तपुर नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक – २०७५
**११.** भक्तपुर नगरपालिकाको विपद् व्यवस्थापनसम्बन्धी विधेयक – २०७५
**१२.** काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधि – २०७५

**नगर शिक्षा समिति**

**मिति २०७५।२।१० गते**

- अनुगमन समितिको बैठक निर्णय बमोजिम पाथिभरा एकेडेमी ई. स्कूललाई कक्षा ३ र विजडम ई. स्कूललाई कक्षा ७ सञ्चालनको लागि शर्तसहित अनुमति दिने निर्णय गरियो ।
- सिरिनकेन ई. स्कूलमा भौतिक पूर्वाधार प्रतिकूल र विद्यार्थी संख्या न्यून भएकोले हाललाई कक्षा ९ सञ्चालनको लागि अनुमति नदिने निर्णय गरियो ।
- इभा मन्टेश्वरी, प्रत्युसा किड्स जोन र दरबार शिशुस्याहार केन्द्रलाई एक वर्षभित्र गुठी वा सहकारीमा जाने शर्तमा कक्षा सञ्चालनको लागि अनुमति दिने निर्णय गरियो ।
- सञ्चालनको लागि अनुमति माग गरेकोमा हाललाई विद्यालयले आन्तरिक रूपमा व्यवस्थापन गर्ने गरी सञ्चालनको लागि अनुमति दिने निर्णय गरियो ।
- कक्षा ११ सञ्चालनका लागि अनुमति माग गरेका विद्यालयहरूमा स्थलगत अनुगमन निरीक्षण गर्ने निर्णय गरियो ।
- शिक्षक पदपूर्ति सम्बन्धमा छलफल गर्दा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।
- लिटिल वर्ल्ड इङ्गलिस स्कूल भ.न.पा. १ र २ अमर ज्योति ज्ञानकुञ्ज भक्तपुर (प्रा.लि.नं. २९६२०) लाई विद्यालयको स्थान परिवर्तनको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

- दत्तात्रय आ.वि., गणेश मा.वि., ब्रम्हायणी आ.वि., बासु मा.वि., सरस्वती विद्यागृह मा.वि., सन्तती आ.वि. र बालसेवक आ.वि.ले भौतिक पूर्वाधारको लागि माग गरेकोले ती विद्यालयहरूमा अनुगमन गरी निर्णय गर्ने निर्णय गरियो ।
- दरबन्दी मिलान सम्बन्धमा विद्यालयको अनुगमन निरीक्षण गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।
- राजर्षी गुरुकुल र महेन्द्र विद्याश्रम ई. स्कूल भक्तपुर नगर शिक्षा शाखाद्वारा तोकिएको सिलिङ्ग भन्दा बढी गुनासो आएकोले बढी भएको शुल्क अभिभावकलाई फिर्ता गराउन पत्राचार गर्ने निर्णय गरियो ।
- श्री पद्म मा.वि. दरबार क्षेत्रले माग गरेबमोजिम बाटोमा इँटा छाप्न स्वीकृति गर्ने निर्णय गरियो ।
- स्थानीय पाठ्यक्रम अभिमुखीकरण सम्बन्धमा यही जेष्ठ १५, १६, १७ र १८ गते भक्तपुर नगरपालिकाको सभाहलमा क्रमशः पद्म स्रोत केन्द्र कक्षा १, बागीश्वरी स्रोत केन्द्र कक्षा १, पद्म स्रोत केन्द्र कक्षा ६ का विषय शिक्षकहरूलाई सञ्चालन गर्ने निर्णय गरियो । साथै मिति २०७५।१।३१ मा स्थानीय पाठ्यक्रम सम्बन्धी प्र.अ. अभिमुखीकरण तथा प्रवोधिकरण गरेको बैठकले अनुमोदन गरियो ।

**विद्यालय अनुगमन समिति**
**मिति २०७५।२।१० गते**

**क.** विद्यालयको भौतिक सुधार तथा शिक्षक दरबन्दी थपका लागि निवेदन पेश गर्न देहायका विद्यालयहरूको स्थलगत निरीक्षण र प्राप्त प्रतिवेदन समेतका आधारमा देहायबमोजिमको भौतिक सुधारका कार्यक्रमका लागि सुविधा उपलब्ध गराउन भक्तपुर नगर कार्यपालिकाको बैठकमा आवश्यक निर्णयार्थ सिफारिस गरी पठाउने निर्णय गरियो :

१. सरस्वती विद्यागृह, भ.न.पा. ९
पुस्तालयको भुईं प्लाष्ट र रंगरोग गर्ने कोठा १
२. दत्तात्रय आ.वि. भ.न.पा. ९
शौचालय सुधार – संख्या – १
३. बालसेवक आ.वि., भ.न.पा. १०
ICT ल्यावका लागि भूईं प्लाष्टर र फर्निचर
४. गणेश मा.वि., भार्वाचो भ.न.पा. १
भऱ्याङ्को स्तरोन्नति
५. बासु. मा.वि., भ.न.पा. २
विद्यालय शिक्षाका लागि ICT
६. ब्रम्हायणी आ. वि., भ.न.पा.९
प्लाष्टर तथा रंगरोगन गर्न
७. नविन आ.मा.वि., भ.न.पा. ७
खेलकुद तथा शैक्षिक सामाग्री व्यवस्थापन
अण्डरग्राउण्ड पानी ट्यांकी निर्माण
८. दरबन्दी माग गर्ने विद्यालयको अनुगमन गर्ने निर्णय गरियो ।

**क.** विद्यार्थी शुल्क तथा छात्रवृत्ति वितरणका सम्बन्धमा संस्थागत विद्यालयहरूको अनुगमन कार्य स्रोत केन्द्र एवं नगर शिक्षा शाखामार्फत गरी प्रतिवेदन माग गर्ने निर्णय गरियो ।

**ख.** शिक्षक पदपूर्तिका लागि निवेदन पेश गर्ने विद्यालयहरूको अनुगमन कार्य स्रोत केन्द्रमार्फत गरी प्रतिवेदन माग गर्ने निर्णय गरियो ।

**ग.** शैक्षिक सत्र २०७५ को भर्ना अभियानबाट विद्यालयहरूमा भएको विद्यार्थी भर्नाको कक्षागत विवरण तथा सो को संस्थापन गरी प्रतिवेदन पेश गर्न स्रोत केन्द्रलाई लगाउने निर्णय गरियो ।


## सन्ततिको स्वास्थ्य र भावी स्वस्थ जीवनको लागि खोप लगाउन सम्झना राखौं

### भक्तपुर नगरपालिका क्षेत्रभित्र खोप सेवा प्रदान गरिने स्थान, दिन र समय

| स्थान | दिन (हरेक हप्ताको) | समय | उपलब्ध भ्याक्सिन |
|---|---|---|---|
| भक्तपुर अस्पताल, दूधपाटी | आइतबार र बुधबार | बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म | बि.सि.जि., डि.पि.टि., हे.प.बि. हिब, पोलियो दादुरा-रुबेला, जेई, टि.टि. |
| शहरी स्वास्थ्य केन्द्र, च्यामासिङ्ग | सोमबार र शुक्रबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| शहरी स्वास्थ्य केन्द्र, ब्यासी | बिहीबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| सिद्धिस्मृति महिला तथा बाल अस्पताल, भेलुखेल | आइतबार, मङ्गलबार र शुक्रबार | बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म | |
| सामुदायिक स्वास्थ्य केन्द्र, घटखा | आइतबार | बिहान ७ बजेदेखि ९ बजेसम्म | |

जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर

## पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

पेश्की फछ्र्यौट

| क्र.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | छुमा गणेश भण्डार घर पुन: निर्माण (उ.स. अध्यक्ष हरिराम सुवाल) | ६ | ५९,७६,६६४।६० | | ५३,९६,७९०।०३ | ५३,००,८५८।०० | ४९,८४,३०३।०० | ३,१६,५५४।१८ | नपा क्रमागत | |
| २ | हनुमानपाटी अगाडि इचाडोलसम्मको बाटो मर्मत (उ.स.अ.कृष्ण गोविन्द शिल्पकार) | १ | ४,५३,४२२।३८ | | ४,५८,९०१।७५ | ३,९२,३८७।०० | १,५०,०००।०० | २,४२,३८७।०० | सडक बोर्ड | पेश्की फछ्र्यौट |
| ३ | नपली सृजनानगर बाटोहरू ईंटा छपाई (उ.स.अ. बिकुलाल बासी) | १ | ७,८५,२०४।०२ | | ६,६५,४८६।३८ | ५,६९,०३८।४५ | २,६०,०००।०० | ८१,४२२।८५ | वडा | रू.२,२७,६१५।६० आ.स. समेत पेश्की फछ्र्यौट |
| ४ | गणेश मन्दिर अगाडि अजिमा सत्तल पुन: निर्माण (उ.स. लोमसलाल शिलाकार) | ३ | ४२,४२,७०६।८९ | | ४३,४२,०७३।६१ | ३३,९०,२१२।०० | २४,५५,०००।०० | ९,३५,२१२।०० | नपा बजेट | पेश्की फछ्र्यौट |
| ५ | कमलविनायक पेपर रिसाईकलिङ्ग बाउण्डरी वाल निर्माण कार्य (उ.स.अ.तुल्सीराम श्रेष्ठ) | १० | ७,३५,०८४।९३ | | ३,४५,२८३।५० | २,९४,०१९।०४ | २,४०,०००।०० | ५४,०१९।०४ | मर्मत कोष | आ.पे.फ. गरी थप पेश्की रू. २,००,०००।०० |
| ६ | महाकाली उकालोदेखि भोलाछेंसम्मको सडक मर्मत (उ.स.अ.रमेश साखकर्मी) | ६ | १०,३५,५२०।४२ | १०,४२,३९४।४७ | ४,२८,८०५।८३ | ३,७५,०१३।५५ | ३,५०,०००।०० | २५,०१३।५५ | सडक बोर्ड | आ.पे.फ. गरी थप पेश्की रू. ४,००,०००।०० |
| ७ | नासमना वत्सला दुर्गा मन्दिर (उ.स.अ. चन्द्रबहादुर त्वायना) | ३ | १८,९४,४७८।०४ | | ९,५४,८०४।२८ | ८,७७,०७२।०० | ८,००,०००।०० | ७७,०७२।०० | नपा बजेट | आ.पे.फ. गरी थप पेश्की रू. ९,००,०००।०० |
| ८ | वडा कार्यालय भवन निर्माण कार्य (उ.स.अ.श्याम सुन्दर बाटी) | १ | ८,१,३७,५८८।९२ | | ६,२,४१,८३१।५९ | ६,९,८९,७५२।०२ | ५४,००,०००।०० | १०,३८,८७४।०० | नपा बजेट | आ.पे.फ. गरी थप पेश्की रू. ११,००,०००।०० |
| ९ | गोल्मढी ओरालो बाटो ढुङ्गा छपाई | ७ | ७,८३,१६२।२२ | | ४७०,२४९।०३ | ३९५,०८८।४० | ४००,०००।०० | | नपा बजेट | |
| १० | महेश्वरी बाटो ग्राभेलिङ्ग तथा फुटपाथ निर्माण | ७ | २०,२२,०९५।१५ | | १९,८२,९९०।४८ | १८,३५,२३४।८५ | १३,६५,०००।०० | २०,६३४।८५ | सडक बोर्ड | |

**उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो:**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वाकुपति नारायण मन्दिर दक्षिण तर्फको सत्तलको भुईतल्ला मर्मत कार्य | ९ | २,६८,३६०।८८ | रबिन्द्रप्रसाद कुसी, उपभोक्ता समिति अध्यक्ष | |
| २ | लिवाली पूर्व तर्फको खोला छेउ डिप बोरिङ्ग | ८ | ४१,९१,१८७।१४ | जितेन्द्र खायमली, उपभोक्ता समिति अध्यक्ष | चन्द्रकृष्ण ग्वाछाको संयोजकत्वमा अनुगमन समिति |
| ३ | लिवाली प्लानिङ्ग भित्रका बाटोहरूमा माटो निकाल्ने कार्य | ८ | १७,९३,६८६।५५ | बिष्णुप्रसाद जरेजू, उपभोक्ता समिति अध्यक्ष | शम्शेर प्रजापतिको संयोजकत्वमा अनुगमन समिति |

**क) भुक्तानी सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो:**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १, | नपा भवनको मेन गेट र सँझ्यामा चप्रा पालिस लगाएको भुक्तानी | २ | बालाखु हार्डवेयर सेन्टर, भक्तपुर | ९८,९२०।०० | नपा बजेट | |
| २, | ब्रम्हायणी बहुउदेश्यीय भवनमा स्लाब ढलान कार्य (श्रम ठेक्का) | ९ | ठेकेदार सुनील त्यात | १२,५२,४८६।०० | नपा बजेट | |
| ३ | ग्लोबल अल्फा टिच सर्भीस प्रा.लि. (नपा कार्यालयभित्र लिफ्ट बनाउने तथा जडान कार्य) | २ | स्वीकृत बोलपत्र अनुसार | २५,४२,५००।०० | नपा बजेट | |
| ४ | तुल्सी कन्स्ट्रक्सन दोश्रो बील भुक्तानी (वडा ९ नं. बहुउदेश्यीय भवनमा सालकाठ ल्याएको) | ९ | स्वीकृत बोलपत्र अनुसार | २७,६१,३२४।५० | नपा बजेट | |
| ५ | व्यासी नपा भवन अगाडि पाटीहरू निर्माण | २ | तुल्सी / बिनायक जे.भीं, भक्तपुर | ४,६६,७३२।९४ | नपा बजेट | |
| ६ | नपा भवनमा इजलाश कोठामा आल्मुनियम पार्टेशन कार्य | ९ | बी.एण्ड एस आल्मुनियम एण्ड डेकोर्स | ८७,०३९।०० | नपा बजेट | |
| ७ | वडा नं. ९, बहुउदेश्यीय भवनमा डण्डी सिमेन्ट उपलब्ध गराएको | ९ | सिरूवा कन्टक्सन प्रा.लि. | १५,५१,००३।११ | नपा बजेट | |

**ख) अन्य**

| | |
|---|---|
| १ | भ.न.पा. वडा नं. ११ हाल वडा नं. ५ काल्हाँचामा जग्गा सम्याएर छेउतिर जाली-बार निर्माण गर्ने क्रममा बाटो पूर्व कि.नं. ३ को उत्तरतर्फ र पश्चिमतर्फ कि.नं. ६४ को जुगी चिहान भनिने कित्ता जग्गा पर्तीको रूपमा रहेको र सोही कित्तामा रहेको मन्दिर र पर्खालहरू नापी नक्सामा नदेखिएको एवं बाटोको पश्चिमतर्फको कित्ता नं. २ र ७६१ को जग्गाहरू तथा साबिक बाटो समेत नापी नक्साअनुसार नदेखिएको हुँदा नापी कार्यालय, भक्तपुरबाट आधिकारिक रूपमा नापजाँच र सिमांकन गराउने निर्णय गरियो । |
| २ | भ.न.पा. वडा नं ८ स्थित लिवाली प्लानिङ्ग क्षेत्रभित्र २ (ङ) ७ कित्ता नं. ६२ क्षेत्रफल ०-१४-२-३ भएको जग्गामा इण्डोर कभर्ड हल बनाउने प्रस्ताव |

**ग) योजनाको म्याद थप सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | नृत्यनाथ पाटी पुन: निर्माण | ३ | उ.स.अध्यक्ष रत्नभक्त प्रजापति | म्याद थप भएको मिति २०७५ असोज मसान्तसम्म | मिति २०७५।३।७ को निवेदानुसार |
| २ | ७ वडा कार्यालय परिसरमा पेटी तथा बाल लगाउने | ७ | उ.स.अध्यक्ष ज्ञानेन्द्र महर्जन | म्याद थप भएको मिति २०७५ भाद्र मसान्तसम्म | मिति २०७५।३।१३ को निवेदानुसार |
| ३ | नपा भवनमा लिफ्ट बनाउने/ जडान कार्य | २ | बोलपत्रदाता ग्लोबल अल्फा टिच सर्भीस प्रा.लि. | म्याद थप भएको मिति २०७५ असार मसान्तसम्म | मिति २०७५।३।१३ को निवेदानुसार |

**घ) ल.ई स्वीकृत सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| क्र. सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | व्यासी नपा भवन अगाडि पाटीहरू निर्माण | २ | १३,६२९,३००।९४ | १५,७४७,६७७।०० | | | | | नपा बजेट | रिभाइज्ड ल.ई. स्वीकृत |
| २ | क्मलवि नायक कभर्डहल शौचालय निर्माण | १० | १२,५८,३७२।७७ | | | | | | खेलकुद | ल.ई.स्वीकृत |

## विविध

**क.** श्रीराम अटोमोबाईल्स प्रा.लि. रविभवन, बागबजार, काठमाडौंसँग परीक्षणको रूपमा प्रयोग गर्न खरिद गरिएको तीनपांग्रे ट्राईसाइकलको रु.३,०६,०००।- (अक्षरूपी रु.तीन लाख ६ हजार मात्र) श्रीराम अटोमोबाईल्स प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो। उक्त तीनपांग्रे ट्राईसाइकल नामसारीको लागि जिन्सी शाखाको एक जना कर्मचारीलाई वीरगञ्ज पठाउने निर्णय गरियो।

**ख.** यस कार्यालयको जनज्योति पुस्तकालयको लागि आवश्यक पुस्तक खरिद गर्न कार्यपालिका सदस्य रोशनमैया सुवालज्यूबाट रु.५,००,०००।- पेश्की लिनु भई कार्य सम्पन्न गरी रु.४,८३,१००।- बराबरको खर्च पेश गर्नु भई बाँकी रु.२४,१४७।- बैंक दाखिला गर्नुभएको हुँदा उहाँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो।

**ग.** ८ नं. वडाका वडासचिव राजेश दिस्तीबाट कार्यालय फर्निसिङ्ग व्यवस्था गर्न रु.३,००,०००।- पेश्की लिई रु.३,७६,११५।- बराबर फाँटवारी पेश गरेको हुँदा निजको पेश्की फछ्र्यौट गरी नपुग रु.७६,११५।- भुक्तानी दिने निर्णय गरियो।

**घ.** ४ नं. वडाका वडासचिव साहिला वैद्यले कोठा व्यवस्थापन गर्न रु.३,००,०००।- पेश्की लिई कार्य सम्पन्न पछि रु. रु.२,९३,२३०।- खर्च र बाँकी रु.६,७७०।- बैंक दाखिला गरेको हुँदा निजको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो।

**ङ.** वडा नं. ८ मा मन्दिर पाटीमा झलर राख्ने कार्यको लागि वडाअध्यक्ष श्री महेन्द्र खायमलीज्यूबाट रु.५०,०००।- पेश्की लिनु भई कार्य सम्पन्न पछि रु. रु.२०,०४६।- खर्च फाँटवारी र बाँकी रु. रु.२९,९५४।- बैंक दाखिला गर्नुभएको हुँदा उहाँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो।

च. यस कार्यालयबाट वडा नं. १ देखि १० सम्म धान विउ वितरण गर्दा रु.७,२९,५०५।- बराबर खर्च भुक्तानी सिद्धि कृषि सहकारी संस्थालाई गएको खर्च अनमोदन गरियो।

### खर्च अनुमोदन

| क्र.सं. | चालकको नाम | गाडी नम्बर | रकम | भुक्तानी दिने |
|---|---|---|---|---|
| १ | राजेन्द्र कोजु | ८१५६ | १,१९,१५८।- | न्यौपाने इन्जिनियरिङ्ग |
| २ | पुण्यराम खत्री | ७१४९ | १,१२,३९२।- | नेपाल अटो इलेक्ट्रिक |
| ३ | न्हुछे कुमार कोजु | ८७४८ | ९७,२४७।- | अजिमा अटो वर्कसप |
| ४ | रविन कोजु | २२६२ | २५,५००।- | एस.जी. वर्कशप |
| ५ | राजाराम न्हेमाफुकी | ३२३८ | १५,९७५।- | ऐ.ऐ. |
| ६ | राज कुमार | ८७२५० | ९९,७०५।- | अजिमा अटो वर्कशप |
| ७ | आशाभक्त बंशमणी | ९०२५ | ६४,७९४।- | सिद्धि गणेश मोटर |
| ८ | गौत्तमप्रसाद लासिवा | ८८२२ | २१,५२५।- | लक्ष्मी अटो वर्कशप |
| ९ | काशी लाल प्रजापति | ७९५५ | ५०२५।- | ऐ.ऐ. |

### पेश्की फछ्र्यौट

| क्र.सं. | नाम | पेश्की | खर्च | बैंक दाखिला |
|---|---|---|---|---|
| १ | श्यामकृष्ण खत्री | २६,९४,४००।- | २६,३०,४००।- | ६४,०००।- |
| २ | हरिराम बासुकला | ४१,२८,०००।- | ४०,२८,०००।- | १,००,०००।- |
| ३ | राजकृष्ण गोरा | ३६,०९,६००।- | ३५,१२,०००।- | ९७,६००।- |
| ४ | कुमार चवाल | ५१,४४,०००।- | ४७,०५,६००।- | ४,३८,४००।- |
| ५ | प्रेमगोपाल कर्माचार्य | ४२,७६,८००।- | ३९,१८,८००।- | ३,५८,०००।- |
| ६ | हरिराम सुवाल | ३७,२१,६००।- | ३६,०८,८००।- | १,१२,८००।- |
| ७ | उकेश कवां | ४२,३७,६००।- | ४१,७४,४००।- | ६३,२००।- |
| ८ | महेन्द्र खायमली | १८,९२,०००।- | १७,७६,८००।- | १,१५,२००।- |
| ९ | रविन्द्र ज्याख्व | ४७,७४,४००।- | ४२,१२,०००।- | ५,६२,४००।- |
| १० | लक्ष्मीप्रसाद ह्यौंमिखा | २६,४८,८००।- | २६,५१,२००।- | |

### खर्च भुक्तनी

- यस कार्यालयको आवश्यक खाजा व्यवस्था गरेको रु. ६९,०१५।- जेठदेखि २०७५ असार १८ गतेसम्मको भुक्तानी दिव्य स्वीट्सलाई दिने निर्णय गरियो।
- यस कार्यालयको दैनिक खाजा खर्च रु.१४,२०९।- रविन कार्कीलाई गएको अनुमोदन गरियो।
- कर्मचारी समाजलाई रु.८,०००।- विज्ञापनवापत् भुक्तानी दिने निर्णय गरियो।
- यस कार्यालयको मिति २०७५।३।८, १०, १३, १७ र २० गतेसम्म नगरसभा बस्दाको खाजा रु.१,९८,२०१।- भुक्तानी सूर्यविनायक रिसोर्टलाई दिने निर्णय गरियो।

### चल्ती खाता बन्द

क. मर्मत कोष भ.न.पा. खाता नं. १९-११-१०६८३

ख. तलेजु भवानी आगमछें जीर्णोद्वार १९-११-२४०३८

ग. प्रकोप व्यवस्थापन कोष १९-११-४०४७०

घ. वातावरण संरक्षण कोष १९-११-४०४५४

ङ. भ.न.पा. आधारभूत तह परीक्षा व्यवस्थापन समिति ०१९००१०६४७८३०९०००००१

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**

# मिति २०७५ असार २९ गते शुक्रबार

## निर्णयहरू :

**पेश्की फछ्र्यौंट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो**

क) पेश्की फछ्र्यौंट सम्बन्धमा

| क्र.सं. | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.र कम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भोलाछें नारायण मन्दिर जीर्णोद्वार कार्य | ६ | २,०६,४३४।०० | | १,३९,३२०।७७ | १,०९,२२६।१७ | १,००,०००।०० | ९,२२६।१७ | वडा | पेश्की फछ्र्यौंट |
| २ | धालाखुसी र सृजनानगर बाटो ग्राभेलिङ्ग कार्य | १ | १,३६,६२१।७४ | २,१५,६०१।५८ | १,९४,९७८।२४ | १,७६,६००।०० | ४५,०००।०० | १,३१,६००।०० | मर्मत कोष | रि.ल.ई तथा पेश्की फछ्र्यौंट |
| ३ | भगवती स्थानदेखि भद्रकालीसम्मको बाटो मर्मत | ५ | ४,७४,३८०।९५ | | ४,८५,०९८।२३ | ३,९९,०४९।९८ | १,५५,०००।०० | २,४४,०४९।०० | सडक बोर्ड | पेश्की फछ्र्यौंट |
| ४ | लामगाल पाटी | ९ | २४,२३,६८३।६६ | | २०,१०,९०७।४० | १८,२९,७६५।९३ | २,५०,०००।०० | ७,७४१।४८ | क्रमागत | २,५०,०००।– पे.फ. गर्ने गरी आंशिक पे.फ. |

### म्याद थप

१. R R Construction र भनपा भवन पछाडि थप गर्ने वा नगर्ने विषयमा छलफल गरियो।

२. कर्मचारी म्याद थप सम्बन्धमा निम्न अनुसारको कर्मचारीहरूको म्याद २०७५ असार मसान्तमा सकिने भएकोले म्याद सकिएको मितिले २०७६ असार मसान्तसम्मको लागि म्याद थप तथा नवीकरण गर्ने निर्णय गरियो :

**क.** समूह सफाइ सम्झौतामा कार्यरत

**ख.** मासिक सेवा करारमा कार्यरत

**ग.** २०७२ सालको विनासकारी भूकम्पपछि तत्काल व्यवस्थापन गर्न दैनिक ज्यालादारीमा नियुक्ति भएका कर्मचारीहरूलाई २०७५ साल साउन १ गतेदेखि लागू हुने गरी मासिक ज्यालादारीमा सेवा करारमा सम्झौता गर्ने निर्णय गरियो।

### पचपन्न झ्याल दरबार खुल्ला गर्ने

विश्व प्रसिद्ध पचपन्न झ्याले दरबार सर्वसाधारण र विदेशी पर्यटकहरूका लागि हप्ताको ३ दिन खुल्ला गर्ने र यसका लागि आवश्यक पूर्वाधारको तयारी एवं कार्यविधि निर्माण गर्ने निर्णय गरियो।

### तालिम सञ्चालन

स्वरोजगार तालिम संचालन सम्बन्धमा छलफल हुंदा यस न.पा.को लागि आवश्यक तालिमहरू संचालन गर्ने निर्णय गरियो।

### भुक्तानी सम्बन्धमा

भ.न.पा. ७ र ८ वडास्थित लिवाली प्लानिङ्ग बाटो देगइनादेखि बालविकास स्कूलसम्मको बाटो तथा अन्य बाटोहरूमा पीच गर्ने कार्यको ल.ई. १,०२,०८,३०८।७२ बराबर स्वीकृत भई महेश्वरी बाटोमा कार्य सञ्चालन गरी पहिलो चरण कार्यको पहिलो रनिङ्ग बीलबाट भ्याट बाहेक रु.२६,०७०६२।४० र भ्याटसहित रु.२९,४५,९८०।५१ आंशिक भुक्तानी भैसकेको र लिवाली बाटोमा दोश्रो चरण कार्यको रनिङ्ग बील सवबेस तथा बेस परिणामको भ्याटबाहेक रु.२८,४२,००८।०० र भ्याटसहित रु.३२,११,४६९।३०४ भुक्तानी दिने निर्णय गरियो।

### विविध

**क.** यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने ध्येयले स्थानीय पाठ्यक्रम निर्माण कार्यदलमा रहेका पदाधिकारीहरूलाई पाठ्यक्रम निर्माणसँगै विद्यालयहरूमा उक्त पाठ्यक्रम कार्यान्वयन गरेको अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणसम्मको जिम्मेवारी दिने गरी (कक्षा १ र ६ का लागि) प्रति कक्षाको कर बाहेक १,००,०००।- (अक्षेरूपी रु. एक लाख) रूपैयाँका दरले पारिश्रमिक दिने निर्णय गरियो।

**ख.** नगरपालिकाको बोर्ड बैठक समितिको बैठक तथा वडा समितिहरूको बैठकमा सहभागी हुने कर्मचारीहरूलाई पनि कार्यविधि बनाई बैठक भत्ता दिने निर्णय गरियो।

**ग.** नगरवासी दाजुभाई दिदीबहिनीहरूलाई आ.व. २०७४/०७५ को घर जग्गा मूल्याङ्कन करमा ५० प्रतिशत छुट प्रदान गर्दै

आएको सुविधालाई नगरवासीहरूको आग्रह बमोजिम आ.व.२०७५/०७६ को असोज मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो। साथै आ.व. २०७५/०७६ को घर जग्गा मूल्याङ्कन करमा समेत असोज मसान्तसम्म ५० प्रतिशत छुट दिने निर्णय गरियो।

**घ.** २०७५ असार २८ गतेको विनासकारी बाढीको कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै बाढीग्रस्त संरचना पुनः निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाउने तथा बाढी प्रभावित क्षेत्रमा खानेपानी फोहरमैला व्यवस्थापन, ढल निकास व्यवस्थापन र सरसफाइ कार्यका लागि तत्काल नगर बजेटमा विनियोजित रकम रु.२० लाखबाट खर्च गर्ने, बाढी प्रभावितहरूको लगत संकलन गरी उचित राहत वितरणको व्यवस्था गर्ने निर्णय गरियो।

साथै बाढीग्रस्त क्षेत्रमा तत्काल व्यवस्थापन र राहतमा खटेका विभिन्न संघ, संस्था एवं महानुभावहरूलाई नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय अनुमोदन**

१. आ.व. २०७४/०७५ श्रावण १ गतेदेखि २०७५ असार २९ गतेसम्मको यस नगरपालिका र नगर कार्यपालिकाको बोर्ड बैठक, विभिन्न समितिहरू, उपसमितिहरू, उपभोक्ता समितिहरूबाट भए गरेका सम्पूर्ण काम कारवाही र निर्णयहरू अनुमोदन गरियो। साथै पूर्व स्वीकृत कर्मचारी प्रशासनसम्बन्धी विनियम-२०६५ लगायतका विनियम, कार्यविधि, निर्देशिका आदिलाई आवश्यकताअनुसार संशोधनसहित निरन्तरता दिन पेश गर्ने निर्णय गरियो।

२. न.पा.को प्राविधिक सल्लाहकार, कानुनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाइ, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि आवश्यकताअनुसार सेवा करारबाट लिने निर्णय गरियो।

३. नगरपालिकाको नगरसभा पटक-पटक बस्न नसकिने भएकोले नगरसभाबाट गर्ने काम कारवाही गर्नको लागि बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

४. भक्तपुर नगरपालिकाको साविक दरबन्दीलाई यथावत् कायम गरी आवश्यकताअनुसार O&M गरी संगठनस्वरूप परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. बोर्डलाई अधिकार दिने निर्णय गरियो।

५. नगरपालिकामा लामो समयसम्म कार्यरत कर्मचारीहरूलाई स्थायी, बढुवा, फाइल बढुवा, स्तर वृद्धि आदि वृति विकाससम्बन्धी कारवाही अगाडि बढाउन भ.न.पा बोर्डलाई निर्देशन दिने निर्णय गरियो।

६. न.पा.को आर्थिक वर्ष २०७४।७५ असार २९ गतेसम्म विभिन्न शिर्षकमा बजेट संशोधन गरी रु. ९९३६५७००८।- खर्च भएको अनुमोदन गर्ने निर्णय गरियो।

७. न.पा.मा आ.व. २०७५।७६ देखि प्रोढभावी लेखा प्रणाली लागू गर्न आवश्यक व्यवस्था गर्ने निर्णय गरियो।

८. नगरपालिकाको आ.व २०७४।७५ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासँग सम्बन्धित योजना आयोजनाहरूको जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो।

९. आ.व. २०७५/०७६ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. १,४७,४७,६५६।९० को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको रु. १,४७,४७,६५६।९० को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो।

१०. यस न.पा.को आ.व २०७३।७४ को अन्तिम लेखा परीक्षँण सम्पन्न गरी मिति २०७४।१२।२५ मा महालेखा परीक्षकको कार्यालयले पेश गरेको र यस अन्तर्गतका निकायहरूको आ.व. २०७३/०७४ को अन्तिम लेखा परीक्षण गर्न नियुक्ति भएका लेखा परीक्षक आचार्य आर.के. एण्ड एशोसिएट्सले यस न.पा.को अन्तिम लेखा परीक्षण गरी मिति २०७५।३।२९ गते भ.न.पा. द.नं. ८१८९ बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा उक्त लेखा परीक्षण प्रतिवेदनमा औंल्याएका बेरुजुहरू तथा सुझावहरूलाई कार्यान्वयन गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो।

**भक्तपुर नगरलाई स्वच्छ र सफा राखौं**

भक्तपुर नगरपालिकाले हरेक महिनाको १ गते र १५ गते नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम गरिरहेको छ। यस पुनित कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ।

# eQmk'/ gu/kflnsf gu/ v]hsb;DaGwL gLlt @)&$ sf ljz]ftfx¿



हरिराम सुवाल वडाध्यक्ष–६, भनपा

नेपाल मजदुर किसान पार्टी मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराअनुसार चल्ने पार्टी हो। नेपाल मजदुर किसान पार्टीको छैटौं महाधिवेशन (२०७० चैत्र १८–२०) द्वारा संशोधित विधान २०४७ को दफा ५ मा पार्टीको सैद्धान्तिक आधारमा मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारा पार्टीको पथप्रदर्शक सिद्धान्त हुने उल्लेख छ। उक्त सिद्धान्तलाई पार्टीले आफ्नो देशको वस्तुगत परिस्थितिअनुसार रचनात्मक ढंगले लागु गर्नेछ र संशोधनवाद, वामपन्थी तथा दक्षिणपन्थी अवसरवादको विरोध गर्नेछ भन्ने कुरा पार्टी विधानकै दफा ५ मा उल्लेख छ। उक्त विधानको दफा ४ मा पार्टीको उद्देश्यहरूबारे प्रकाश पारेको छ। दफा ४ को उपदफा (१) ले मजदुर, किसान, महिला, युवा, विद्यार्थी, शिक्षक, कर्मचारी, बुद्धिजीवी, व्यापारी, भू.पू. सैनिक, मध्यम र निम्न पूँजीपति वर्गलगायत श्रमजीवी जनसमुदायको हकहितको संरक्षण तथा सम्वर्द्धनको लागि प्रयत्नशील रहने उल्लेख छ। नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू पार्टीको उक्त विधानअनुसार देश र जनताको पक्षमा काम गर्नु र शोषित पीडित जनताको पक्षमा आवाज बुलन्द पार्नु आवश्यक छ।

नेपाल मजदुर किसान पार्टीले मिति २०७४ वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनलाई उपयोग गर्यो। निर्वाचनमा भक्तपुर जिल्लाभित्रको ऐतिहासिक भक्तपुर नगरपालिकाका सम्पूर्ण वडाहरूमा बहुमतले विजय हासिल गऱ्यो। यो जित निश्चय नै पार्टी विधानको उद्देश्य र सैद्धान्तिक आधारमा टेकेर यसका कार्यकर्ताहरूले पार्टी स्थापनाकालदेखि कार्य गर्दै आएको हो। भक्तपुर नगरपालिकाका जनताहरूले नेमकिपाका कार्यकर्ताहरूलाई भारी मतले जिताएर विगत ४ दशकदेखि जिताउँदै आएको परम्परालाई मात्र कायम गरेन, नेमकिपा देश र जनताप्रति समर्पित पार्टी हो भन्ने कुरालाई प्रमाणित गरिदियो। निर्वाचनको क्रममा नेमकिपाले स्थानीय तहको निर्वाचन घोषणापत्र – २०७४ प्रकाशित गरेको थियो। उक्त घोषणापत्रको पृष्ठ १५ को बुँदा नं. ८ मा युवाहरूलाई मद्यपान र धुम्रपानलगायत कुलतबाट बचाउन वडाको टोल–टोलमा खेलकुदको विकास गर्ने उल्लेख छ। साथै भक्तपुर नगरपालिकामा जितेका खण्डमा के–के गर्ने भनी अर्को घोषणापत्र पनि प्रकाशन गरेको थियो। उक्त घोषणापत्रमा खेलकुदको विकास गर्ने उल्लेख छ। घोषणापत्रअनुसार हाल भक्तपुर नगरपालिकाले खेलकुदको क्षेत्रमा विभिन्न गतिविधिहरू गर्नुको साथै भक्तपुर नगरपालिको खेलकुद नीति २०७४ दोस्रो नगरसभाले पारित गरी कार्यान्वयमा ल्याएको छ।

उक्त नीतिको प्रस्तावनाले भक्तपुर नगरपालिकाभित्र नेमकिपाको नीतिअनुसार भक्तपुर नगरपालिकाले विगतका वर्षहरूदेखि नै खेलकुदको क्षेत्रमा प्राथमिकता राखेर काम गर्दै आएको र अगामी दिनमा पनि खेल क्षेत्रमा विकास गर्दै लाने लक्ष्य लिएको छ। उक्त नीतिको प्रस्तावनामा खेलकुदको माध्यमबाट समाजमा अनुशासन कायम राख्न, स्वस्थ नागरिक तयार गर्न, वस्ती (समाज) सफा राख्न, धुम्रपान, मद्यपान र लागूपदार्थ आदि कुलतबाट युवाहरूलाई बचाउन, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत नागरिक बनाउन, राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाउने उद्देश्यका साथ भक्तपुर नगरपालिकाले २०४३ सालदेखि नगर खेलकुद समितिमार्फत् विभिन्न गतिविधिहरू गर्दै आएको छ। आगामी दिनहरूमा अझ व्यवस्थित रूपमा कार्यक्रम सञ्चालन गर्न आवश्यक नीति नियमको व्यवस्था गर्न वाञ्छनीय भएको हुँदा भक्तपुर नगरपालिका नगर खेलकुदसम्बन्धी नीति २०७४ बनाइएको उल्लेख छ।

**खेलकुद नीतिका उद्देश्यहरू:**

भक्तपुर नगरपालिका नगर खेलकुदसम्बन्धी नीति २०७४ को परिच्छेद २ नगर खेलकुद समितिका उद्देश्यहरू सम्बन्धमा उल्लेख गरेको छ। यसका उद्देश्यहरू बुँदागत रूपमा प्रस्तुत छ :

१. नगरको कला, संस्कृति र खेलकुदको विकास र प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुऱ्याउने।
२. नगरभित्रको खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायकाबीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने।
३. स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी,

नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने ।

४. टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ-संस्थालाई परिचालन गर्ने ।

५. खेलकुदको माध्यमबाट नगरवासीहरूलाई नागरिक भावनाप्रति सचेत गराउने ।

६. खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

७. खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरू तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरूलाई पनि सरिक गराउने ।

८. खेलकुद गतिविधिहरूलाई संस्थागत रूपमा विकास गर्दै लैजाने ।

९. बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरूलाई समेत शारीरिक व्यायाम र खेलकुदको व्यवस्था गर्न सहयोग पुऱ्याउने ।

१०. भक्तपुर नगरपालिकाभित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरू उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने ।

११. टीम, क्लब, संघ-संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गर्ने गराउने ।

**नगर खेलकुद समिति गठन विधि :**

भक्तपुर नगरपालिकाको नगर खेलकुदसम्बन्धी नीति २०७४ को परिच्छेद ३ ले नगर खेलकुद समिति गठन सम्बन्धमा उल्लेख गरेको छ । उक्त समितिमा निम्न पदाधिकारीहरू रहने प्रावधान राखेको छ ।

क) भक्तपुर नगरपालिका युवा तथा खेलकुद विकास समितिको संयोजक - अध्यक्ष

ख) युवा तथा खेलकुद विकास समितिका सदस्यहरू- सदस्य

ग) नगरपालिकाको प्रत्येक वडाबाट न.पा.ले मनोनयन गर्ने - १० जना सदस्य

घ) न.पा.ले तोकेको कर्मचारी - सदस्य सचिव ।

भक्तपुर नगरपालिका नगर खेलकुदसम्बन्धी नीति २०७४ ले खेलकुदको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने टीम, क्लब र संघ -संस्थाहरूको व्यवस्थापन गर्न खोजेको देखिन्छ । टोल-टोलमा खेलकुद समिति, टीम, क्लब र संघ-संस्थाहरू क्रियाशील भएको खण्डमा युवा तथा विद्यार्थीहरू कुलतमा फस्दनैन् र भविष्यमा देश र जनताको निम्ति एक आर्दश नागरिक बन्न मत्त्वपूर्ण भूमिका खेल्नेछन् । साथै टोल-टोलका टीम, क्लबहरूमार्फत् विभिन्न गतिविधिहरू सञ्चालन गर्न नगरपालिकाबाट आर्थिक सहयोगको पनि व्यवस्था गरेको छ । यस्तो व्यवस्थाले सुशुप्त अवस्थामा रहेका विभिन्न टीमहरू जागरूक हुने आशा लिन सकिन्छ । परिच्छेद ५ ले टीम, क्लब दर्ता, नवीकरण र सहयोगको सम्बन्धमा जसअनुसार निम्न व्यवस्था गरेको छ :

१. भक्तपुर नगरपालिका भित्रका टीम, क्लब, समिति र संस्था आदिले नगर खेलकुद समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फाराम शुल्क रु. १०।-, दर्ता शुल्क रु. १००।- र सम्बन्धित वडाअध्यक्षको सिफारिससहित फाराम बुझाई नगरपालिकामा दर्ता गर्नुपर्नेछ । वार्षिक रूपमा नवीकरण फाराम शुल्क रु. १००।- का साथ दर्ता नवीकरण समेत गर्नुपर्नेछ ।

२. दर्ता भएका टीम, क्लब, पुस्तकालयले जुनसुकै प्रतियोगिता गर्नुभन्दा अगाडि नगर खेलकुद समितिबाट स्वीकृति लिनुपर्नेछ ।

३. दर्ता र नवीकरण गर्नुभन्दा पहिले नगर खेलकुद समितिबाट सम्बन्धित ठाउँमा निरीक्षण गर्न सक्नेछ ।

४. नगरपालिकाले नगर खेलकुद समितिमा दर्ता भएका टीम, क्लब, संघ-संस्थाहरूले नगर खेलकुद समितिको उद्देश्यअनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई निम्नानुसार आर्थिक सहयोगको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

अ. वडाव्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. १०,०००।-

आ. नगरव्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. १५,०००।-

इ. जिल्लाव्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. २०,०००।-

ई. उपत्यका, प्रादेशिक वा राष्ट्रिय प्रतियोगिताका लागि (वर्षमा १ पटक) बढीमा २५,०००।-

उ. नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगिताहरूको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुऱ्याउन भ.न.पा. बोर्डसमक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग पुऱ्याउनेछ ।

ऊ. खेलको स्वरूप र स्तर हेरी नगर खेलकुद समितिले आर्थिक सहयोग रकम उपलब्ध गराउन नगरपालिकालाई सिफारिस गर्न सक्नेछ ।

ए. नगर खेलकुद समितिअन्तर्गत प्रत्येक वडामा खेलकुद समिति रहनेछ ।

**टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सुविधाः**

उक्त नीतिको परिच्छेद ७ मा राष्ट्रिय र अन्तराष्ट्रिय खेलमा भाग लिन जाने खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई दिने सेवा तथा सुविधाको सम्बन्धमा व्यवस्था गरेको छ। यस व्यवस्थाले निश्चय पनि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई उत्कृष्ट खेल प्रर्दशन गर्न प्रोत्साहन मिल्ने विश्वास गर्न सकिन्छ। यस परिच्छेदले अन्तर नगरपालिकालगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा भक्तपुर नगरपालिका टीम, क्लब, संघ-संस्था वा विद्यालय/कलेजलाई सहभागी गराउनसक्ने व्यवस्था गरेको छ। नगरपालिकाले निर्णय गरेबमोजिम सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ।

**उपत्यकाभित्र भाग लिन जानेको हकमा**

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि लाग्ने खर्च नगरपालिकाले ब्यहोर्नेछ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन ५००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

ग) खेलकुद पोशाकको हकमा प्रतिखेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु. ३,०००।- सम्मको सुविधा दिने सक्नेछ।

**उपत्यका बाहिर भाग लिन जानेको हकमा**

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि लाग्ने खर्च नगरपालिकाले व्यहोर्नेछ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन १०००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

ग) खेलकुद पोशाकको हकमा प्रतिखेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु. ३,०००।- सम्मको सुविधा दिन सक्नेछ।

घ) प्रतियोगितामा जान आउन सम्भव भएसम्म स्थलमार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ।

यस नीतिको परिच्छेद ७ दफा २४ ले तालिम तथा प्रशिक्षण व्यवस्थापनसम्बन्धी व्यवस्था गरेको छ। यस्तो तालिमको व्यवस्थाले विशेषगरी युवा तथा विद्यार्थीहरू कुलतबाट बचाई देश र जनताप्रति जवाफदेही बनाउन मद्दत गर्नेछ। वर्तमान समयमा भक्तपुर नगरपालिकाले विभिन्न खेलहरूको तालिम दिँदै आएको जगजाहेर छ। दफा २४ ले भक्तपुर नगरपालिकाले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नको लागि आवश्यकताअनुसार विभिन्न खेलहरूको तालिम र प्रशिक्षण दिने उल्लेख गरेको छ। दफा ३६ मा खेलकुदसम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगितालगायतका क्रियाकलापका लागि भक्तपुर नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिने उल्लेख छ। यस व्यवस्थाले भक्तपुर नगरमा खेलकुदको दिगो विकास गर्न मद्दत पुग्दछ। जसको प्रतिफल युवा तथा विद्यार्थीले प्रत्यक्षरूपमा प्राप्त गर्दछ।

**दण्ड, सजाय र पुरस्कार**

कुनै पनि क्षेत्रको विकासलाई व्यवस्थित र मर्यादित बनाउन दण्ड, सजाय र पुरस्कारको व्यवस्था हुनुपर्दछ। यस्तो व्यवस्था भएमा कुनै पनि क्षेत्रमा अनुशासन कायम हुनुको साथै दिगा विकासमा मद्दत पुग्दछ। भक्तपुर नगरपालिकाले पनि खेल क्षेत्रलाई मर्यादित, अनुशासित र दिगोरूपमा विकास गर्न दण्ड, सजाय र पुरस्कारको व्यवस्था गर्दै आएको छ। भक्तपुर नगरपालिका नगर खेलकुदसम्बन्धी नीति २०७४ को परिच्छेद १२ ले अनुशासनको कारबाही, दण्ड, सजाय र पुरस्कारसम्बन्धी व्यवस्था गरेको छ। दफा ४४ अनुसार खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यपस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनुपर्नेछ। कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा, देहायबमोजिमको आचरण वा कार्य गरेमा प्रशिक्षण समितिको निर्णयअनुसार अनुशासनको कारबाही गर्न सक्नेछ।

१. नगर खेलकुद समिति र त्यस अन्तर्गतका समितिको बद्नाम (अहित) हुने कार्य गरेमा।

२. समितिको नीतिनियम, निर्देशन र निर्णय विपरीत कार्य गरेमा।

३. गोप्यता भङ्ग गरेमा।

४. अनैतिक कार्यमा संलग्न रहेको जानकारी पाएमा।

५. अनुमति विना अन्य संस्थासित संलग्न रही खेलकुद क्रियाकलाप गरेमा।

६. प्रशिक्षार्थीले तोकेको शुल्क नबुझाएमा।

भक्तपुर नगरपालिकाले खेलको विकास र खेलाडीहरू मनोबललाई कायम गरिराख्नको लागि हरेक वर्ष नगरभित्रका उत्कृष्ट खेलाडीहरूलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम गर्दै आएको विदितै छ। यो परम्परा जनप्रतिनिधिहरू आएपछि मात्र होइन विगतमा २० वर्षसम्म जनप्रतिनिधिहरू नहुँदा पनि हरेक वर्ष यस्तो कार्यक्रम गर्दै आएको छ। यस्तो कार्यक्रमले निश्चय नै खेल क्षेत्रमा लाग्ने युवा तथा विद्यार्थीहरू र खेल क्षेत्रमा लाग्ने अन्य तप्काका नागरिकहरूलाई प्रोत्साहन हुनुको साथै राष्ट्रिय/अन्तराष्ट्रिय खेलाडीहरू तयार गर्न पनि मद्दत पुग्दछ।

द्विशताब्दीऔं जन्म दिवस


# dfS;{fb / kF]Ljfbl cfly{§ ;ª\s6



प्रकाश

यो वर्ष विश्व सर्वहारा वर्गका महान गुरु, दार्शनिक एवं क्रान्तिकारी नेता कार्ल मार्क्स जन्मको दुई शत्वार्षिकी तथा मार्क्सद्वारा रचित महान कृति 'पूँजी' प्रकाशनको १५० औं वर्षगाँठ हो । यस अवसरमा विश्वभर नै मार्क्स र मार्क्सवादको अध्ययन, प्रकाशन, छलफल र विविध गतिविधि भइरहेका छन् । कार्ल मार्क्स बीसौं शताब्दीमा सबैभन्दा बढी पढिएका र अनुसरण गरिएका दार्शनिक र सिद्धान्तकार रहेका थिए भने एक्काइसौं शताब्दीको यो दुई दशकमा पनि मार्क्सको विचार र सिद्धान्त उत्तिकै चर्चित र लोकप्रिय छन् । मार्क्स जति लोकप्रिय र अनुसरण गरिएका छन्, उत्तिकै विरोध गरिएका दार्शनिक एवम् विचारक पनि हुन् । उनको निधनको झण्डै १२० वर्षपछि पनि पूँजीपति वर्ग र प्रतिक्रियावादीहरूले मार्क्सको विरोध गर्न छोडेका छैनन् । यसको मुख्य कारण मार्क्सको क्रान्तिकारी जीवन र मार्क्सवादको क्रान्तिकारी सिद्धान्तहरू हुन् । मार्क्स अन्य दार्शनिक र विचारकहरूझैं यो संसार कस्तो छ भनी चिन्तन र प्रवचनमा सीमित भएनन् । सामन्ती र पूँजीपति व्यवस्थाको शोषण, उत्पीडन, अन्याय र अत्याचारविरुद्ध सर्वहारा मजदुर वर्गको समाज परिवर्तनको सङ्घर्षमा मार्क्स प्रत्यक्ष जोडिएका थिए । मार्क्स स्वयम्ले एक ठाउँमा लेखेका छन्– 'दार्शनिकहरूले विभिन्न तरिकाले यो संसारको व्याख्या गरेका छन् । तर मूल कुरा यसलाई बदल्नु हो ।' मार्क्स आफनो भनाइमा जीवनभर इमानदार रहे ।

मार्क्सवाद एक भौतिकवादी दर्शनमात्र नभई मानव समाजको विकासको वैज्ञानिक सिद्धान्त र पूँजीवादी शोषणको सिक्रीले जकडिएका मजदुर वर्गको मुक्तिको मार्ग हो । मार्क्सवादले पूँजीवादको उत्थान, विकास र पतनको नियमलाई विस्तृत व्याख्या गरेको छ । पूँजीवादको पतन भई समाजवाद तथा साम्यवाद स्थापनाको अपरिहार्यतामा जोड दिएको छ । सन्



१८४७ मा 'दर्शनको दरिद्रता', १८४८ मा 'कम्युनिष्ट घोषणापत्र', १८५० मा 'फ्रान्समा वर्ग सङ्घर्ष', १९५२ मा 'नेपोलियन बोनापार्टको हडारौं ब्रुमेर', १८५९ मा 'राजनीतिक अर्थशास्त्रको आलोचनामा एक योगदान', र सन् १८६७ मा 'पूँजी'को पहिलो भाग प्रकाशनपछि एकीकृत सिद्धान्तको रुपमा मार्क्सवादले संसारका विभिन्न देशका सर्वहारा क्रान्ति र जनआन्दोलनमा गहिरो प्रभाव पार्‍यो । विद्यमान पूँजीवादी समाज, पूँजीवादी उत्पादन प्रणाली र त्यसका परिणामबारे चर्चा गरिएको 'पूँजी' मार्क्सद्वारा लिखित सबैभन्दा महत्त्वपूर्ण र मार्क्सवादको व्याख्या सम्मिलित आर्थिक, राजनैतिक र दार्शनिक कृति हो । यस कृतिमा मार्क्सको आर्थिक–सामाजिक विचारको आधारको व्याख्या गरिएको छ । सन् १८६७ मा कार्ल मार्क्सकै सम्पादनमा 'पूँजी'को पहिलो खण्ड प्रकाशन भएको थियो भने मार्क्सको निधनपछि फ्रेडरिक एंगेल्सको सम्पादनमा खण्ड २ र ३ प्रकाशित भएको थियो । चौथो खण्ड भने नोटकै रूपमा पछिमात्र प्रकाशित गरिएको थियो । 'पूँजी'को प्रकाशनपछि विश्वव्यापी रूपमा आर्थिक दृष्टिकोणमा मात्र नभई राजनीतिक र दार्शनिक दृष्टिकोणमा पनि व्यापक परिवर्तन आएको थियो । 'पूँजी' एक प्रकारले कम्युनिष्ट घोषणापत्र किन र कसरी लागू हुन सक्दछ भन्ने प्रश्नको विस्तृत व्याख्या पनि हो । विश्वभरका शोषणविरोधी मजदुर आन्दोलनदेखि सामन्तवादविरोधी जनक्रान्ति र साम्राज्यवाद र उपनिवेशवादविरोधी राष्ट्रिय मुक्ति आन्दोलनहरूसम्म पनि

मार्क्सवादले नै बाटो देखाउने काम गर्‍यो। मार्क्सवाद–लेनिनवादकै देनले बीसौं शताब्दी राष्ट्रिय मुक्ति र समाजवादी व्यवस्था स्थापनाको युग रह्यो। मार्क्सवाद आज पनि विश्वभरका सर्वहारा मजदुर वर्ग र क्रान्तिकारीहरूका निम्ति विद्यमान शोषण र उत्पीडनमा आधारित राजनीतिक र आर्थिक व्यवस्था परिवर्तनका लागि मार्गनिर्देशक सिद्धान्त र एउटा अजेय हतियार रहेको छ।

तर, १९८० को दशकको अन्त्यतिर सोभियत संघलगायत समाजवाद स्थापना भइसकेका पूर्वी युरोपेली देशहरूमा पूँजीवादको पुन:स्थापना र समाजवादको अस्थायी हारपछि पूँजीवादी र प्रतिक्रियावादीहरूले मार्क्सवादको सान्दर्भिकतामाथि प्रश्न गरी भ्रम सिर्जना गर्न व्यापक दुष्प्रचार गरे। उनीहरूले समाजवादको अन्तिम हार भइसकेको र मार्क्सवाद गलत सावित भइसकेको कुतर्क गरे। तर, समय र घटनाक्रमले मार्क्सवाद र समाजवाद सत्य, अजेय र अमर्त्य रहेको पुष्टि भएको छ। एक्काइसौं शताब्दीमा, अझ विशेष गरी सन् २००८ को पूँजीवादी आर्थिक मन्दीको सङ्कटपछि मार्क्स–एंगेल्स लिखित तथा अरु पूँजीवादी देशहरूमा मार्क्सवादी पुस्तकहरूको प्रकाशन र बिक्री–वितरण झन् बढेको तथ्याङ्क छ। आज पनि संसारका विभिन्न देशमा मार्क्सवादी–लेनिनवादी क्रान्तिकारी मजदुर र समाजवादी पार्टीहरूको स्थापना र विस्तार भइरहेका छन्। पूँजीवादको भूमण्डलीकरण र नवउदारवादी बन्दोवस्तविरुद्ध युरोप, एसिया, अफ्रिका, अमेरिका सबै महादेशका मजदुर वर्ग र न्यायप्रेमी जनता आन्दोलन गर्दैछन्। आर्थिक मन्दीसँगै विभिन्न देशका पूँजीवादी व्यवस्थाहरू मृत्युको मुखमा पुगेका छन् र वैदेशिक कर्जा र साम्राज्यवादी सुरक्षा गठबन्धनको सञ्जीवनी पाएरमात्र स्वास फेरिरहेका छन्।

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले मानव समाजको विकासको वैज्ञानिक सिद्धान्त प्रतिपादन गरेका थिए। मार्क्सवादले पहिलोपटक मानव इतिहासको द्वन्द्वात्मक भौतिकवादी व्याख्या गर्‍यो। मार्क्सवादले के प्रमाणित गरेको छ भने आजसम्मको मानव समाजको इतिहास वर्गसंघर्षको इतिहास हो। मानव समाजको विकास र राजनीतिक सत्ताको परिवर्तनमा आर्थिक सम्बन्ध र वर्गसंघर्ष नै निर्णायक तत्त्व हो।




मार्क्सवादको अर्को महत्त्वपूर्ण पक्ष पूँजी र श्रमबीचको अन्तरविरोधपूर्ण सम्बन्धको विस्तृत व्याख्या हो। विद्यमान पूँजीवादी व्यवस्था वा उत्पादन प्रणालीमा पूँजीपति वर्गबाट मजदुरहरूको शोषण कसरी भइरहेको छ भनी छर्लङ्ग पारिएको छ। श्रम नै सारा धन र वस्तुको मूल्यको स्रोत हो भनी मार्क्सवादी राजनीतिक अर्थशास्त्रले स्पष्ट पार्‍यो। मजदुरहरूले कहिल्यै पनि आफ्नो श्रमद्वारा सिर्जित मूल्यको पूरै भाग पाउँदैनन्। बरु त्यस्तो मूल्यको ठूलो भाग नाफाका रूपमा पूँजीपतिहरूले खोस्ने गर्छन्। मजदुरहरूले आफूले पाउने ज्याला बराबरमात्र श्रम गर्ने होइन बरु त्यो भन्दा कयौं गुणा बढी श्रम गरी अतिरिक्त मूल्य सिर्जना गर्छन्। त्यस अतिरिक्त मूल्यलाई पूँजीपति वर्गले नाफाको रूपमा कब्जा गर्छ र व्यवस्थाको नियमअनुसार पूँजीवादी व्यवस्थाका विभिन्न पक्षहरूबीच बाँडफाँट गरिन्छ। पूँजीपतिहरूले मजदुरहरूको बिनाज्यालाको श्रमबाट नै मजदुरहरूको शोषण गरी नाफा कमाउने र अकूत धन थुपार्ने गर्दछन्। त्यही नाफा पछि झन्झन् ठूलो पूँजीको रूपमा विकास हुन्छ। यसलाई मार्क्सवादको अतिरिक्त मूल्यको सिद्धान्त भनिन्छ। मार्क्सद्वारा लिखित 'पूँजी' को भाग ३, ४ र ५ 'अतिरिक्त मूल्यमा सिद्धान्तहरू' सँग सम्बन्धित छन्। मार्क्सका विचारमा उत्पादन प्रक्रियाकै क्रममा मजदुर वर्गको श्रमशोषण हुन्छ। फेरि पूँजीवादमा शोषण यसको भित्री गुढीदेखि नै हुन्छ। उत्पादन प्रक्रियामा मजदुरहरूको शोषण र बजारमा उपभोक्ताहरूको शोषण नगरी पूँजीवादी व्यवस्था टिक्नै सक्दैन। पूँजीवाद भनेको वस्तु उत्पादन र बजारीकरणको एक प्रणालीमात्र नभई श्रम नै एउटा वस्तुमा परिणत हुने शोषण र ठगीमा आधारित अनैतिक व्यवस्था हो।

मार्क्सले जसरी पूँजीपति वर्गको उदय, पूँजीवादी व्यवस्थाको विकासबारे व्याख्या गरे त्यस्तैगरी पूँजीवादी व्यवस्थाले व्यहोर्ने अनिवार्य सङ्कट र पूँजीवाद स्वयम्द्वारा सिर्जित सर्वहारा मजदुर वर्गमार्फत पतन हुने निश्चित छ भनेका छन्।

मार्क्सले बडो काव्यात्मक रूपमा *'पूँजी मृत श्रम हो र यो भ्याम्पायरजस्तै जीवित श्रमको रगत चुसेर मात्र बाँच्ने गर्दछ'* भनी लेखेका छन्।

### आर्थिक सङ्कट पूँजीवादको अपरिहार्य परिणाम

पूँजीवाद भनेको वस्तु उत्पादन र अतिरिक्त मूल्य (नाफा) उत्पादनको प्रणाली हो। नाफा र अझ बढी नाफा नै पूँजीवादको ध्येय र आत्मा हो। यसरी बढीभन्दा बढी नाफाको निम्ति विस्तार हुँदै आउने उत्पादन प्रणाली स्वयम्ले नै पूँजीवादमा आर्थिक मन्दी या संकटको सिर्जना गर्दछ। मार्क्सका अनुसार पूँजीवादी व्यवस्थामा वस्तुको विनिमयले उत्पादन प्रणालीका प्रक्रियाहरू मात्र नभई त्यसको वृद्धिका लागि आवश्यक सामाजिक सम्बन्धका सम्पूर्ण सञ्जालहरू विस्तार हुँदै जान्छन् र अन्ततः पूर्णतया त्यसका कर्ताहरूको नियन्त्रणभन्दा बाहिर जान्छन्। यो नै पूँजीवादको अपरिहार्य सङ्कट हो।

अर्को शब्दमा पूँजीवादमा धन जति सबै नाफाको रूपमा निश्चित पूँजीपतिहरू वा कम्पनीहरूको हातमा थुप्रन जान्छ। जसले गर्दा बजारमा वस्तुको विनिमय उल्लेख्य रूपमा कम हुन जान्छ र अधिक नाफाको लागि उत्पादन गरेका वस्तु स्टक बस्न जान्छ। त्यस्ता वस्तु उत्पादनका लागि पूँजीपति वर्गले अत्यन्त ठूलो रकम कर्जा लिएका हुन्छन्। वस्तु बिक्री नहुँदा तिनीहरू त्यस्तो कर्जा तिर्न नसक्ने हुन्छन् र पूँजीवादी व्यवस्थाको मुटुका रूपमा रहेका बैङ्कहरूसमेत टाट पल्टिन पुग्छन्। यो सङ्कट एउटा-दुईटा उद्योग र बैङ्कहरूमा मात्र सीमित नभई एउटा पूरै राज्यभरि र विश्वव्यापी रूपमा हुने गर्दछ।

वस्तु उत्पादन प्रणालीभित्र रहेको सङ्कट अन्ततः पूँजीवादी प्रणालीकै सङ्कटमा परिणत हुन्छ। किनभने पूँजीवाद स्वयम् उत्पादनको अराजक स्थिति हो। पूँजीवादको विशेषताले सधैं नै बढी उत्पादनलाई जोड दिइरहेको हुन्छ। केही पूँजीवादी अर्थशास्त्रीहरू पूँजीवादअन्तर्गत उत्पादनलाई माग र आपूर्तिबीचको अनुपातले नियमन गर्ने तर्क गर्छन्। तर त्यो तर्क १९३० को दशकको बृहत मन्दी र २००८ देखिको पूँजीवादी आर्थिक सङ्कटले गलत पुष्टि गरिदिएको छ। पूँजीवादको चालक शक्ति भनेकै पूँजीपतिहरूको बढी भन्दा बढी नाफा कमाउने प्रवृत्ति हो। पूँजीपतिहरूको त्यही प्रवृत्तिले बढी उत्पादन, जम्माखोरी प्रक्रिया र केन्द्रीयकरण प्रतिक्रयासँगै आर्थिक क्रियाकलाप निरन्तर विस्तार हुँदै जाने हो।

हामीले सुनेका र देखेका छौं आर्थिक मन्दीसँगै संरा अमेरिका, ल्याटिन अमेरिकी र युरोपका सबैजसो देशमा उद्योग-कलकारखाना बन्द गरिएका छन्। हजारौं हजार मजदुरहरूको एकैपटक रोजगारी खोसिएको छ। ती देशका पूँजीवादी सरकारहरूले 'मितव्ययिताको नीति' का नाममा कामदार र कर्मचारीहरूको रोजगारी, तलब सुविधा र सेवा कटौती गरेका छन्। सामाजिक सुरक्षातर्फको बजेट कटौती गर्दै अशक्त र असहाय नागरिकहरूप्रतिको कर्तव्यमा समेत पूँजीवादी राज्य व्यवस्था उदासिन बन्दै गएको छ। त्यसले मजदुर वर्ग र सर्वसाधारण जनतामा व्यापक असन्तुष्टि बढाएको छ र राज्यको नीतिविरुद्ध र अझ अघि बढेर राज्य व्यवस्थाकैविरुद्ध सङ्घर्षमा उत्रेका छन्। सन् २००८ को आर्थिक सङ्कटपछि संरा अमेरिकामा 'वालस्ट्रिट कब्जा आन्दोलन' का नाममा भएको मजदुर आन्दोलन, ग्रीस, पोर्चुगल, स्पेन, साइप्रस, बेल्जियमलगायत सबैजसो युरोपेली देशहरूमा हालसालै भइरहेका कटौतीविरुद्धका मजदुर र जनआन्दोलनहरू तड्कारा उदाहरण हुन्।

पूँजीवादी व्यवस्था स्वयम्ले आर्थिक मन्दी र सङ्कट सधैं समाधान गर्न सक्दैन, बरु असन्तुष्टिहरूलाई दबाउने उपाय अबलम्बन गर्ने र ऐनकेन प्रकारले सङ्कटको अवधि पार गर्न खोज्ने तर वर्ग सचेत सर्वहारा मजदुर वर्गले विद्रोहको माध्यमले पूँजीपति वर्गको सत्ता उखेलेर मजदुर वर्गको शासन सत्ता-समाजवाद स्थापना गर्नेमा मार्क्सवादले जोड दिन्छ। मार्क्सवाद वैज्ञानिक दर्शन र सिद्धान्त हो भनी घटना क्रमले पटक-पटक पुष्टि गर्दै आएको छ।

**चिनियाँ नीतिकथा**

## दुई जना सिकारी

जलहाँसको बथान आकासमा उडिरहेको थियो। दुई जना सिकारी ती हाँसलाई मार्न धनुबाण ताँकिरहेका थिए। एक जना सिकारीले भन्यो, 'हेर त यी जंगली हाँसहरू कति मोटा छन्। यिनलाई पोलेर नुन-खुसार्नीसँग खानु कस्तो मिठो होला !'

अर्को सिकारीले भन्यो, 'होइन जलहाँसको त कवाफ मिठो हुन्छ। मैले यी हाँसको कवाफ पकाएर खान्छु।'

धेरै बेरसम्म ती सिकारीहरूबीच हाँसलाई पोलेर खाने कि कवाफ पकाएर खाने भन्ने कुरामा बहस चल्यो। उनीहरूको बहस नटुँगिँदै जलहाँसको बथान उडेर डाँडा काट्यो।

# ; fkf? kj§f] 0ltxf;



ओम धौभडेल

प्रत्येक वर्ष भाद्र शुक्ल प्रतिपदाको दिनलाई यहाँ सापारु तथा गाईजात्राको नामले चिनिन्छ। यस दिनलाई बलीवर्द प्रतिपदा तथा वृषभ प्रतिपदाको नामले पनि चिनिन्छ। यस दिन 'सायात' गर्ने चलन छ। जुन नेवार समुदायले वर्षभरि दिवंगत भएका आफन्तको नाममा प्रतिकात्मक गाई बनाएर नगर घुमाउने चलन हो । अर्थात 'साँ' भन्नाले गाई र 'यात' भनेको यात्रा वा जात्रा हो। तर यहाँ 'साँ' भनेको गाई भन्दा पनि बसाहालाई बढी प्राथमिकता दिएको आभास हुन्छ। काठमाडौं उपत्यकालगायत तत्कालीन नेपालमण्डलका साना-ठूला बस्तीहरूमा आ-आफ्नै शैली तथा परम्पराअनुसार सापारु पर्व मनाउने चलन छ। काठमाडौं उपत्यकाकै काठमाडौंमा दिवंगत व्यक्तिको सम्झनामा स-साना बालबालिकाहरूलाई सिंगारपटार गरी गाईको चित्रअङ्कित कागजको मुखुण्डो तथा सिङ लगाई वसन्तपुर दरबार, हनुमानढोका दरवारलगायत पुरानो नगरक्षेत्र घुमाउने गर्छ। कमरमा पटुका बाँधी दुई छेउ भूँईमा लत्रिने गरी नगर परिक्रमा गर्ने भएर यसलाई 'वासा लुयेगु' पनि भन्ने चलन छ। कसै-कसैले सानो केटालाई शिरमा सेतो वा पहेंलो फेटा बाँध्न लगाई हातमा चिम्टा र कमलको फूल लिई फकिरको रुपमा नगर घुमाउने गर्छ। कसै-कसैले जिउँदो गाईलाई नै सिंगारेर नगर परिक्रमा गराउँछन्। यता पाटन नगरमा सापारु चार दिन अगाडि नायखीं च्वयेके भनी नगरभरिमा वर्षभरि दिवंगत भएका व्यक्तिहरूको सम्झनामा तोकिएको ठाँउमा भेला हुन सूचना दिइने चलन छ। सोअनुसार सापारुको दिन तोकिएको ठाँउमा जम्मा भई बसाहाको मुखाकृति लगाएको केटाहरू अगाडि र त्यसपछि पहेंलो कपडा ओढाएका गाईहरू, त्यसपछि कुचो, गाईको दुध, लावा, अबिर, चमर पंखा आदि लिएका केटीहरू हुन्छन्। त्यसपछाडि राधाकृष्ण र गोपी-गोपिनीहरूको भेषमा नगरपरिक्रमा गर्ने चलन छ।

यसमानेमा भक्तपुरको सापारु अन्य ठाँउको भन्दा विशेष मानिन्छ। भक्तपुरमा सापारु पर्व सुरु भएको संकेत अघिल्लो दिन अर्थात् श्रावण शुक्ल पूर्णिमाको दिनबाट नै सुरु हुन्छ। यस दिन भक्तपुरको पूर्व फर्केको नौवटा ढुङ्गेधारामा मुख धुने चलन छ। साथै बिहानीपख किसानहरू आ-आफ्नो खेतमा गई भ्यागुतोलाई क्वाटी र रोटी खुवाई पूजा गर्ने गर्छन्। जसलाई 'ब्यां जा नकेगु' भनिन्छ। साथै घर-घरमा नौ थरीको गेडागुडीले बनेको क्वाँटी र रोटी खाने गर्छन्। भक्तपुर ब्यासीस्थित कालदह, भक्तपुर नगरकोटस्थित महादेव पोखरीलगायत ठाँउ-ठाँउमा मेला लाग्छ। यस दिन साँझपख भक्तपुर तलेजुबाट घिन्ताङघिसी नाच भक्तपुर नगरको प्रदक्षिणा मार्ग भएर परिक्रमा गर्छ। तलेजुको साँ (गाई)को दर्शन गर्ने हेतलु प्रदक्षिणा मार्गको वरपर असंख्य भक्तजनहरू बसेका हुन्छन्। भक्तपुरको तलेजुबाट घिन्ताङघिसी नाच ल्याएपछि भक्तपुरमा सापारु सुरु भएको मानिन्छ। भोलिपल्ट हुनुभन्दा अगावै मध्यरातदेखि दिवंगत व्यक्तिहरूको नाममा भक्तपुरवासीहरूले प्रतिकात्मक गाई घुमाउने गर्छन्। बिहानको समयमा विशेषगरी डोकोमा बनाएका 'साँ' अर्थात् गाई घुमाउने गर्छ। वर्षभरिमा दिवंगत स-साना बालबालिकाहरूको सम्झनामा यस्ता डोकोमा बनाएका गाईहरू अर्थात् 'दोकचा साँ' नगर परिक्रमा गराएको हुन्छ।

कसै-कसैले कालो माटोको बसाहा बनाई सिंगारिएको खटमा राखी बाजागाजाका साथ नगर परिक्रमा गराउँछन्। स-साना बालबालिकाहरूलाई सिंगारपटार गरी कम्मरमा पटुका बाँध्न लगाई दुईटुप्पो भूइँमा लत्रने गरी घुमाउनेलाई 'वासा लुयेगु' भनिन्छ। भक्तपुरको सापारु पर्वको सबैभन्दा आर्कषण भनेको 'ताहा साँ' अर्थात चारवटा लामो बाँसहरूबाट बनेको गाई हो। अगाडी-पछाडी कपडाको डोरी समाउने दुई व्यक्ति र 'ताहा साँ' बोक्ने चार व्यक्तिले घरको दुई तल्ला जति अग्लो 'ताहा साँ' विशेषगरी पाका उमेरका दिवंगत व्यक्तिहरूको सम्झनामा बनाएको हुन्छ। यस्ता 'ताहा साँ' को अगाडी बालकदेखि वृद्धसम्म बाजाको तालमा लट्ठी जुधाई घिन्ताङघिसी नाच नाच्दै आउँछन्। सापारु पर्वको सबैभन्दा आर्कषण नै घिन्ताङघिसी नाचलाई मानिन्छ। घिन्ताङघिसी नाचको साथ विभिन्न प्याखं तथा नाटकहरू पनि देखाइन्छन्। मृतकको नामबाट यसरी फरक-फरक प्रकारका गाई नगर घुमाउनुपूर्व आ-आफ्ना पुरोहित बोलाई विधिवत् रूपमा पूजा गराउने चलन छ। घरको पिखालाखी अगाडि बलेसिमुनि राखी विधिवत् पूजा तथा गौदानसमेत गर्नुपर्छ। त्यतिबेला पुरोहितले 'भाद्रमासे कृष्णपक्षे पैतिपदां तिथौ बलीवर्दोत्सव कर्मणि' भन्ने वाक्य लिने चलन छ। साँझतिर भक्तपुर वडा नं ४ स्थित लाकुलाछेबाट परालले बनेको भैल द्यः र भद्रकालीको 'ताहा साँ' घिन्ताङघिसीको साथ नगर परिक्रमा गराएपछि अन्य प्रतिकात्मक गाईहरू ल्याउने कार्य गर्नुहुँदैन भन्ने मान्यता छ। भक्तपुरको सापारु आठ दिनसम्म विभिन्न देव-देवीहरूको जात्रा गरी कृष्णअष्टमीको दिन समापन हुन्छ। सापारुबाहेक अन्य दिनहरूमा समेत टोल-टोलबाट घिन्ताङघिसी ल्याउने चलनले थप रौनकता देख्न पाइन्छ। यसरी काठमाडौं उपत्यकाबाहेक पोखरा, बाग्लुङ,

धरान, पाल्पाजस्ता ठाँउहरूमा पनि सापारु भब्य रुपमा मनाइन्छन् ।

वर्तमान समयमा सापारु पर्व नेवार समुदायको एक मौलिक पहिचानको रुपमा प्रख्यात छ । हरेक वर्ष सञ्चालन हुन यो संस्कृति एउटा परम्पराको रुप मात्र धारण गरेको छैन, यसले एउटा पर्वको रुप नै लिइसकेको सन्दर्भमा सापारु पर्वबारे भएका सत्यतथ्य उजागर गर्नु अत्यावश्यक भएको छ । यसै सन्दर्भमा हाम्रा इतिहासका पानाहरू एक अर्कासँग बाँभिने क्रममा कतिपय तथ्य पुनःअध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ । सापारुको सन्दर्भमा पनि यस्तै खाँचो महसुस हुन आउँछ । इतिहासकारहरूले सापारु पर्वको चलनसँग कान्तिपुरका राजा प्रताप मल्लको नाम जोडेको पाइन्छ । उनका कान्छा छोरा चक्रबर्तेन्द्र मल्लको अल्पायुमै असामयिक निधन भएपछि शोकाकुल रानीलाई सान्त्वना दिने हेतुले उनले यो पर्व चलाएको कथन छ । ने.सं. ७९० मा मृत्यु भएका चक्रबर्तेन्द्र मल्ललाई आधार बनाएर प्रताप मल्लले सापारु पर्व चलाएको भए तापनि यो प्रचलन ३४० वर्ष जति पुरानो हो भन्ने प्रचलन छ ।

अर्को कुरा प्रताप मल्ल कान्तिपुर (काठमाडौं) का मात्र राजा थिए । त्यसबेला भक्तपुरमा जगतप्रकाश मल्ल र पाटनमा सिद्धीनरसिंह मल्लजस्ता प्रतापी राजाहरूले राज्य गर्दथे । तिनीहरूबीच हरेक क्षेत्रमा प्रतिस्पर्धा हुने सन्दर्भमा शत्रु राज्यका राजकुमारको मृत्युमा भक्तपुर र पाटनले किन सापारु पर्व मनाउँछ भन्ने प्रश्न उठ्छ । अर्कोतर्फ आफ्नो समयमा प्रताप मल्ल इतिहासप्रति जागरुक राजा थिए । आफुले गरेका हरेक कार्यको अभिलेख वा थ्यासफूमा टिपोट गरी राखेको अवस्थामा सापारुबारे कहींकतै एक शब्द उल्लेख गरेको भेटिँदैन । स्वयम् चक्रबर्तेन्द्र मल्लको मृत्युको सम्भनास्वरुप वि.सं. १७२७ मा बनाउन लगाएको रानीपोखरीको अभिलेखमा समेत सापारुबारे केही उल्लेख छैन ।

सापारु पर्वको श्रेय भक्तपुरका राजा जगतप्रकाश मल्ललाई दिने इतिहासविद्हरू पनि भेटिन्छन् । जगतप्रकाश मल्ल भक्तपुरका राजाहरूमा एक प्रभावशाली राजा थिए । उनले ने.सं.७६४ देखि ने.स. ७९३ सम्म अर्थात् २९ वर्ष राज्य गरेको देखिन्छ । जगतप्रकाश मल्ल र तत्कालीन उनका प्रभावशाली भारदार चन्द्रशेखर मिली जगच्चन्दको नामबाट कयौं साहित्य रचना गरे । स्वयम् जगतप्रकाश मल्लले धेरै अभिलेखहरू राख्न लगाए । तर सापारु पर्व सुरुआत गरेको भन्ने कुनै छनक देखिँदैन । त्यतिमात्र होइन, यहाँनिर जगतप्रकाश मल्लका दुई छोराहरू जितामित्र मल्ल र उग्र मल्ल दुवै पछिसम्म जीवित रहेको र तेस्रो कुनै राजकुमार नै नभएको सन्दर्भमा यो कथन पनि हचुवा ढंगले सिर्जित भएको स्पष्ट हुन्छ । यता कोही-कोहीले सापारु पर्वको श्रेय पाटनका राजा सिद्धीनरसिहं मल्ललाई दिने गरेको छ । उनका छोरा श्रीनिवास मल्लको नाम इतिहासमा लेखिएको भए तापनि जेठो छोरो ज्योर्तिनरसिंह मल्लको विषयमा इतिहासले बोलेको छैन । उनै ज्योर्तिनरसिंह मल्लको मृत्यु ने.सं. ७७२ आश्विनतिर भएको थियो । इतिहासले पुनः उनलाई सम्झन आवश्यक ठानेन । इतिहासप्रति सचेत सिद्धीनरसिंह मल्लले कहींकतै उनीबारे जिकिर गरेको छैन ।

केही समय यता सापारु पर्वको श्रेय जयस्थिति मल्ललाई दिनेहरू भेटिंदैछ । यहाँ जयस्थिति मल्लका धर्म मल्ल, जगज्योर्ति मल्ल र किर्ती मल्लका तीन छोराहरू रहेको प्रमाण यथेष्ट छ । ने.सं. ५१५ भाद्रमा जयस्थिति मल्लको मृत्युपछि यी तीनजनाको संयुक्त शासन चलेको देखिन्छ । यसबाट जयस्थिति मल्लको जीवनकालमा उनका कुनै छोराहरूको मृत्यु भएको देखिदैन । दोलाजी प्रथाबाट यहाँको राजा बन्न सफल जयस्थिति मल्ल एक प्रभावशाली अनि सुधारक राजा अवश्य थिए । आफूले गरेका सुधार एवम् किर्तिबारे उनले ठाउँ-ठाउँमा सगौरव लेख्न लगाएका छन् । आफूलाई यहाँको राजा बन्न योगदान गरेकी आफ्नी पट्रानी राजल्लादेवीबारे ठाउँ-ठाउँमा प्रशंसा गर्न उनी चुकेका छैनन् । उनै राजल्लादेवीको सम्झनामा देवपटनस्थित जयबागेश्वरीनजिक सुनको धारा जीर्णोद्धार गरी ने.सं. ५०८ मा राख्न लगाएको एक शिलापत्र यसप्रकारको छ ।

श्रीमान श्री स्थिति राज मल्ल इति य ख्याःत पत्नी धर्म धुरन्धरा वरतन् राजलदेवि तिया यस्या : श्री धर्म मल्ल इति यः ख्यात कुमाराग्रणी कुमार श्री जय ज्योर्तिमल्लदेवस्य मध्यम : । कनिष्ठ तनयो यस्याः किर्ती मल्ल सुधारक : ।राजल्ल



Children celebrate Gai Jatra in Bhaktapur | 1970ies

देब्यास्त्रि दिवंगतायानाम्ना करोति श्री स्थितिराज मल्ल प्रणालिकां अष्टाधिके ।

यस्ता प्रभावशाली एवम् सचेत शासकले सापारु पर्व चलाएको भए अवश्य त्यसबारे उल्लेख गर्नुपर्थ्यो। बरु उनै जयस्थिति मल्लको शासनकाल अर्थात् ने.सं. ५०९-१० तिर एकजना भक्तपुरवासी विद्वानले नेपालभाषामा लेखेको गोपाल राजवंशावलीको पत्र संख्या ६१ मा 'सायात' भनी सापारुबारे उल्लेख गरेको छ। यसरी गोपाल राजवंशावलीमा उल्लेख भएकै आधारमा सापारु पर्वको श्रेय उनलाई दिनु न्यायोचित हुँदैन। वास्तवमा उक्त वंशावली जयस्थिति मल्लको राज्यकालमा लेखिएको भए तापनि यसमा लिच्छवीकालदेखिका महत्त्वपूर्ण घटना इतिवृतिलाई समेटिने क्रममा यसरी सापारु पर्वबारे पनि लेखेको अवस्था हो।

सापारु पर्व नेवारहरूको सोऱ्ह संस्कारमध्ये मृत्युसित सम्बन्धित संस्कार हो भन्ने स्पष्ट छ। नेवार समुदायमा दिवंगत व्यक्तिको नाममा मृत्युको एघारौं वा बाऱ्हौं दिनमा बसाहा डामेर छोड्ने चलन छ, जसलाई वृषसर्ग भनिन्छ। जिउँदै यसरी साँढे छोड्नु बाहेक ढुङ्गाको साँढे बनाई गौचरनमा राख्ने पनि चलन थियो। यसरी छोडेको साँढेको प्रतिमा ठाउँ-ठाँउमा देख्न सकिन्छ। तर यी दुवै कार्य खर्चिलो र झन्झटिलो हुँदा यसको विकल्पको रुपमा दिवंगत व्यक्तिको वर्षदिनभित्र आउने भाद्रशुक्ल प्रतिपदाको दिन गाई (बसाहा)को प्रतिक बनाई नगर परिक्रमा गर्दा पनि वृषसर्ग गरेको सरह मानी नेवार समुदायले सापारु मनाई आएकोलाई यहाँ महत्त्वका साथ लिनुपर्छ।

यसको एक प्रमाण त बौद्धायन नामको हस्तलिखित ग्रन्थ हो जसमा बसाहाको मूर्ति बनाएर त्यसलाई भाद्रकृष्ण प्रतिपदाको दिन विधिपूर्वक पूजा गरी आफू बसेको सहर घुमाउनाले 'वृर्षोत्सर्ग' नामको पितृ तंरतारक यज्ञको पुण्य प्राप्त हुन्छ भनी स्पष्ट लेखेको छ। त्यस्तै पण्डित रत्नराज राजोपाध्यायसँग रहेको गाईजात्रा पद्धति नामको अर्को हस्तलिखित ग्रन्थमा समेत पद्मम पुराण शिववचन भनी भाद्रकृष्ण प्रतिपदा तथा सापारुको दिन वृषभलाई उपर्युक्त विधिअनुसार पूजा अर्चना गरी देश परिक्रमा गराई सायंकालमा भित्र्याएमा वृर्षोत्सर्ग गरेको फल प्राप्त हुनेछ भनी स्पष्ट बताएको छ। यता गरुड पुराणमा समेत वृर्षोत्सर्ग कर्मको महत्त्वबारे लेखिएको हुँदा सापारुको दिन सायात गर्ने चलन नेवार सभ्यताको सुरुवातको दिनदेखि चल्दै आएको परम्परा हो भन्नेमा कुनै अन्यौलता छैन। मृत्यु भएका आफन्तले स्वर्गीय सुख प्राप्त गरोस् भन्ने चाहनाले सधैं चिन्तित रहने नेवारहरू मृत्युको एक वर्ष अत्यन्त शुद्ध चोखोमा बस्ने परम्परा छ।

विशेषगरी लिच्छवीकालका कैयौं कालखण्डमा यहाँ ठूलठूला प्राकृतिक विपत्ति, रोगब्याधी, महामारीबाट ठूलो धनजनको नोक्सान भएको संकेत पाइन्छ। जसमा मृत्युवरण गरेका असंख्य मानिसहरूको सद्‌गति गर्न पाएनन्। त्यतिमात्र होइन, जेठ र असारतिर मनसुन सुरु भई पानी परेपछि प्राकृतिक विपत्ति तथा रोगब्याधीले वर्षेनि थुप्रै मानिसहरूको अकालमा मृत्यु हुन पुग्दा धार्मिक रुपले दिवंगतहरूले स्वर्ग जान पाउने आधार यही भाद्र शुक्ल प्रतिपदाको दिन रह्यो। त्यो एकदिन स्वर्गको द्वार खोल्ने र त्यो समयमा मृतकको नाममा प्रतिकात्मक गाई बनाएर वैतरणी नदी पार गरी स्वर्ग जाने अभिप्रायले सापारु पर्व मनाएको हो। सापारु पर्वबाट वर्षभरिमा मृत्यु हुनेहरूको तथ्याङ्क तयार भई सचेतना जगाउने काम हुन पुग्यो र सापारु पर्वमार्फत् अकाल मृत्युबाट बच्न र बचाउन सन्देश प्रवाह गऱ्यो।

लिच्छवीकालमा विकास भएको सापारु भक्तपुरको महत्वपूर्ण पर्व अन्य ठाउँको सापारु भन्दा विशेष हुने गर्छ। सापारु पर्व नेपालमण्डलभित्र प्रायः साना-ठूला बस्तीहरूमा मनाउने चलन भए तापनि भक्तपुरको सापारु अन्य ठाउँको भन्दा विशेष प्रकारले मनाउने सर्न्दभमा यसको पछाडी लुकेको एउटा पाटोबारे जानकारी राख्नु आवश्यक हुन्छ। लिच्छवी राजा आनन्ददेवले चारैतिर अष्टमातृका देवीहरू तथा मध्य भागमा भैरव स्थापना गरी सम्पूर्ण नेपालमण्डलको राजधानी भक्तपुर बनाएदेखि यक्ष मल्लसम्म करिब ३६७ वर्षसम्म सम्पूर्ण नेपालमण्डलको राजधानी नै भक्तपुर थियो। राजधानी नगरको रुपमा तत्कालीन समयमा भक्तपुरले थुप्रै आरोह-अवरोह भोग्नुपऱ्यो। तर सांस्कृतिक रुपले एउटा विशेष थलो बन्न पुग्यो। यसमा भक्तपुरमा राज्य गर्ने साहित्यिक राजा एवम् यहाँका संस्कृतिप्रेमी जनताहरूको कारण सम्भव बन्न पुग्यो। सापारुजस्तो विरह एवम् विछोडको क्षणलाई समेत सास्कृतिक रुपले धनी बनाई छाडे। अन्य पर्वझैं यो पर्वले विशेष फस्टाउने मौका पायो र यता यक्ष मल्लपछि भक्तपुरबाट कान्तिपुर र कान्तिपुरबाट ललितपुर विभाजन भइसकेपछि यी तीन राज्यहरूबीच हरेक क्षेत्रमा प्रतिस्पर्धा कायम भएको अवस्थामा आ-आफ्नो ठाउँमा आफ्नो शैलीले सापारु पर्वको विकास भयो। यसमा कान्तिपुरका प्रताप मल्ल, भक्तपुरमा जगतप्रकाश मल्ल र पाटनमा सिद्धीनरसिंह मल्लको ठूलो योगदान रहेकोमा कुनै द्विविधा छैन। तर यतिलाई मात्र आधार बनाएर सापारु पर्वको श्रेय प्रताप मल्ल, जगतप्रकाश मल्ल, सिद्धीनरसिंह मल्ललाई दिनु न्यायोचित छैन। अनि गोपाल राजवंशावलीलाई आधार बनाएर सापारु पर्वको श्रेय जयस्थिति मल्ललाई दिनु पनि मनासिब नरहेको अवस्थामा यस्तो महत्त्वपूर्ण पर्वबारे अझ गहन अध्ययन हुन सके थुप्रै सत्यतथ्य प्रकाशमा आउन सक्छ।

## सन्दर्भ सामग्री


१. मेडियभल नेपाल, दोस्रो भाग, डि. आर. रेग्मी

२. मल्लकालीन नेपाल, लीलाभक्त मुनंकर्मी

३. नेपाली चाडपर्व, सत्यमोहन जोशी

४. तन्त्रमा नेवार, मृगेन्द्रराज सुवेदी

५. अभिलेख वर्ष ११, वि.स. २०५०

# शिक्षा र स्वास्थ्य सेवामा भक्तपुर नगरपालिका

विगोल

भक्तपुर नगरपालिकाले असार २९ गते आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम पारित गर्‍यो र असार ३० गते नीति तथा कार्यक्रमको आधारमा बजेट सार्वजनिक गर्‍यो। भक्तपुर नगरपालिकाको तेस्रो नगरसभा असार ८ गतेदेखि सुरु भयो। पक-पटक बसेको नगरसभा २९ गते सम्पन्न भयो। असार ८ गते भनपाका प्रमुख सुनिल प्रजापतिले आ.व. ०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गरे। प्रस्तुत नीति तथा कार्यक्रममा सभासद्हरूबीच गहन छलफल भयो र असार १० गते नीति तथा कार्यक्रम पारित गरियो। नीति तथा कार्यक्रम पारित भएपछि उपप्रमुख रजनी जोशीले आ.व. ०७५/७६ को बजेट पेश गरिन्। नगरसभाले चालूतर्फ ८७ करोड ९३ लाख ८८ हजार र पूँजीगततर्फ ८५ करोड ४६ लाख १२ हजार गरी रु. १ अर्ब ७३ करोड ४० लाखको बजेट पारित गर्‍यो। नगर सभासद्हरूले नीति तथा कार्यक्रमउपर छलफल गरी टुङ्गो लगाएपछि असार ३० गते भनपाको बजेट एक विशेष समारोहबीच सार्वजनिक गरियो।

नीति तथा कार्यक्रम सार्वजनिक गर्नुअघि भनपाले नगरवासीहरूसँग पटक-पटक राय सल्लाह सङ्कलन गर्‍यो। निर्वाचनको बेला नेमकिपाले सार्वजनिक गरेको घोषणापत्र या प्रतिबद्धता र नगरवासीहरूको सल्लाह र परामर्शअनुसार भनपाले नीति तथा कार्यक्रम बनायो र सोही आधारमा बजेट तयार गर्‍यो। नेमकिपाले संविधानसभाको निर्वाचनताका घोषणापत्र ०६४ जारी गर्‍यो। जारी घोषणापत्रमा प्रस्ट लेखिएको छ- नेमकिपा कामदार जनताको हैकम, शोषणविरुद्धको अधिकार तथा आर्थिक समानतातिर उन्मुख समाजवादी गणतन्त्रको पक्षमा उभिन्छ। नेमकिपा समाजवादी गणतन्त्रउन्मुख बन्दोबस्तहरू संविधानमा समावेश गराउन जोड दिन्छ।

हुन पनि नेमकिपाले समाजवादउन्मुख संविधान बनाउन सदन र सडकमा जोड दियो। समाजवादउन्मुख संविधान बनाइएन। तर संविधानमा समाजवादउन्मुख राज्य उल्लेख गरियो। संविधानमा समाजवादउन्मुख राज्य उल्लेख हुनु नेमकिपाकै कारण हो। समाजवादउन्मुख संविधान बनेको भए समाजवादउन्मुख राज्यमात्र होइन समाजवादउन्मुख अर्थतन्त्र, समाजवादउन्मुख सरकारी नीति तथा कार्यक्रम बन्थ्यो। यसले बहुमत जनताको हित हुन्थ्यो। अनि त्यो कम्युनिष्टको सिद्धान्त र आचरणअनुसार हुनेछ। यस्तो काम कुनै पनि कम्युनिष्ट पार्टीले गर्नुपर्छ। कम्युनिष्टको भनिने सरकारले त त्यो कार्य झनै गर्नुपर्छ।

तेस्रो नगरसभाबाट पारित बजेट सार्वजनिकीकरण कार्यक्रममा व्यापक जनसहभागिता थियो। सभामा जनप्रतिनिधि, कर्मचारी र सुरक्षाकर्मीमात्र होइनन् शिक्षाविद्, संस्कृतिविद्, इतिहासविद्, बुद्धिजीवी, उद्योगी, व्यापारी-व्यवसायी, जिल्लाका विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाका पदाधिकारी, किसान, मजदुर, शिक्षक, महिला, युवा, विद्यार्थी, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, साहित्यकार आदिको सहभागिता थियो। सभामा शिक्षाविद् पृथुचरण वैद्य, संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग, इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले आ-आफ्नो विचार व्यक्त गरे। भनपाका प्रमुख सुनिल प्रजापतिको सभापतित्वमा भएको सो सभामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित), प्रदेशसभा सदस्यद्वय सुरेन्द्रराज गोसाईं र सृजना सैंजु, उपप्रमुख रजनी जोशी र नपाका प्रशासकीय अधिकृत रोहितराज पोखरेलले गहकिला र सान्दर्भिक मन्तव्य दिए।

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले बजेटमा भनपाले नगरलाई समृद्ध बनाउन खाका कोर्ने काम गरेको विचार व्यक्त गरे। समाजवादी अर्थव्यवस्थामा जनताका आधारभूत आवश्यकतामा जोड दिइने विचार व्यक्त गर्दै उनले बजेटमा समाजवादउन्मुख अर्थतन्त्रको झल्को भएको बताए। समाजवादी नीतिअनुसार भनपाले नीति तथा कार्यक्रम ल्याएको उनको अभिव्यक्ति हो। नगरपालिकाको नेतृत्व राजनीति संस्कार बोकेको दलका जनप्रतिनिधिहरूले गरेको हुँदा ५ वर्षभित्र अरु नपासँग प्रतिस्पर्धा गर्न नपर्ने नपाको रूपमा भनपा रहने उनको विश्वास थियो। उनको विचार सुनेर एकछिन घोत्लिएँ। कतै उनले जनप्रतिनिधिहरूलाई घोचपेच गरेका त होइनन्? घोचपेच या छेड हानेकै भए पनि, उनको अभिव्यक्तिले जनप्रतिनिधिहरूको कान ठाडो पारे पनि त्यस अभिव्यक्तिमा सत्यता लुकेको छ। पूँजीवादी राज्य व्यवस्थाको यो देशमा भनपाका जनप्रतिनिधिहरूले फुकेर नभने पनि

समाजवादी मूल्य र मान्यताअनुसार नीति तथा कार्यक्रम र बजेट ल्याएको अनुभूति हुन्छ ।

जनगणतन्त्र चीन कामदार वर्गद्वारा नेतृत्व गरिएको तथा मजदुर र किसानहरूको मित्रतामा आधारित जनताको प्रजातान्त्रिक व्यवस्था भएको समाजवादी राज्य हो अर्थात् समाजवादी व्यवस्था जनगणतन्त्र चीनको मूलभूत व्यवस्था हो । कामदार जनताको उत्साहलाई बढाउन श्रमको संविधानमा उत्पादनशीलतामा जोड दिइएको छ । कामदार जनताको निम्ति राजनैतिक, सांस्कृतिक, वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिइएको छ ।

क्युवा कामदारहरूको स्वाधीन र सार्वभौम राज्य हो । क्युवाली राज्यको नाम गणतन्त्र क्युवा हो । त्यहाँका जनता सार्वभौम छन् र सबै राज्य सत्ता जनताको हातमा छ । क्युवामा शिक्षालाई राज्यको दायित्व मानिएको छ र निःशुल्क गरिएको छ । अनिवार्य शिक्षा लागु गरिएको छ । काम गर्ने परिवारलाई आफ्नो जिम्मेवारी पूरा गर्नमा मद्दत गर्न राज्यले शिशु स्याहार केन्द्र, अर्ध आवासीय र आवासीय विद्यालय, वृद्धाश्रमजस्ता संस्थाहरू र सेवा सञ्चालन गरिएको छ ।

प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (प्रजग कोरिया) सबै कोरियाली जनताको हितको प्रतिनिधित्व गर्ने एक स्वाधीन समाजवादी राज्य हो । प्रजग कोरियाको सार्वभौमिकता मजदुर, किसान, कामदार, बुद्धिजीवी जनतामा निहित छ । समाजलाई बुद्धिजीवीकरण गर्न कोरियाले कामदार जनतालाई प्रकृति र समाजको गहिरो ज्ञान तथा उच्च प्रविधि र संस्कृतिबाट युक्त समाजवादको निर्माणकर्ता बनाउन प्रशिक्षित गरिरहेको छ । समाजवादी राष्ट्रिय संस्कृत निर्माणमा बाधा हाल्ने साम्राज्यवादी सांस्कृतिक घुसपैठको विरोध गरिरहेको छ । राज्यले सामान्य शिक्षालाई प्राविधिक शिक्षासँग मिलाई शिक्षालाई उत्पादन श्रमसँग जोडेको छ । राज्यले सबै शिष्य र विद्यार्थीहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । राज्यकै खर्चमा विद्यालय जाने उमेर नपुगेका नानीहरूको लागि देशभरि शिशुस्याहार केन्द्र र बालोद्यानको बन्दोबस्त गरिएको छ । प्रजग कोरिया शिक्षाको देश हो, सरसफाइमा नमुना देश हो ।

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । देशको नेतृत्व 'कम्युनिष्ट' पार्टीले गरेको छ । सत्तासीन दलका नेता र मन्त्रीहरू नेपालमा कम्युनिष्ट पार्टीको सरकार रहेको अन्तर्राष्ट्रिय समुदायमा चिनारी दिन्छन् । उनीहरू कम्युनिष्ट पार्टीले सरकार चलाइरहेको रवाफ देखाउँछन् । तर सरकारले गर्ने सबै क्रियाकलाप पूँजीवादी शैलीको छ, पूँजीवादी बन्दोबस्तअनुरूप भइरहेको छ । वर्तमान कम्युनिष्ट सरकारले समाजवादी देशमा जस्तै अहिले नै समाजवादी सिद्धान्तको मूल्य र मान्यताबमोजिम सबै काम गर्नुपर्छ, हुनुपर्छ भन्ने होइन, त्यो सम्भव पनि छैन । तर संविधानमा समाजवादउन्मुख राज्य उल्लेख भएको हुँदा समाजवादउन्मुख संविधान, समाजवादउन्मुख अर्थतन्त्र र समाजवादउन्मुख नीति तथा कार्यक्रम हुनुपर्छ र तद्नुसार क्रियाकलाप अगाडि बढाउनुपर्छ ।

स्थानीय तहको निर्वाचनमा नेमकिपाले भक्तपुर नगरपालिकाको लागि घोषणापत्र जारी गरेको थियो । घोषणापत्र जनतासामु गरेको प्रतिबद्धता हो । पाँच वर्षभित्र त्यो प्रतिबद्धता पूरा गर्नुपर्छ । भनपाको नेतृत्व गर्ने जनप्रतिनिधिहरूले त्यो प्रतिबद्धता पूरा गर्न चरणबद्ध रूपमा कार्य गरिरहेका छन् । नेमकिपा कम्युनिष्ट पार्टी हो, नेमकिपा समाजवादी गणतन्त्रलाई आत्मसात गर्छ । नेमकिपाका जनप्रतिनिधिहरूले समाजवादी नीतिअनुसार नीति तथा कार्यक्रम अघि सार्नुपर्छ, अघि सारेका छन् । समाजवादी व्यवस्थाका हिमायतीहरूले शिक्षा, स्वास्थ्य र संस्कृतिजस्ता आधारभूत कुरामा जोड दिन्छन् । भनपाका जनप्रतिनिधिहरूले त्यसतर्फ ध्यान दिइरहेका छन् ।

भक्तपुर नगरपालिकाले समाजलाई बुद्धिजीवीकरण गर्न, शिक्षालाई प्राविधिक पक्षसँग मिलाई उत्पादन श्रमसँग जोड्न नै शिशु स्याहार केन्द्रदेखि विश्वविद्यालय सञ्चालन गर्ने कुरा अघि सारेको हो । मेडिकल कलेजसमेतको विश्वविद्यालय सञ्चालन गर्ने भनपाको विचार र आँटलाई मान्नैपर्छ । कलेज र विश्वविद्यालयमा निःशुल्क शिक्षा दिन नसकेपछि सस्तो र गुणस्तरीय शिक्षा दिनेमा भनपा विश्वस्त छ । अहिले पनि शिशु स्याहारदेखि नर्सिङ र इन्जिनियरिङ कलेजसहित सातवटा कलेज सञ्चालनमा छन् । शिशु स्याहार केन्द्र सबै वडामा पुर्‍याउने लक्ष्य छ । वडा वडामा शिशु स्याहार केन्द्र र बालोद्यान स्थापना गर्दा आमाहरूको श्रमशक्तिमा सहयोग पुग्छ, बालबालिकाहरूको उचित स्याहार हुन्छ र आधारभूत विद्यालयहरूमा सहयोग पुग्छ । घर-घरमा नर्सिङ सेवामार्फत स्वास्थ्य सेवा पुर्‍याउनु, स्वास्थ्यको स्थिति बुझेर आवश्यक उपचारको निम्ति परामर्श गर्नु के आधारभूत सेवा होइन ?

एउटा सानो नगरपालिकाले कलेज सञ्चालन गर्नु र विश्वविद्यालय चलाउने आँट गर्नु साहसी काम हो । यसमा नेमकिपा र नेमकिपामा आबद्ध जनप्रतिनिधिहरूको आफ्नो दलगत र व्यक्तिगत कुनै स्वार्थ छैन । देशको लागि आवश्यक जनशक्ति तयार गर्ने, देशभरिका विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा दिएर जीवन सुनिश्चित बनाउने र देशको

मुहार फेर्नु नै नेमकिपाको ध्येय हो, जनप्रतिनिधिहरूको लक्ष्य हो ।

नेपालमा सञ्चालित विश्वविद्यालयमा साम्राज्यवादी या विदेशी तत्त्वहरूको घूसपैठ भइरहेको छ। विदेशीहरूको गिद्धेदृष्टि परेको छ। सरकारी विश्वविद्यालयलाई छायाँमा पारेर या कमजोर बनाएर विदेशी तत्त्व र विदेशी तत्त्वको इसारामा विश्वविद्यालय सञ्चालन गर्न लागेको कुरा बेलाबखतमा प्रकाशमा आइरहेकै हो। यसरी सरकारी विश्वविद्यालयको शिक्षालाई नियन्त्रण गर्ने साम्राज्यवादी र देशविरोधी सोच र कार्यलाई स्थान दिनु उपयुक्त होइन। त्यस्तो कार्यलाई नेपाली भूमिमा ठाउँ नदिन पनि क्षेत्रीय तथा स्थानीय तहमै विश्वविद्यालय स्थापना गर्न र गराउन राज्यले उत्साहित गर्नुपर्छ, राज्य आफैले त्यस कार्यमा पहल गर्नुपर्छ। यसले शिक्षामा पुरातन र सामन्ती सोच भएका नाफामुखी देशविरोधी प्रवृत्तिमा अङ्कुश लाग्नेछ। यस कार्यमा भनपा सचेत छ। त्यही कारण भनपाले नगरभित्र सञ्चालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू नपाको अनुमतिमा हुनुपर्ने र त्यस संस्थाको उद्देश्य र कार्यक्रम पारदर्शी गर्नुपर्ने कुरा भनपाले उठाएको छ।

शैक्षिक सत्र २०७५ देखि कक्षा १ र ६ को स्थानीय पाठ्यक्रम विद्यालयमा सञ्चालन गर्नु र शैक्षिक सत्र ०७६ देखि कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्ने नीति भनपाको अर्को विशेषता र सकारात्मक पक्ष हो। भक्तपुरको खानेपानी, शिक्षा, सरसफाइ, सम्पदा, मौलिक शैलीको घर निर्माणजस्ता भनपासँग सम्बन्धित अन्य विषयमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीलाई आर्थिक अनुदान दिने र चिकित्साशास्त्रअन्तर्गत विभिन्न विषयमा एमडी वा सोसरह स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीमध्ये नगरमा यो वर्ष २ जनालाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था भनपाको अर्को महत्त्वपूर्ण पाटो हो। भनपाले गरिरहेको गतिविधि, नपाको नीति तथा कार्यक्रम, बजेटबाहेक कला, संस्कृति र सम्पदाबारे जानकारी दिन प्रकाशित मासिक 'भक्तपुर' को निरन्तर प्रकाशन अरु नपाको लागि उदाहरणीय काम हो। यसबाहेक बेलाबखत अन्य पुस्तक पनि प्रकाशन गरिरहेको छ। यो आ.व. ०७५/७६ मा भनपाले स्थानीय कला, संस्कृति, सम्पदा आदिबारे पुस्तक प्रकाशन गर्ने नीति बनाएको छ। समयभित्रै सो पुस्तक प्रकाशन गर्ने आशा गर्छु। पढ्न सक्षम भएका तर न्यून आय भएका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने मौका दिन इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा, संस्कृत विषयमा अध्ययन गर्ने, विद्यार्थीहरूलाई निश्चित रकम तोकी छात्रवृत्तिको व्यवस्था गर्ने र उच्च शिक्षा हासिल गर्न चाहेमा प्रमाणपत्र धितो लिई. रु. ५ लाखसम्म सहुलियत ब्याजदरमा ऋण दिने व्यवस्था गरिएको छ। पाठकहरूको माग र आवश्यकताअनुसार भनपाबाट सञ्चालित जनज्योति पुस्तकालयलाई आधुनिक र स्तरीय बनाउने नपाको कार्यले पुस्तकालय विद्यार्थी, शिक्षक, बुद्धिजीवी तथा विद्वत् वर्गको लागि ज्ञान आर्जन गर्ने शिक्षालय हुनेमा शङ्का छैन। सरकारको अनिवार्य शिक्षा लागू गर्न र गराउन पनि स्थानीय तहले पहल गर्नुपर्ने देखिन्छ। यस कार्यमा स्थानीय जनप्रतिनिधि, शिक्षासेवी, समाजसेवी तथा बुद्धिजीवीहरूको सक्रियता आवश्यक छ। अनिवार्य शिक्षा लागू गर्न र गराउन सरकार या सत्तासीन दलका नेताहरू किंकर्तव्यविमूढ भए भनेर प्रदेश तह र स्थानीय तहका मुख्य मन्त्री, मन्त्री, सांसद, मेयर, उपमेयर र जनप्रतिनिधिहरू मौन हुनुहुँदैन ।

प्रजग कोरियामा प्रत्येक नागरिकहरूले निःशुल्क चिकित्सा सेवा पाउँछन्। वृद्धावस्था, बिरामी वा शारीरिक असक्षमताको कारण काम गर्न नसक्नेहरू, कुनै पनि हेरचाह गर्ने नभएका वृद्ध र बालबालिकाहरू भौतिक सहयोगका अधिकारी हुन्छन्। सुत्केरी बिदा प्रदान गरेर तथा धेरै बालबच्चा भएका आमाहरूको काम गर्ने समय घटाएर, प्रसूति गृहको सञ्चालन बढाएर, शिशुस्याहार केन्द्र तथा बालोद्यानको बन्दोबस्त गरेर वा अन्य उपायहरूबाट आमा र नानीहरूको विशेष रक्षाको बन्दोबस्त गरिएको छ। राज्यले देशव्यापी निःशुल्क चिकित्सा सेवाको विकास गरेर जिल्ला चिकित्सक व्यवस्थामा उन्नति गरिरहेको छ।

समाजवादी गणतन्त्र क्युबामा कुनै पनि बिरामी व्यक्तिलाई चिकित्सक सुविधाविना त्यतिकै छोडिएको छैन। सबै चिकित्सा संस्थानहरूमा स्वास्थ्य उपचार प्रदान गरिएको छ। कामदार महिलालाई सुत्केरी हुनुभन्दा पहिले र सुत्केरीपछि सुत्केरी बिदा दिएर, आफ्नो मातृत्व जिम्मेवारी अनुकूलको अस्थायी रोजगार दिएर राज्यले महिला र तिनीहरूका सन्तानहरूको स्वास्थ्य स्थितिको हेरचाह गर्छ।

नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। नेपालको संविधानको स्वास्थ्यसम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिनेछैन र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने व्यवस्था गरिएको छ।

नेपाल मजदुर किसान पार्टीको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७४ को घोषणापत्रमा हरेक जिल्ला र

स्थानीय तहमा सुविधा सम्पन्न एक एक अस्पताल हुनुपर्ने र प्रसूतिगृह स्थापना गर्ने चिकित्साशास्त्र अध्ययनमा भइरहेको एकाधिकार पूँजीको व्यवस्था हुन नहुने उल्लेख गरिएको छ। हरेक प्रदेशमा आवश्यकताअनुसार सार्वजनिक र स्थानीय चिकित्सा महाविद्यालय स्थापना गरी योग्य छात्रछात्राहरूलाई सुलभ चिकित्सा विज्ञान अध्ययन गर्न दिइनुपर्ने नेमकिपाको माग हो।

स्थानीय तह निर्वाचन ०७४ मा नेमकिपाको भक्तपुर नगरपालिकाको लागि जारी गरिएको घोषणापत्रमा भक्तपुरलाई सफा, स्वच्छ, सांस्कृतिक नगर बनाउने, पर्यटकीय गन्तव्य र शिक्षाको केन्द्र बनाउने, ख्वप अस्पताल सञ्चालन र विस्तार गर्ने उल्लेख गरिएको छ।

नेमकिपा संविधानसभा निर्वाचन २०६४ को घोषणापत्रमा उपचारविना कुनै व्यक्ति मर्न नपरोस् भन्ने उद्देश्यले सबै नागरिकहरूलाई समान रूपले निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने, टुहुराटुहुरी, अपाङ्ग, विधवा, बिरामी र आफन्तविनाको असहाय नागरिकहरूलाई सरकारले जीवनको सुरक्षाको सुनिश्चित गर्ने, महिलाहरूलाई सुत्केरी अगाडि र पछाडि तलब र ज्यालासहितको बिदा बन्दोबस्त गर्नुपर्ने उल्लेख गरिएको छ।

> नेमकिपा कम्युनिष्ट पार्टी हो, नेमकिपा समाजवादी गणतन्त्रलाई आत्मसात गर्छ। नेमकिपाका जनप्रतिनिधिहरूले समाजवादी नीतिअनुसार नीति तथा कार्यक्रम अघि सार्नुपर्छ, अघि सारेका छन्। समाजवादी व्यवस्थाका हिमायतीहरूले शिक्षा, स्वास्थ्य र संस्कृतिजस्ता आधारभूत कुरामा जोड दिन्छन्। भनपाका जनप्रतिनिधिहरूले त्यसतर्फ ध्यान दिइरहेका छन्।

भक्तपुर नगरपालिकाको तेस्रो नगरसभाबाट पारित आ.व. ०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटमा च्याम्हासिंहस्थत जनस्वास्थ्य सेवा केन्द्र रहेको स्थानमा ख्वप अस्पतालको भवन निर्माण गर्ने, च्याम्हासिंह, भगवती स्थान र ब्यासीमा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रलाई निरन्तरता दिने उल्लेख छ। वडा-वडामा नर्सिङ सेवा सञ्चालन गरिएको छ। त्यसलाई प्रभावकारी बनाउन वडा-वडामै स्वास्थ्य शिविरहरू सञ्चालन गर्न नीति बनाइएको छ। आयुर्वेदिक स्वास्थ्य सेवा केन्द्र भक्तपुरमार्फत हुँदै आएको निःशुल्क उपचार सेवालाई वडा वडामा विस्तार गरिने, आयुर्वेदिक स्वास्थ्य उपचारबारे प्रशिक्षण दिने नीति लिइएको छ। त्यस्तै क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघातजस्ता कडा रोग लागेका नगरवासीहरूलाई नपाको तर्फबाट प्रतिव्यक्ति रु. १० हजारका दरले उपचार सहयोग रकम प्रदान गरिने व्यवस्था मिलाइएको छ।

नपाकै पहलमा भइरहेको जनस्वास्थ्य सेवा केन्द्रको सञ्चालन, घर-घरमा पुऱ्याइरहेको नर्सिङ सेवाले नगरवासीहरूलाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याइरहेको छ। ख्वप अस्पताल सञ्चालन भएपछि स्वास्थ्य सेवामा थप राहत मिल्ने विश्वास गर्न सकिन्छ। सफाइ मजदुरमार्फत नियमित गर्ने सफाइ बाहेक भनपाकै अगुवाइमा महिनाको दुई पटक अर्को सफाइ कार्य भइरहेको छ। महिनाको १ र १५ गते हुने उक्त सफाइ कार्यक्रममा टोलका स्थानीय जनता, शिक्षक, बुद्धिजीवी, समाजसेवी, महिला, किसान, मजदुर, युवा, विद्यार्थी, जनप्रतिनिधि, कर्मचारी आदिको सहभागिता हुन्छ। जनताको सहभागिता भइरहेको यो सफाइ कार्यक्रम अर्को विशेषता रहेको छ। भक्तपुर नगरपालिकाले समाजवादी अवधारणाअनुसार स्थानीय जनतामात्र होइन, जिल्ला र देशभरिका जनतालाई सेवा पुऱ्याइरहेको अनुभूति गर्न सकिन्छ।

संविधानसभाको निर्वाचनपछि नेपालको संविधान (पहिलो संशोधन) २०७२ जारी भयो। असोज ३ गते नेपाल राजपत्रमा प्रकाशित संविधानमा प्रत्येक नागरिकले राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने व्यवस्था गरिएको छ। यसरी निःशुल्क स्वास्थ्य सेवाको बन्दोबस्त भएपछि संविधान लागू भएपछिको सरकारले मेडिकल कलेज कुनै व्यक्तिको नाउँमा स्वीकृति दिन मिल्दैन। संविधान बन्नुभन्दा अघि दिइएको स्वीकृतिको आधारमा अब अर्कोलाई दिनुपर्छ भन्नु आफैले बनाएको संविधानविपरीत हुन्छ। सत्तासीन दलका नेता र मन्त्रीहरूले पहिले दिन मिल्छ अहिले दिन किन मिल्दैन भन्न सुहाउँदैन। अनसनरत डा. गोविन्द केसीले १० वर्षसम्म उपत्यकामा मेडिकल कलेज खोल्न पाउँदैन भन्नुको सट्टा व्यक्तिगत या निजी कलेज खोल्न नपाउने अथवा केन्द्र, प्रदेश र स्थानीय सरकारले सामुदायिक कलेज खोलेर जनताका आधारभूत सेवा पुऱ्याउनुपर्ने माग राखेका भए उनको मागप्रति जनताको बढी विश्वास हुन्थ्यो। अतः भनपाले पुऱ्याइरहेको शिक्षा र स्वास्थ्यमा रहेको सेवा अरु नपाको लागि मात्र होइन सरकारकै निम्ति अनुकरणीय छ।

**सन्दर्भ स्रोत**:


- भनपाको नीति तथा कार्यक्रम
- भक्तपुर नगरपालिकाको लागि नेमकिपाको घोषणापत्र ०७४
- नेमकिपाको संविधानसभा निर्वाचन ०६४ को घोषणापत्र
- चीन, कोरिया र क्युबाको संविधान
- नेपालको संविधान

नागरिक भावना

# मीठो दही

हेमन्त

गोकर्ण औंसीको अघिल्लो रात आकाशमा जून थिएन। वातावरण अँध्यारो थियो। हर्ककुमारको घरको दलानमा चुल्हो दनदन बल्दै थियो। त्यही चुल्हो माथि ठूलो कराहीमा गुदुगुदु दूध उम्लँदै थियो। त्यही घरको अँध्यारो कोठामा धानको भूस बाक्लो गरी बिछ्याइ माटाका साना-ठूला भिउँटहरू लहरै ओछ्याएका थिए। ती भिउँटहरूमा दही जमाउने रे।

उपत्यकाका तीनै सहरमा हर्ककुमारको दही भनेपछि नामूद थियो। ठूल्ठूला महाजन तथा वरिष्ठ नेताहरूले समेत हर्ककुमारको दहीको तारिफ गर्थे। त्यसकारण हरेक दिन उसलाई भ्याइनभ्याइ हुन्थ्यो। चाँडबाँडमा त पहिलाको भन्दा दोब्बर परिश्रम गरी दहीको संख्या बढाउनुपर्थ्यो।

– ए ! दिलमाया काम सक्यो ? हर्ककुमारले आफ्नो जीवन-संगिनीसँग प्रश्न गऱ्यो।

– कहाँ सिधिनु ... । गाऱ्हो अनुभव गर्दै दिलमायाले जवाफ फर्काइन्। छिटछिटो घुमाउ न ! नभ्याउला। ग्राहकहरूलाई खाली हात पठाउनुपऱ्यो भने नमज्जा हुन्छ क्या। हर्ककुमारले समस्या अगाडि साऱ्यो। दिलमायाले पनि एउटा ठूलो बाल्टिनमा ट्वाइलेट पेपरहरू पानीमा राख्दै लट्ठीले छिटछिटो घुलाउँदै थिइन्। समयमा काम सिध्याउन नसके तिनलाई हर्ककुमारको रिस खप्न गाऱ्हो हुन्थ्यो।

– चुल्होबाट पीरो धुँवा निस्कँदा हर्ककुमारलाई खोकी लाग्यो।

–आगो निभ्यो कि कसो ? धुँवा निस्क्यो ! हर्ककुमार जंगियो।

–दिलमायाले ढुंग्रोबाट आगो फुकिन् फुऊ फुऊ ... ।

– आँखाबाट भलभली बगेको आँसु पुछ्दै जवाफ फर्काइन् – दाउरा मूलाजस्तो चिसो हुँदा बाल्नै गाऱ्हो भो। आफ्नो फरियाको फेदबाट आँसु पुछ्दै फेरि फुक्न थालिन्। आगो दन्कियो।

– सँधै यस्तै दाउरा पऱ्यो भने त कसरी काम गर्न सकिएला ? म त सक्दिनँ यस्तो दाउरा बाल्न। दिलमायाले निराशा पोखिन्।

– आफ्नो र आफ्ना सन्तानको भविष्यको लागि कठिनाई पनि सहन सक्नुपर्छ। सजिलो कामबाट सुख प्राप्त हुँदैन बुझ्यौ ? हर्ककुमारले दिलमायालाई फकायो।

आफ्नो घुलाउने काम दूधजस्तै बाक्लो भएपछि दिलमायाको काम सकिंदो रहेछ। तिनले ट्वाइलेट पेपर पानीमा घुलाउँदै गइन्। घुलाउने कामबाट आफू थाकेको अनुभव कहिल्यै गर्न पाउँदैनथें। बल्ल काम फत्ते भयो। आफूलाई दिइएको निर्देशन अनुसार सामान तयार भयो। तिनले सुस्केरा हाल्दै भनिन् – लौ सामान तयार भो !

हर्ककुमारले गुदुगुदु उम्लेको दूधमा ट्वाइलेट पेपरको घोल विस्तारै मिसायो। चुल्हो निभाएपछि मिसावट दूधलाई डाडूले घोलाउन थाल्यो। ऊ मख्ख भयो – यो वर्ष अर्को नयाँ घर ठड्याउँछु ! हर्ककुमारको हँसिलो अनुहार देखेर दिलमाया मुसुक्क हाँसिन्।

त्यसैबखत विमल टुप्लुक्क आइपुग्यो र सोध्यो – आमा ! दूधमा के घोल्नुभएको ?

विमल कलेजको विद्यार्थी थियो। ऊ हरेक परीक्षामा प्रथम हुन्थ्यो।

– चुप लाग ! हर्ककुमारले आँखा झिम्क्यायो। दिलमायाले चुप लाग्न आदेश दिइन् तर विमल मानेन। उसले सोधिरह्यो – दूधमा के मिसाएको ?

–ट्वाइलेट पेपर ! सानो स्वरमा दिलमायाले पोल खोलिन्।

– ट्वाइलेट पेपर ! विमल आश्चर्यचकित भयो र प्रश्न गऱ्यो – यसको उद्देश्य ?

– ट्वाइलेट पेपर मिसाइ दही जमाउँदा दही राम्रो र मीठो हुँदो रहेछ। पहिलेको भन्दा चौगुणा कमाई पनि हुन्छ। बुझ्यौ ? दिलमायाले खुशी हुँदै बताइन्।

– त्यस्तो अखाद्य वस्तु दहीमा मिसाएर नागरिकहरूको स्वास्थ्यमा खेलवाड गर्नुहुन्छ र आमा ? विमलले प्रश्न गऱ्यो।

– खै, हाम्रो दही खानेहरूलाई आजसम्म नराम्रो भयो भन्ने कुरा सुन्नमा आएको छैन। सायद राम्रै भयो होला नि। हामीलाई पनि फाइदा हुने, ग्राहकहरू पनि सन्तोष भएपछि अरु के चाहियो र ! दिलमाया मख्ख परिन्।

– तँलाई चाहिने कुरा होइन। आफ्नो काममा जा ! गाला रातो पारी हर्ककुमार जंगियो।

– होइन बा ! यहाँहरूले राम्रो काम गर्नुभए जस्तो लागेन। विमलले निन्याउरो मुख पार्दै आफ्नो विचार पोख्यो।

– हामीले के नराम्रो काम गऱ्या छौं र ? सबै काम तेरै भलाइको लागि गऱ्या हौं। हर्ककुमार आगो भयो।

– हाम्रो पवित्र दहीमा ट्वाइलेट पेपर मिसाउनु राम्रो हो र ? व्यक्तिगत रुपमा बढी आर्थिक फाइदा भयो भन्दैमा पुर्ख्यौली पेशामा कालो दाग लगाउनु उचित हुँदैन बा। इज्जत धनबाट कमाइँदैन। विमलले आफ्नो भावना व्यक्त गऱ्यो।

आफ्नो छोराको आदर्शवादी विचार सुनेर हर्ककुमार नरम हुन बाध्य भयो। उसले भन्न करै लाग्यो। 'तिम्रो यस्तै विचार रहेछ भने आजैदेखि यो काम बन्द गर्नेछु। नागरिकहरूको स्वास्थ्य राम्रो हुने मीठो दही बनाउनेछु।' हर्ककुमारले प्रतिबद्धता जाहेर गर्दै आदेश दियो – 'दिलमाया ! आजको दूध ढलमा खन्याई दिनु।'

# l;4 kf]v/L



डा.वीरेन्द्र प्रसाद कायस्थ

भक्तपुर सैनिक कलेजबाट पश्चिमतिर सल्लाघारीमुनी कटुन्जे जाने बाटोमा हनुमानघाट भएर आएको एउटा खोला छ। त्यो खोलालाई नेवारी भाषामा 'धालाखुसी' नामले चिनिन्छ। वडा दशैंको नौ दिन ब्रम्हामुहुर्तमा नुहाउन जानेहरू पहिलो दिनमा ब्रम्हायणीको ब्रम्हकुण्डमा नुहाउने गर्दछन्। यसै क्रम अनुसार छैठौं दिनमा इन्द्रायणीतीर्थको रूपमा यस खोलामा नुहाउनेहरूको घुइचो लाग्दथ्यो।

पौराणिक मान्यताका आधारमा यो नगरको बनावट अष्टमातृका गणले घेरिएको पाइन्छ। नगरको पूर्वमा वम्हायणी (नेपाल भाषामा) वंता अजिमा, आग्नेय कोणमा माहेश्वरी (कुलिमा अजिमा), दक्षिणमा कुमारी (क्वाछें अजिमा), सुदुर दक्षिणमा वैष्णवी (नकिंजु अजिमा) नैरित्यकोणमा बाराही (याकति अजिमा), पश्चिममा इन्द्रायणी (इद्रमा अजिमा), उत्तरमा महाकाली (मुस्यातिलि अजिमा), इशानकोणामा महालक्ष्मी (तुपुलु अजिमा) र नगरको मध्यभागमा त्रिपुर सुन्दरी विराजमान छन्। नगरको सिमा पूर्व वंता ब्रम्हायणी नदि छेउसम्म, पश्चिम कासांखुी हनुमन्ते खोला, उत्तर कास्ने कालाघाट, दक्षिण पूर्व हनुमानघाट र मंगलतीर्थसम्म छ।

किंवन्दतीअनुसार महामञ्जुश्रीले चन्द्रहास खड्गद्वारा दक्षिण तिरको चोभार डाँडालाई काटी उपत्यका भित्रको पानी सबै निकास गरी पानी सुकाए। पोखरीमा भएको सबै पानी विस्तारै सुक्दै गए तर यो (हालको सिद्ध पोखरी) खाल्डोमा पानी सुकेन। तत्कालिन तान्त्रिकहरूले तान्त्रिक विद्याबाट हेर्दा त्यस खाल्डोमा नाग रहेको देखे। सो खाल्डोलाई पोखरी बनाउनु पर्ने सल्लाह राजालाई दिए। राजाले तान्त्रिक गुरुहरूको सल्लाहअनुासर त्यो खाल्डोलाई ठूलो पोखरी बनाउन दिए। उक्त पोखरी निर्माण भएपछि राजाले नवरात्रीमा इन्द्रायणीको मेला षष्ठिको दिन त्यसै पोखरीमा चलाउन लगाए। भक्तपुरमा इन्द्रजात्रा भन्ने थिएन। अनन्त चर्तुदशीको रात भर इन्द्रायणी भगवती देवीलाई विराजमान गराई राख्ने र भोलिपल्ट विहानदेखि दिनभर मेला लाग्ने गरियो। साँझपख त्यहिबाट जात्रा चलाई राजदरबार हुँदै माथिलो आधा शहर परिक्रमा गराएपछि जात्रा सम्पन्न हुन्थ्यो।

यो पोखरी दरबारबाट पश्चिम पट्टि भक्तपुर अस्पताल तिर पर्छ। यो पोखरीलाई हाल सिद्ध पोखरी भन्ने गरिन्छ। नेवारी भाषामा यो पोखरीलाई सिद्ध पुखु नभनिकन 'तःपुखु' नै भन्ने गरिन्छ। तः पुखु भनेको ठूलो पोखरी हो।

पोखरी भनेको जल भण्डार नै हो। भक्तपुर शहरमा जल भण्डारका निम्न छ प्रकारका जलाशयहरू प्रचलनमा रहेको देखिन्छ–

१) पोखरी, २) इनार, ३) कुवा, ४) छिंडीगंगा, ५) जल द्रोणी+ढुगेधारा, ६) दहचा आदि हुन्।

भक्तपुर शहरमा विभिन्न ठाउँमा पोखरी छन्– जस्तै– सिद्धपोखरी, भाज्यापुखु, रानी पोखरी, नःपुखु, कमल पोखरी, न्हुःपुखु, भण्डार खाल पुखु, अँ चा पुखु, तेखा पुखु आदि। जुन पोखरी यहाँको धार्मिक सांस्कृतिक जीवनसित अभिन्न रूपले सम्बन्ध रहेको पाइन्छ– भने वैज्ञानिक दृष्टिकोणबाट हेर्दा पोखरी बनाई पानी संग्रह गर्दा पोखरीको वरिपरीको माटो मलिलो हुन्छ– जस्ले गर्दा प्राकृतिक प्रकोप जस्तै भूकम्प आदिमा पनि जमिन भाँस्न र चर्कनबाट जोगिन्छ।

पानीलाई संस्कृत भाषामा जल वा नार भनिन्छ। भगवान विष्णु नारमा शयन गर्ने भएकोले नारायण कहलिएको हो भने पानीलाई संरक्षण गर्ने प्राणी मानिस भएकोले नर र नारी कहलिएको भन्न सकिन्छ।

विक्रम सम्वत १६८६ भक्तपुरका राजा जगज्योति मल्लले छ सय जनशक्ति परिचालन गरी छ महिना लगाएर यो पोखरी निर्माण गरेका थिए। राजा जगज्योति मल्लले पोखरी बनाएर अभिलेख समेत राख्न लगाएका थिए। उक्त अभिलेखमा 'यो पोखरी विग्रियो भने छोरा नातीहरूले जीर्णोद्धार



भक्तपुरको ऐतिहासिक सिद्ध पोखरी

गर्नु कसैले फोहर मैला हाली भत्काई बिगार्‍यो भने पंच महापाप र गो हत्या, वम्हण हत्या, गुरु हत्या, वाल हत्या र स्त्रि हत्या लागोस् भन्ने आदि व्यहोरा उल्लेख गरेका छन्।

यो पोखरी निर्माण गर्दा थिमीका जनताले राजालाई कुनै सहयोग नगरेको हुँदा राजाले थिमीको जनतालाई यो पोखरीमा पस्न निषेध गएको भन्थे। थिमीका जनता राजाको हुकुमबाट क्रोधित भए।

राजा यक्ष मल्लको पालामा गौरवशाली एवम् शक्तिशाली राज्य तीन टुक्रा भएपछि यो राज्यको गौरव गरिमा अन्त्य भयो। स-साना तीन राज्य मिलेर केहि उन्नति गरौं भन्ने तर्फ कहिल्यै लाग्न सकेन। एकले अर्कालाई नसहने, कहिले दुई राज्य मिलेर तेश्रो राज्यलाई हमला गर्ने र लुटपाट मच्चाउने जस्ता कुरा भइनैरह्‍यो। ती मध्ये एकले कुनै महत्त्व पूर्ण काम गरे नाम कमाउला भनि अर्काको पेट पोल्ने र डाह गर्ने जस्ता कुरा भइरहे।

यो सिद्धपोखरीले भक्तपुर शहरको शोभालाई अत्यन्तै बढाएको हुँदा होला सायद कान्तिपुरका राजा प्रताप मल्ललाई डाह लागेको भान हुन्छ। उनले १७२० मा पाटनका राजा श्री निवास मल्लसँग मिलेर भक्तपुरमा हमला गर्न आए। शहर भित्र पसेर उत्पात गर्न नपाए पनि सिद्ध पोखरी नराम्रोसँग विगारी दिए। यो पोखरीको डिलमा तथा खोपा-खोपामा देवी देवताका मूर्तिहरू तथा पोखरीको माझमा स्तम्भ माथि पूर्वाभिमुख सुनको नागको प्रतिमा पनि लुटेर लगे। यो पोखरीलाई क्षत विक्षत गर्न कान्तिपुरका राजा प्रताप मल्लले थिमीका जनताहरू परिचालन गरेका थिए। भक्तपुरका राजासँग असंतुस्ट थिमीका जनताहरूले मौका छोपी सिद्ध पोखरीलाई क्षतविक्षत गरे। युद्धको केही दिन पछि नै श्री निवास मल्लले साथ नदिएको हुँदा प्रताप मल्लले युद्ध नगरी फर्के।

सिद्ध पोखरी क्षत विक्षत गरेकोमा भक्तपुरका राजा जगत प्रकाश मल्ललाई ज्यादै खेद लागेको थियो। यसमा प्रताप मल्ललाई पनि मानसिक चोट नपरेको होइन्। देवीको तीर्थ स्थल तथा नागको वासस्थान जस्तो पोखरीलाई क्षतविक्षत गरेकोमा प्रताप मल्ललाई मानसिक पिडा बढेकै थियो। केहि समय पछि यो घटनाले प्रताप मल्ललाई निकै चिन्तित तुल्यायो। भनिन्छ आफूले नचाहिने काम गराए भन्ने मनमा परेको हुँदा ज्यादै पश्चाताप अनुभब गरे। द्वापरयुगको अन्त्यमा परीक्षित राजाले योग ध्यानमा बसेका ऋषिमुनीलाई मरेको सर्पको माला लगाइ दिए। जस्को प्रायश्चित राजाले गर्नुपर्‍यो। त्यस्तै राजा प्रताप मल्लको त्यतिखेर उनको छोराको मृत्युले उनलाई झनै खिन्न तुल्यायो। प्रायश्चित स्वरूप उनले विक्रम सम्वत १७२७ कार्तिकमा रानीलाई सान्त्वना दिन रानी पोखरी निर्माण गर्न लगाए।

सिद्ध पोखरी क्षत विक्षत गर्ने थिमीका जनता जुन प्रताप मल्लको सहयोगमा आएका थिए। उनीहरूलाई पनि मानसिक असर नराम्रोसँग परेका थिए। यतिकैमा केहि समय पछि थिमीलेहरूको एक समूह भक्तपुर आएका थिए। पहिलेका भक्तपुरवासीहरू शहर भित्र पस्नु भन्दा पहिले तःपुखुमा गई त्यहाँको जलले सिचन गरी एक छिन आराम गरी जाने गर्थे राजा प्रताप मल्लसँग मिलेका थिमीलेहरू पनि जल सिंचन गर्न पोखरी निर के गएका थिए। त्यस समूहका नाईके संयोगबस पोखरीमा खसे। तःपुखु विगारेकोमा र राजाको हुकुम अवज्ञा गरेर हिनता वोधले छटपटिएका ती थिमीलेहरूलाई पोखरीको पानी बढेको जस्तो भान भई नराम्रोसँग पानी छचल्किएको जस्तो लाग्यो। पोखरीमा त्यस्तो अचानक भयानक रूप देख्दा पोखरीमा खसेकालाई बचाउनुको सट्टा त्यहाँ आएका सबै थिमीलेहरू आफ्नो आफ्नो प्राण बचाउन त्यहाँबाट भागे। त्यसबोला देखी थिमीलेहरू तःपुखु भित्र पस्न नहुने किवंदन्ती हल्लाले आजसम्म पनि तिनीहरू त्यस पोखरी जान निवृत छन्।

तःपुखु विभिन्न कालखण्डमा जीर्णोद्धार हुँदै आएका प्रमाण छन्। नेपाल सम्वत ३६४ मा यक्ष मल्लले पोखरीको पर्खाल समेत लगाए र क्षेत्र निधारण गरेका थिए। विक्रम सम्वत १७३४ माघ १९ गते राजा जीतामित्र मल्लले आफ्ना प्रधानमन्त्रि भाजुराम कसजूको सहायताबाट ६ हजार रूपैयाँ खर्च गरी जीर्णोद्धार गरेका थिए। पछि भिमसेन थापाको पालामा विक्रम सम्वत १८८१ मा पनि यो पोखरीको जीर्णोद्धार भएको थियो। यो पटकको जीर्णोद्धारमा पोखरीको चारैतर्फ पर्खाल गाई चारै दिशाबाट भित्र पस्ने ढोकाहरू पनि बनाएका थिए। त्यति बेलादेखि यो पोखरीको नाम सिद्ध पोखरी हुन गयो।

विक्रम सम्वत १९३५ सालमा पनि रणदिप सिंहले यो पोखरीको जीर्णोद्धार गरेका थिए। त्यसपछि २०१५ सालमा राजा महेन्द्रको पालामा भक्तपुरको मजिष्ट्रट कार्यालय मार्फत पनि यो पोखरीको जीर्णोद्धार भएको थियो। तर सफल भएन। यो पटकको जीर्णोद्धारमा कुनै प्राविधिक गडवडीले पाखेरीको अवस्था झन दयनीय भयो। विक्रम सम्वत २०५३ सालमा भक्तपुर नगरपालिकाले पुनः जीर्णोद्धार गर्‍यो। यो जीर्णोद्धार कार्यमा चौरको रूपमा परिणत भइरहेको पोखरीलाई धाँसपात उखेली केहि मात्रामा भए पनि हिलो मैलो हटाई यथाशक्य सफा गरे। हाल यो पोखरीमा पानी टम्म भरिएको, रङ्गिविरङ्गी विभिन्न किसिमका माछाहरू समेत भएको हुँदा ज्यादै मनोह देखिन्छ।

# dNnsfnLg Gxos+ %of b/af/



रविन्द्र मुनंकर्मी

**परिचय** :

भक्तपुरको 'न्हयकं झ्या' दरबार ने.सं. ८१८ मा भूपतीन्द्र मल्लद्वारा निर्माण गरिएको थियो। यसलाई मालती चोक दरबार तथा सिंहढोका दरबार पनि भन्ने गरिन्छ। यो दरबार निर्माण गर्नुको मूल कारण एक मानिसले मधेसबाट ल्याएको ऐना राजालाई उपहार दिंदा, त्यो कसैसित नभएको ऐनाबाट प्रभावित भई, त्यसलाई सबैलाई देखाउनुपर्छ भनी उसले ऐना राखिएको झ्यालसहित दरबार निर्माण गर्न लगाएको थियो। यसको मूलढोकामा दायाँ र बायाँ ढुङ्गाको हनुमान र नृसिंह मूर्ति स्थापना गरिएको हालसम्म यथावतै छन्।[1] त्यो ऐनाको कारण दरबार बनाएको हुनाले यसले राजा र प्रजाबीचमा विश्वासको सम्बन्धलाई प्रतिबिम्बित गरिएको थियो। यो नेपालको आफ्नै मौलिक शैलीमा झिङ्गती छाना राखी कलात्मक झ्याल-ढोकाहरूमा तोरणहरूले सजाएर निर्माण गरिएको थियो। यो दरबारभित्रको मालती चोक हालसम्म अस्तित्वमा छ। यहाँको धारामा अभिलेखसहित सुनले जलप लगाएको पाताले मोडिएको थियो। यसको माथि पाँचवटा अनुहार भएको देवतासँग शक्तिसहितको मूर्ति स्थापना गरिएर दायाँबायाँ स-साना ढुङ्गाका मन्दिरहरूमा स-साना मूर्तिहरू स्थापना गरिएका थिए। यहाँको धारा सङ्ग्रहालय स्थापना गर्ने क्रममा निरन्तर बगिरहेको पानी बन्द हुनुका साथै, त्यहाँका देवदेवीहरूका मूर्तिहरू र धारामा मोडिएको अभिलेखसहितको सुनले जलप लगाएको पाता नै बेपत्ता पारिएका छन्।

**धाराको अभिलेख** :

*ॐ स्वस्ति ॥ सम्वत् ८१८ फाल्गुण १ दि ९। श्री श्री जय भूपतीन्द्र मल्लदेव सन दयका ॥ शुभ ॥*

यो धारा माथि राखिएको देवतालाई पूजा गर्ने बेलामा बजाइने तीखो आवाजको घण्टा चढाइएको थियो। यो हाल तलेजु मन्दिर पछाडिको गणेश चोकमा मूर्ति अगाडि राखिएको छ।

**घण्टाको अभिलेख** :

*ॐ स्वस्ति ॥ श्री श्री जय भूपतीन्द्र मल्लदेव प्रभू ठाकुर सन जिंलस्वान चुक स तया द वया नित्य पूजा ययताथ्व घण्टा दुंता। सम्वत ८१८ फाल्गुण १ दि ९ ॥ शुभं ॥*

यसको चारकिल्लाको वर्णन गर्दा : पश्चिममा चौकोट दरबार र भण्डारखाल पोखरी, दक्षिणमा लायकु दरबारको मूल बाटो, पूर्वमा सुनध्वका पछाडि जमद्वार चोक र उत्तरमा महादेव चोक, तलेजु भवानीलाई दैनिक नित्य पूजाको लागि भोग तयार गरिने भान्छा घर भएको जन्हं चोक छन्।[2]

**दरबारको वास्तुकला** :

यसको पुरानो प्रमाणलाई उदाहरण लिंदा सन् १८४४ मा राजमान सिंद्वारा लोखिएको चित्रसूची ३८, ४० र ४३ को शीशा कलमबाट लेखिएको चित्रले प्रमाणित गरिएको छ। यसलाई अज्ञात कलाकारले सन् १८४३-१८४६ भित्र लेखिएको चित्रमा पूर्वको एक भाग देखाएको छ। यो दरबारलाई सन् १८५३ मा ओल्डफिल्डले लेखिएको चित्रसूची ३४ मा पूरा भाग छन् र चित्रसूची ४१ मा न्हयकं झ्यालाई केन्द्रित बनाएर दायाँबायाँको केही भाग समेटेको छ। सन् १८५४ को चित्रसूची ४४ मा सुनढोकालाई केन्द्रित बनाएर लेखिएको चित्रमा न्हयकं झ्या दरबार पूर्वतिरको केही भाग समेटेको छ। सन् १८५८ को चित्रसूची ३५ मा दरबारको पूर्वतिर पुरानो संरचना हटाएर लाल बैठक निर्माण गरिएको विषयलाई लेखिएको छ।[3]

चित्रमा लेखिएअनुसार यो दरबारको भुइँ तलामा नृसिंहको बायाँतिर सानो आँखी झ्याल चारवटा र ढोका तीनवटा एकपछि अर्को गरी राखिएको थियो। हनुमानको दायाँतिर दुईवटा आँखी झ्यालको बीचमा एउटा ढोका राखिएको थियो। यसको साथै कलात्मक शैलीमा सजाएर राखिएको



चित्र १. राजमान सिंद्वारा सन् १८४४ मा शीशा कलमले लेखिएको न्हयकं झ्या



चित्र २. हेनरी आम्ब्रोस ओल्डफिल्डद्वारा सन् १८५३ मा जलरङ्गबाट लेखिएको भक्तपुर लायकु दरबार क्षेत्र

थिए। यो दरबारलाई छाना भएको तलासमेत गरी चार तलामा बनाएको थियो।[४]

**दरबारसँग सम्बन्धित पूजा परम्पराहरू :**

फागुण शुदि ९ आषाढ शुदि ९ कार्तिक शुदि ९ थ्वते स्वघातन/पालाँकु १ चिकन् बुय नरसिंह हनुमान याता ॥ ॥ फागुण शुदि/९ बुसाधन कुन्हु तलेजु सं पूजा माल[५]

माथि उल्लेखित व्यहोराअनुसार फागुन तिथि ९, आषाढ तिथि ९ र कार्तिक तिथि ९ का दिन नरसिंह र हनुमान मूर्तिमा तेल घस्ने चलन भएको उल्लेख हुन आउँछ। साथै फागुण शुदि ९ को दिनमा यसको वर्ष उत्सव मनाएर तलेजुमा गरिने परम्परा रहेको यसबाट पुष्टि हुन आउँछ। हाल यो परम्परा अस्तित्वमा छैन।

जरं (पानी टचाङ्गी) को स्थापना गरिएको थियो। यसमा दुई नागको बीचमा धाराको टुटी राखिएको देखिन्छ। यसबाट यात्रीहरूका लागि पानीको व्यवस्था गरिएको अनुमान गर्न सकिन्छ। यसको सँगै दायाँतिर एउटा ढोका राखिएको थियो।

पहिलो तलामा ऐतिहासिक महत्त्व भएको 'न्हयकं (ऐना) झ्या' लाई आकर्षक तरिकाले तोरणले सजाएको थियो। चित्रमा देखिएअनुसार गोलाकार ऐनालाई झ्यालको बीचमा राखिएर वरिपरी पद्म शैलीको अलङ्कारित बुट्टाले घेरिएको थियो। यो झ्यालसँगै दायाँबायाँ राखिएको मूर्तिलाई मूलढोका दायाँबायाँ उठाएको स्तम्भमाथि स्थापना गरिएको हालसम्म यथावतै छ। यो तलामा सानो र ठूलो आँखीझ्यालहरूलाई क्रम मिलाएर राखिएकोमा न्हयकं झ्यासहित ११ वटा थियो। यसको बायाँतिरको भाग जरंमाथि पूरा तला उचाइ ओगटेको वर्गाकार झ्याल बीचमा आँखी झ्याल राखिएको र यसकै बायाँतिर एउटा आँखीझ्याल राखिएको थियो।

यो दरबारको निर्माण शैलीलाई न्हयकं झ्यालाई केन्द्र मानी दायाँबायाँ बराबर संरचना बनाएको थियो। यसको संरचनालाई नियाल्दा दुई भागमा विभाजित देखिन्छ। पूर्वतिर भागको छानामुनि दोस्रो तलामा तीनवटा पाँचमुखे विमान झ्यालको बीचमा सानो आँखीझ्याल र सामान्य बुट्टेदार झ्यालहरू राखिएको थियो। पश्चिमतिरको जन्हं भएको भागमा छानामुनि दोस्रो तलामा साना झ्यालहरू राखिएका

**हनुमान मूर्तिको अभिलेख :**

*ॐ पारा वार विहां भनो दश मुख स्या नँद विध्वंसनो, लंका देश विदाहको रघुपते राज्ञाकरः*
*सर्ब्बदा ! सिता हर्ष प्रदायको हयु पवने संत्रा सनो रक्षसां, पाया भूप पुरन्दरं रघु कुलोद भूर्त हनुमानयं ॥ ॐ स्वस्ति ॥ श्री ३ जय भूपतीन्द्र मल्लदेव सन थ्व हनुमान मूर्ति दयाका जुरो ॥ सम्वत ८१८ फाल्गुण शुदि ९ ।*

**नृसिंह मूर्तिको अभिलेख :**

*ॐ सफुरल्ल पत्र भीषणो दतिगयुयसं वासनो हिरण्य कसिपु रुषाहृदि विदारणै कोत्सुकः । शटा विकट मूर्ति मान्सकल लोक रक्षा परो युगानु दहनो पमो जयति नार सिंह हरि ॥*



चित्र ३. ओल्डफिल्डद्वारा सन् १८५८ मा जलरङ्गबाट लेखिएको सेतो लालबैठक दरबार

*ॐ स्वस्ति ॥ श्री ३ जय भूपतीन्द्र मल्लदेव सन थव नरसिंह मूर्ति दयाका जुरो ॥ सम्वत ८१८ फाल्गुण शुदि ९ ॥*

माथिको अभिलेखको आधारमा भूपतीन्द्र मल्लले हनुमान, नृसिंह मूर्ति र धारा बनाएको पुष्टि हुन आउँछ।

**दरबारको अतिक्रमण र हालको अवस्था :**

सन् १८५८ मा हेनरी आम्ब्रोस ओल्डफिल्डद्वारा जलरङ्गले लेखेको दृश्यचित्र पछाडि उल्लेख गरिएअनुसार न्हयकं झ्या दरबारको आधा भाग भक्तपुरको वडा हाकिम धीर शमशेर राणाद्वारा सन् १८५६ मा हटाइएको थियो। उसले भारतमा श्रृजना भएको अङ्ग्रेज शैलीको लाल बैठकलाई पहिलो तलामा र भुइँ तलामा ६ वटा खम्बा भएको बार्दाली रचना गरिएको हालसम्म यथावत छ।[६] यो दरबारको पश्चिमतिर बाँकी रहेको संरचनालाई वि.सं. १९९० को भूकम्पबाट क्षतिग्रस्त हुँदा यसको स्वरूप नै परिवर्तन गरिएर छानामुनि दोस्रो तलामा बीचमा तीनमुखे झ्यालको दायाँबायाँ सानो झ्याल छन्, पहिलो तल्लामा बिचमा आकर्षक शैलीमा निर्मित झ्याल राखी दायाँतिर सानो, ठूलो आँखी झ्याल र बायाँतिर पनि सानो, ठूलो आँखी झ्याल राखिएका छन्। भुइँ तलामा सिंहढोकाबाट दायाँतिर सानो आँखी झ्याल, ढोका, आँखीझ्याल, र ढोकालाई क्रमशः राखिएको छ।

**उपसंहार :**

यो दरबार बनाउनुको मूल कारण उपहार दिएको ऐना सबैलाई देखाउनुपर्छ भन्ने उद्देश्यले राजाद्वारा न्हयकं झ्या दरबार निर्माण गरिएको पुष्टि हुन आउँछ। यसले ऐतिहासिक महत्त्वको घटनालाई स्मरण गराउँछ। तर दुर्भाग्यवशआफ्नो ऐतिहासिक प्रमाणलाई हामीले गुमाउनु परेका छौं। यही कारणहरूबाट हाम्रो न्हयकं झ्या दरबारको अस्तित्व मेटिएर सम्पदा नष्ट गरी पहिचान मेटाइएको तथ्य प्रमाणित हुन आउँछ। यो हालसम्म अस्तित्वमा रहेको सिंहढोकालाई आधार मानेर नियाल्दा दरबार अस्वाभाविक देखिन्छ।

**पाद टिप्पणी :**

१. मनिक बज्राचार्य र एक्सेल माइकल्स,नेपालिकभुपवंशावली, (काठमाडौंः हिमाल किताब प्रा.लि., इ.सं. २०१६), पृ.८०

२. लीलाभक्त मुनंकर्मी, भक्तपुरका राजदरबारहरूको एक अध्ययन र परिचय, खोपृङ, वर्ष ८, वि.सं. २०५६, पृ.२६

३. निइल्स् गत्सव, नेपालिकभुपवंशावली, नक्सा र ऐतिहासिक चित्रहरू, (काठमाडौंः हिमाल किताब प्रा.लि., इ.सं. २०१५) पृ. ७९, ८०, ८३, ८४, ८५, ८६, ८८, ८९

४. उही पाद टिप्पणी नम्बर ३

५. उही पाद टिप्पणी नम्बर १

६. उही पाद टिप्पणी नम्बर ३, पृ.८०

**तपाईंको भान्छा**

# यी हुन् कलेजो सफा गर्ने खाद्यपदार्थ

**प्याज**– प्याजमा लिभर इन्जाइमलाई सक्रिय बनाउने क्षमता हुन्छ, जसले शरीरमा भएका विषाक्त पदार्थलाई बाहिर निकाल्न मद्दत गर्छ। यसमा अधिकमात्रामा हुने अलाइसिन र सेलेनियम नामक दुईवटा प्राकृतिक तत्वले कलेजोलाई सफा पार्छन्।

**अंगुर**– अंगुरमा भिटामिन सी र एन्टिअक्सिडेन्ट उच्च मात्रामा पाइन्छ, जसले कलेजोलाई प्राकृतिक रूपमा सफा पार्छ। एक गिलास अंगुरको रसले कलेजोलाई विषाक्तमुक्त गर्ने इन्जाइम उत्पादनमा सहयोग गर्छ।

**चुकन्दर र गाजर**– यी दुवैमा बेटा क्यारोटिन उच्च मात्रामा पाइन्छ। त्यसैले चुकन्दर र गाजरको सेवनले कलेजोले काम गर्ने क्षमता बढाउँछ।

**ग्रीन टी**– यो कलेजोको स्वास्थ्यका लागि उपयुक्त पदार्थ हो। यसमा क्याटेचिन्स नामक एन्टिअक्सिडेन्ट पाइन्छ, जसले कलेजोलाई सहयोग गर्छ। ग्रीन टी स्वादिष्टमात्र नभएर यसले समग्र डाइटमा पनि वृद्धि गर्छ।

**हरिया सागसब्जी**– कलेजो सफा गर्ने शक्तिशाली खाद्यपदार्थमा हरिया सागसब्जी पनि पर्छन्। काँचै खाँदा, पकाएर खाँदा या जुस बनाएर जसरी खाएपनि यो कलेजोको स्वास्थ्यका लागि उपयोगी हुन्छ। यसमा क्लोरोफिल्स पाइने भएकाले रगतबाट वातावरणीय विषाक्त पदार्थ निकाल्न मद्दत गर्छ।

**एभोकाडो**– पोषकतत्वले भरपूर एभोकाडोले कलेजो सफा गर्न आवश्यक तत्व ग्लुटाथाइन उत्पादन गर्न सहयोग गर्छ।

**स्याउ**– यसमा पेक्टिन नामक तत्व उच्च मात्रामा पाइने भएकाले पाचन प्रणालीबाट विषाक्त पदार्थ सफा गर्छ।

**जैतुनको तेल**– जैतुनको तेलले पनि शरीरमा भएका हानिकारक पदार्थ निकाल्न मद्दत गर्छ।

**ब्रोकाउली र काउली**– यी तरकारीले शरीरमा ग्लुकोसिनोलेट नामक तत्व वृद्धि गर्छन्, जसले कलेजोमा इन्जाइमको काम गर्छ। यी प्राकृतिक इन्जाइमले शरीरबाट कार्सियोजिन्स र अन्य विषाक्त पदार्थहरू बाहिर निकाल्न मद्दत गर्छ। यसबाट क्यान्सर हुने खतरा पनि कम हुन्छ।

**कागती** – सिट्रस जातका फलफुलमा उच्चमात्रामा भिटामिन सी पाइन्छ। बिहान नियमित रूपमा कागती पानी पिउनाले कलेजोलाई राम्रोसंग काम गर्न मद्दत गर्छ।

**बेसार** – बेसारले पनि शरीरबाट विषाक्त पदार्थ हटाउन कलेजोलाई सहयोग गर्छ। यसले शरीरबाट कार्सियोजेन्स हटाई क्यान्सर लाग्ने सम्भावनालाई पनि न्यून गर्छ।

'स्वास्थ्य खवरपत्रिका' बाट

# ufl]vf{nL cfqmd0f / /fhf /0fhLt dNn



सह प्रा.डा. बलराम कायस्थ

**सार**

राजा रणजित मल्ल शान्त र सरल स्वभावका राजा थिए। भक्तपुरको राजगद्दीमा बसेदेखि नै उनले विभिन्न बाधाहरूको सामना गर्नुपरेको थियो। मल्ल राजाहरूको आपसी संघर्षको खेलमा उनी नराम्ररी फस्न पुगे। आफ्नासँग रिसइबी साँधन परचक्रीसँग सम्बन्ध जोड्न पुगे। त्यसैले राजा भएलगत्तै उनी युद्धमा संलग्न भएको देखिन्छ। यताबाट उनको राजनीतिक जीवन निकै कष्टपूर्ण रहेको थाहा हुन्छ। तात्कालीन भक्तपुर दरबारको आन्तरिक राजनीतिक घटनाक्रमले पनि उनलाई कहिल्यै शान्ति दिएन। विशेष गरेर ठ्याहा र मठ्याहा (ब्याइते र ल्याइते) रानीहरूबीचको बेमेल अनि उनीहरूबाट जन्मेका छोराहरूबीच राज्यको उत्तराधिकारी हुनेसम्बन्धी हानथाप अर्थात् प्रतिस्पर्धाले उनलाई कहिल्यै सन्तोषको सास फेर्न दिएन। तर यस्तो संकटपूर्ण परिस्थितिका बाबजुद पनि समय निकालेर उनले केही राम्रा कामहरू गरेर छन्, जसको मूल्याङ्कन युगौंयुगसम्म भइरहनेछ।

**गोर्खाली आक्रमण**

कान्तिपुर र ललितपुरमाथि आफ्नो नियन्त्रण कायम भइसकेपछि अब गोरखाका राजा पृथ्वीनारायण शाह भक्तपुर कब्जा गर्ने अभियानमा लागे। भक्तपुर कब्जा नगरेसम्म नेपाल उपत्यका आफ्नो पकडमा आउन सक्दैनथ्यो। यसैकारण सर्वप्रथम उनले भक्तपुरका राजा तथा आफ्ना मीतबाबु रणजित मल्ललाई ती दुवै भगुवा राजाहरूलाई फिर्ता पठाउनु भन्ने सन्देश पठाए। कान्तिपुरका जयप्रकाश मल्ल र ललितपुरका तेजनरसिंह मल्ल यतिखेर आफ्ना राज्यबाट भागेर सर्वप्रथम भक्तपुरको दत्तात्रय मन्दिरमा आएर लुकेर बसेका थिए। त्यहींबाट उनीहरूले राजा रणजित मल्लकहाँ शरण मागेको खबर पठाए। राजा ठूलो धर्मसंकटमा परे। शरण दिउँ त गोरखाको एकीकृत शक्तिसँग जुध्नुपर्ने, नदिउँ त धर्म र न्यायिक परम्पराविरुद्ध हुने देखियो। अतः शरण दिने कि नदिने भन्ने विषयमा पचपन्न झ्यालयुक्त राजप्रसादको मूलचोकमा राजा र उनका भारदारहरू (भक्तपुरका २४ वटै टोलका प्रधानहरू) बीच छलफल भयो, प्रजाबाट पनि जनमत लिइयो। अन्त्यमा सबैले पुरानो वैरभावलाई बिर्सेर शरण आएकोलाई मरण नगर्ने र लड्न परे तापनि लड्ने भनी राजालाई बिन्ती चढाएकाले राजाले पृथ्वीनारायण शाहको पत्रलाई लत्याई दिए।

दुवै राजालाई स-सम्मान भक्तपुरमा बस्न दिइयो। उनको यो कदम सर्वथा उचित र न्यायसंगत कदम थियो किनकि यसले धर्म, न्याय, सहिष्णुताको आदर्शलाई पछ्याएको थियो। यसभन्दा पनि महत्त्वपूर्ण कुरा के थियो भने राज्यमा जस्तोसुकै संकट आइपर्दा पनि त्यसबारे के गर्ने भन्ने सवालमा जनताको राय लिने उनको जुन मान्यता थियो, त्यसले गर्दा उनी प्रजातन्त्रप्रेमी राजा थिए भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन। यसपछि पृथ्वीनारायण शाहले रणजित मल्ललाई आत्मसमर्पण गर्न अनुरोध गरे। तर रणजित मल्लले आत्मसमर्पण गरेनन्। यद्यपि उनलाई यो कुरा थाहा थियो कि अब भक्तपुर राज्य धेरै दिनसम्म स्वतन्त्र रहन सक्दैन। वरपरका सबै राज्यहरू गोरखाको अधिनमा गइसकेकाले अब भक्तपुर एक्लैले मात्र केही गर्न सक्दैन भन्ने कुरा उनलाई राम्ररी थाहा थियो।

आफू पछिको भक्तपुर राज्यको वैध उत्तराधिकारी बाँकी नहुँदा ठ्याहा र मठ्याहा छोराहरूबीच भएको सत्ता संघर्षमा यसबेलासम्म राज्यका वैध उत्तराधिकारी युवराज वीर नरसिंहको विष प्रयोगद्वारा हत्या भइसकेको थियो। त्यसबेला घटेको एउटा दैवीय घटनाको प्रभाव। घटना के थियो भने भाषा वंशावलीअनुसार दशैंमा कुमारीको पूजा गरी भोजन गर्ने क्रममा कुमारीले राजालाई दिने नीलकमलको फूल रणजित मल्ललाई नदिएर नजिकै बसेका मित छोरा पृथ्वीनारायण शाहलाई दिए। त्यसपछि राजा-प्रजा सबैले अब नेपाल यिनैको हुने भयो भनी अनुमान गरे। यस घटनाबाट उनमा ठूलो मनोवैज्ञानिक असर पर्न गएको थियो। आफूपछि नेपाल उपत्यकामा सूर्यवंशी मल्ल राजाहरूको अस्तित्व सदाका लागि समाप्त हुँदैछ भन्ने सोच्छन्। जे होस् जयप्रकाश मल्लले रणजित मल्ललाई प्रत्याक्रमणका लागि उक्साइरहेका थिए। जयप्रकाश मल्लले भक्तपुरबाटै चौदण्डीका राजा कर्ण सेन र अंग्रेजसँग सहायता मागी पठाए। यसरी उनी गोर्खालीका विरुद्ध युद्धको तयारीमा लागे। साथै उनले रणजित मल्लका मठ्याहा छोराहरू अजित सिंह र अवधूत सिंहलाई पनि भक्तपुरको उत्तराधिकारी शासक बनाउने वचन दिई आफ्नो पक्षमा लिएका थिए।

मठ्याहा छोराहरूको जिद्दीलाई रणजित मल्लले

नाइँ भन्न सकेनन् । जनता र जयप्रकाशको साथ पाएका रणजित मल्लले क्षत्रीय धर्मअनुसार युद्धको आह्वान गरे । यसरी भक्तपुरमा जयप्रकाश मल्लको नेतृत्व र सक्रियतामा सैनिक संगठन व्यापक रूपमा सुरु गरियो । यसमा भक्तपुरका स्थायी सेनाबाहेक मधेसी सेना, चौदण्डीबाट आएका किराँती, काम्बोज(भोटे) तथा खस सैनिकहरू पनि थिए । खसहरू मल्ल राजाहरूको सेनामा भर्ती हुने चलन धेरै पहिलेदेखि नै थियो । जस्तो– थापा, पाण्डे, खड्का, कार्की आदि खसहरूलगायत मगर, तामाङ आदि जनजातिहरूसमेत उपत्यकाको मल्ल सेनामा पहिलेदेखि नै संलग्न थिए भन्ने कुरा विभिन्न ऐतिहासिक घटनाहरूले पुष्टि गर्दछ । जस्तै– नुवाकोटका उमराव जयन्त राना, पलाञ्चोक किल्लाका क्वाठनायक काशीराम थापा, परशुराम थापाहरू । त्यस्तै कान्तिपुरका शक्तिशाली चौतारा लक्ष्मीनारायण जोशीको अवसानमा खड्का सैनिकहरूको भूमिका आदि दृष्टान्तबाट उपरोक्त तथ्यको पुष्टि हुन्छ । यी सैनिकहरूमा कसै–कसैलाई बन्दुकसम्म दिइएको कुराबाट भक्तपुरको सैनिक प्रबन्ध त्यतिबेला निक्कै बलियो भएको कुरा अनुमान गर्न सकिन्छ ।

भक्तपुर विजय गर्ने सेनाको नेतृत्व पृथ्वीनारायण शाहले आफ्ना कान्छा भाई शुरप्रताप शाहलाई दिएका थिए । भक्तपुर विजयका लागि उनले आफ्नो सम्पूर्ण शक्ति लगाएका देखिन्छन् । किनकि शुरप्रतापको सहयोगका लागि वीर गोर्खाली योद्धाहरू खटाइएका थिए । जस्तोः कालु पाण्डेका छोरा वंशराज पाण्डे, शिवरामसिंह बस्नेतका छोरा केहरसिंह बस्नेत र उनका भाइहरू स्वरूपसिंह कार्की, अमरसिंह थापा, जंगबहादुर राणाका बाजे रामकृष्ण कुँवर आदि थिए । भक्तपुरबाट पनि राम्रा साहसी योद्धा थिए । दुई दिनसम्म चलेको यस युद्धमा दुई हजारभन्दा बढीले आफ्नो प्राण आहुति गरेबाट यो युद्ध बहादुरीका साथ लडिएको थियो भन्ने कुरा स्पष्ट हुन्छ । तर इतिहास जहिले पनि जित्नेको मात्र हुन्छ भनेझैं तिनको नाम युद्धको पराजयसँगै इतिहासको गर्भभित्र धुमिल भएर गएको देखिन्छ ।

पृथ्वीनारायण शाहले ज्योतिषी कुलानन्दले हेरेको साइतमा ने.सं. ८९० अर्थात् वि.सं. १८२६ कार्तिक शुक्ल द्वादशीका दिन राति भक्तपुरमा आक्रमण गरे ।  गोर्खाली सैनिकहरू लगभग १५०० को संख्यामा थिए, जसमध्ये आधा सेनासँग बन्दुक थियो भने बाँकी आधासँग धनु, काँड र खुकुरी आदि थिए । भक्तपुरतर्फ पनि निक्कै सेना थिए । भक्तपुरका स्थायी सेनाबाहेक जयप्रकाश मल्लका मधेसी सेना तथा चौदण्डीबाट आएका सैनिकहरू पनि थिए ।

भक्तपुरका जनता त्यसबेला गोर्खालीविरुद्ध लड्न आपसमा एकजुट थिए । संगठित जनताको अगाडि सैन्यशक्तिको केही जोर चल्दैन । यसको पुष्टि फ्रान्सका सम्राट नेपोलियन बोनापार्टको सन् १८१३ को मस्को अभियानको असफलताबाट स्पष्ट हुन्छ । भक्तपुरको युद्ध पनि गोर्खालीका लागि फलामको चिउरा चपाएसरह थियो । किनकि यो युद्ध भक्तपुरका सेनासँगको मात्र नभई स्थानीयवासी भक्तपुरका जनतासँगको पनि युद्ध थियो । सोझो हिसाबले गोर्खालीका निम्ति युद्ध जित्न कठिन थियो । भक्तपुरका संगठित प्रजासँग लड्न गाऱ्हो हुने ठानेर पृथ्वीनारायण शाहले आतङ्कको शैली अपनाएका थिए । प्रजाहरूको उत्साह र संगठनलाई कमजोर पार्न युद्धका बेला सर्वसाधारणका घर–घरमा आगो लगाई दिने, पाकेको धानबालीमा आगो लगाउने आदि कार्य समेत गरेका थिए । सामरिक गढको रूपमा रहेको भक्तपुरमाथि आक्रमण गरेर विजय प्राप्त गर्न सहज थिएन । त्यसैले आक्रमणका क्रममा गोर्खाली फौजले सर्वप्रथम भक्तपुरलाई चारैतिरबाट घेरे । वरिपरिका थिमी, नगदेश, बोडे, चाँगु, साँखु, नगरकोट, साँगा आदि सबै प्रदेशहरू गोर्खाली फौजले कब्जा गरिसकेका थिए । मल्ल राजाहरू शहर पस्ने सबै ढोकाहरू बन्द गरेर बसेका थिए । मध्यकालीन सुरक्षित गढको रूपमा बस्ती भएकाले भक्तपुरका बाटाघाटा, गल्ली, चोकहरूबारे गोर्खालीहरू अनभिज्ञ थिए । यद्यपि पृथ्वीनारायण शाह स्वयम् केही वर्ष यहाँ बसी यहाँको सबै वस्तुस्थिति थाहा पाएकाले र समग्र युद्धको नेतृत्व पनि उनैले गरेकाले गोर्खाली फौजलाई आक्रमण गर्न त्यति असहज भएन । घरका छाना चढ्दै गोली बर्साउँदै अगाडि बढेकाले गोर्खाली फौज यहाँको भौगोलिक अवस्थाबारे बेखबर थिए भन्ने प्रष्ट हुन्छ । तर गोर्खाली फौजलाई भक्तपुर प्रवेश गर्न बाधा परेन । फादर स्टिलरका अनुसार गोर्खालीहरू सर्वप्रथम नगरको पूर्वीद्वारबाट भक्तपुर छिरेका थिए । त्यसबेला रातको समय थियो । त्यसपछि उत्तरी प्रवेशद्वारबाट भित्र छिरे । सूर्यविक्रम ज्ञवालीका अनुसार भक्तपुरको पूर्वमा पर्ने मूलढोका रक्षा गरी बस्ने पाटने काजीहरू लडाइँ नै नगरी भागेका हुँदा गोर्खाली फौजलाई छेक्ने कोही भएन र फौज सरासर महालक्ष्मी स्थानमा पुगी त्यहीं आड लिएर बस्यो । अर्को गोर्खाली फौज ब्रह्मायणी देवीको ढोकाबाट पसी त्यहीं आड लिई बस्यो ।

त्यो रात गोर्खाली फौज उपयुक्त स्थानमा मुकाम कायम गरी बस्यो । भोलिपल्ट बिहान गोर्खाली फौज आ–आफ्ना स्थानबाट अगाडि बढी सुकुलढोकामा भेला भए । त्यहाँबाट आधा सेना जगन्नाथ देवलतिर लागे भने अर्को भाग

अर्कैतिरबाट अगाडि बढ्यो। दिनभर युद्ध चल्यो। यो युद्ध खुला मैदानको युद्धजस्तै थियो। यसमा दुवै पक्षबाट साहस र वीरताको प्रदर्शन गरिएको थियो। तर पनि गोर्खाली फौजले युद्धको नियम पालन गरेको देखिँदैन। किनकि युद्धको सामान्य नियमअनुसार रातको समयमा युद्ध रोक्नुपर्दथ्यो, तर रोकिएन। रातभरि पनि युद्ध चलिरह्यो। गोर्खालीहरू कोही दरबारका छाना चढेर त कोही सुवर्णद्वारबाट मूलचोकमा पसेर गोली बर्साउन थाले। गोलीका दागहरू अद्यावधि त्यहाँ देख्न सकिन्छ। भोलिपल्ट बिहान मल्ल राजाहरू बसिरहेको हिटी चोक दरबारको छानामा चढेर गोर्खालीहरू दरबार कब्जा गर्न आइपुगे। त्यहाँ जयप्रकाश मल्लले ल्याएका नगरकोटी सेनाको गोर्खाली सेनासँग ठूलो भिडन्त भयो। त्यस दरबारमा सुरक्षा नहुने देखेर मल्ल राजाहरू अर्को चौकोट दरबारमा सर्न लागे। रणजित मल्ल र तेजनरसिंह मल्ल ठूलो युक्तिका साथ चौकोट दरबारको माथिल्लो भागमा पुगे। तर कान्तिपुरका राजा जयप्रकाश मल्ल अलि पछि परेकाले भऱ्याङ चढ्न लाग्दा एकाएक एउटा गोली आएर उनको दाहिने खुट्टामा लाग्यो र उनी हिंड्न नसक्ने भए। राजा रणजित मल्ल र तेजनरसिंह मल्लले घाइते जयप्रकाश मल्ललाई तानेर कोठाभित्र पुऱ्याए। युद्ध चर्किरहेको थियो। भक्तपुरको सेनाको नेतृत्व जयप्रकाश मल्लले गर्दै आएको र अब उनी स्वयम् नै घाइते भएपछि राजा रणजित मल्ल हतोत्साहित भए। आफ्नो अन्तिम समय आएको बुझेर उनले आफ्ना अङ्गरक्षक हेमनारायणको सल्लाहमा आत्मसमर्पण गर्ने निर्णय गरी आफूले लगाइराखेको पगरी फुकालेर झ्याल बाहिर झुण्ड्याइ दिए।

आत्मसमर्पण गरेको बुझेर गोर्खाली फौजले युद्ध बन्द गरे। शुरप्रताप शाहले माथि गएर मल्ल राजाहरूलाई घेरेर नियन्त्रणमा लिए। यसरी दुई हजारभन्दा बढी मानिसहरूको मृत्यु र पाँच सयभन्दा बढी घरहरू आगलागीमा ध्वस्त भएपछि वि.सं. १८२६ माघ १ गते आइतबार भक्तपुरमा पृथ्वीनारायण शाहको अधिकार कायम भयो। कसै-कसैको भनाई अनुसार भक्तपुरका भारदारहरूलाई पृथ्वीनारायण शाहले भित्रभित्रै आफ्नो पक्षमा मिलाइसकेकाले यस युद्धमा भक्तपुरले पराजय भोग्नुपरेको थियो। तर यो भनाई गलत देखिन्छ। किनकि यदि यसरी सहयोग गरेको भए त्यस्ता भारदारहरूलाई पृथ्वीनारायण शाहले यसपछि उचित सम्मान दिनुपर्ने थियो तर गोर्खाली राज्य प्रशासनको कुनै पनि महत्त्वपूर्ण ओहोदामा भक्तपुरका नेवारहरूले कहिल्यै पनि स्थान नपाउनुले त्यो भनाई केवल भ्रममात्र हो भन्ने देखिन्छ। बरु मल्ल राजाहरूका सन्तानहरूलाई यसपछि खोजी खोजी मार्ने काम गोर्खालीहरूबाट भएको थियो। यसैले रणजित मल्लका मठ्याहा छोराहरूले उनलाई भक्तपुरमाथि आक्रमण गर्न उक्साए भन्ने भनाई पनि गलत देखिन्छ।

यस आक्रमणमा विजयी भएपछि पृथ्वीनारायण शाहले भक्तपुरमा गएर तीन जना राजाहरूलाई भेटे। जयप्रकाश मल्ललाई उनकै इच्छाअनुसार पशुपति आर्यघाट पठाइदिए। खुट्टाको घाउको पीडाले त्यहीं वि.सं. १८२६ माघ २६ गते उनको मृत्यु भयो। तेजनरसिंह मल्लले केही माग गर्न नसक्दा उनी कैद गरिए। कैदी अवस्थामै तिनको मृत्यु भयो।

भक्तपुर र कान्तिपुरका राजाहरू प्रसिद्ध मल्ल वंशका राजपुत्र थिए, तर तेजनरसिंह मल्ल सामान्य मानिस थिए। सोझो एवं धनी तेजनरसिंह मल्ललाई ललितपुर( पाटन) को राजा बनाइएको थियो। अतः पृथ्वीनारायण शाह र अन्य गोर्खालीहरूका नजरमा उनको कुलको विशेष मान्यता थिएन। त्यसैले लक्ष्मीपुरमा नजरबन्द गर्न पठाइए। त्यहीं उनको मृत्यु भयो। रणजित मल्ललाई मित बा भएका नाताले र आफ्नो एकीकरण अभियानमा परोक्ष रूपमा भए पनि सहयोग पाएका हुनाले उपत्यकाका केही गाउँहरूको राजा भएर बस्ने आग्रह गरे। ६७ वर्ष उमेर पुगिसकेका रणजित मल्लले सीमित इलाकाको राजा भएर गोर्खालीको अधिनमा बस्नुभन्दा काशीबास जानु नै श्रेयस्कर ठाने। उनको इच्छाअनुसार पृथ्वीनारायण शाहले काशी जाने व्यवस्था गरिदिए। उपत्यका छोडेको अठार महिनापछि उनको काशीमै मृत्यु भयो।

यसरी रणजित मल्ल नेपाल उपत्यकाका अन्तिम मल्ल राजा थिए। किनकि भक्तपुरमा रणजित मल्लको पतनपछि नेपालबाट पूर्ण रूपले मल्ल राजवंशको अन्त्य भएको थियो। तर यसरी पतन भए पनि उनलाई सम्झाई राख्ने केही महत्त्वपूर्ण कृतिहरू भने आज पनि इतिहासमा अङ्कित छन्।

**राजा रणजित मल्ललाई अमर बनाउने कलाकृतिहरू**

भाषा, साहित्य र कला संस्कृतिका क्षेत्रमा पनि राजा रणजित मल्लले आफ्ना बाबु, बाजेले जस्तै विशेष ध्यान दिएका थिए, यद्यपि उनको सम्पूर्ण शासनकाल अनेक बाह्य आक्रमण र आन्तरिक कलहमै व्यतित भएको थियो। त्यसका बाबजुद पनि उनले समय निकालेर केही कलाकृतिहरू निर्माण गराएका थिए, जुन कृतिहरू अद्यावधि भक्तपुरमा देख्न सकिन्छ। ती कृतिहरू नेपाली संस्कृतिका अमूल्य निधिका रूपमा रहेका छन्। जसमध्ये भक्तपुर दरबार प्रवेश गर्ने स्वर्णद्वार (Goldengate) रहेको छ। यसमा कुँडिएका कला अनुपम छ। यसलाई देखेर पश्चिमेली पर्यटकहरू आधी

संसार घुमेजत्तिको आनन्द अनुभूति गर्दछन् ।

त्यस्तै, उनले बडा दशैं पर्वलाई धुमधामले मनाउन सो अवसरमा देव–देवीप्रतिको भक्तिमा आस्था बढाउन र धार्मिक जागरणमा उत्साह पैदा गराउन प्रत्येक वर्ष नवरात्रीभर बिहान सबेरै नौ दुर्गाको तीर्थमा स्नान गरेर नवदुर्गा भवानीको दर्शन गर्न गई पर्व मनाउन आह्वान गरेका थिए, जुन सांस्कृतिक परम्परा आजसम्म पनि कायमै छ । साथै सो अवसरमा भक्तजनहरूलाई बिहान सबेरै निद्राबाट जगाउन कुसलेहरूद्वारा टोल–टोलमा सहनाई बाजा बजाउन जानुपर्ने बन्दोबस्त पनि गरिदिए । हनुमानघाट तीर्थमा स्नान गर्ने विषयमा भक्तपुरका तल्लो टोल र माथिल्लो टोलका बासिन्दाबीच विवाद उत्पन्न हुँदा उनले घाट (नदी) पारि अर्को नयाँ घाट निर्माण गरिदिई देव–देवीका मूर्तिहरू मेत स्थापना गरेर विवाद साम्य पारिदिएका थिए । जसअनुसार माथिल्लो टोलकाले नयाँ घाटमा र तल्लो टोलकाले पुरानै घाटमा नुहाउनुपर्ने नियम बसालिदिए । यसबाहेक उनले तलेजु भवानीलाई सुनको सिंहासन र सुनकै नगरा चढाउने काम गरेका थिए । साथै आफ्नो दरबारको प्राङ्गणमा सुनको गजुर र तरबारले युक्त भएको ठूलो घण्टा चढाएका थिए । सो घण्टा र नगरा तलेजु भवानीको नित्यपूजाको समयमा बजाउनुपर्ने नियम पनि बनाइदिएका थिए । तेखाचो टोलस्थित बाराही देवीलाई सुनका सामानहरू चढाएका थिए । तौलाछें टोलको नारायण मन्दिरको जीर्णोद्धार गरी तामाको छानामा सुनको जलप हालेका थिए । क्वाछें टोलमा भगवती मन्दिरको जीर्णोद्धारका निम्ति केही जग्गा गुठी राखिदिए । दोलखा भीमसेनलाई घण्ट चढाएका थिए । तलेजु मूलचोकको चारै कुनामा लामो सिक्रीमा झुण्ड्याएको बत्ती बाल्ने सुनको दियोको जीर्णोद्धार गरिदिए । युवराज वीरनरसिंहका साथ उनले भक्तपुरको एउटा विहारमा केही मूर्तिहरू राखेका थिए । बाबु भूपतिन्द्र मल्लले बनाएको पचपन्न झ्याले दरबारमा ढोका, चोकहरू थपेर सिंगार्ने काम गरेका थिए ।

राजा रणजित मल्ल विद्वान थिए । उनका दरबारमा पण्डितहरूले सम्मान पाएका थिए । उनलाई मैथिली, नेवारी, संस्कृत आदि भाषाहरूको ज्ञान थियो । उनले लेखेका नाटक, गीतहरूमा इन्द्रविजय, उषाहरण, कृष्णचरित्र, रामायण, गोरक्षोपाख्यान, दिक्पाल गणेशोपाख्यान, कृष्णकैलाश यात्रा, बाल्मिकी रामायण, षडदर्शन कथा, रुक्मिणीहरण आदि प्रमुख रहेका छन् । काशीवास जाँदा चन्द्रागिरी पहाडमा पुगेपछि अन्तिमपल्ट उपत्यकातर्फ फर्केर तलेजु भवानीलाई नमस्कार गर्दै आँखामा बरबर आँसु झार्दै गाएका विरहका गीतहरू निक्कै मर्मस्पर्शी छन् । त्यस्तै बिस्केट जात्राका अवसरमा भैरवको रथ तान्न छोडेर एकक्षण विश्राम गर्ने बेलामा गाउने गरिएको 'थथिं जागु रसरंग तोलताव हरि जि गन वने' भन्ने गीतका मूल रचनाकार पनि उनी नै हुन् । यताबाट उनी आँशुकवि थिए भन्ने सहज अनुमान गर्न सकिन्छ । उनी अध्ययनशील व्यक्ति थिए । वर्तमान भक्तपुर राजदरबारको पूर्वतिर रहेको साकोठा भन्ने ठाउँ छ, त्यो साकोठा नभएर वास्तवमा सफूकोठा हो अर्थात् रणजित मल्लको पुस्तकालय हो भन्ने गरिन्छ । त्यस पुस्तकालयमा मुसलमानी आक्रमणले ध्वस्त भएको सिम्रौनगढबाट ल्याइएका प्रशस्त दुर्लभ ग्रन्थहरू संग्रहित थिए । हाल राष्ट्रिय अभिलेखालय, काठमाडौंमा रहेका धेरैजसो हस्तलिखित ग्रन्थहरू यहींबाट लगिएको भन्ने भनाई पनि पाइन्छ ।

यसरी बाह्य र आन्तरिक सङ्कट वा संघर्षका बाबजुद पनि यतिधेरै धार्मिक कार्य तथा कलाकृतिहरू एवं साहित्यको निर्माण हुन सक्नुले उनको धर्मप्रतिको अगाढ आस्था र कलाप्रतिको विशेष अनुराग झल्काउँछ । यी निर्माण र सुधारमा उनको आर्थिक नीतिले केही हदसम्म सघाउ पुऱ्याएको देखिन्छ । त्यसबेला उपत्यकाका चाँदीका सिक्काहरू तिब्बती बजारमा समेत चल्दथ्यो । किनभने तिब्बतको आफ्नो मुद्रा थिएन । तिब्बत सरकारको अनुरोधमा नेपालले तिब्बतका लागि मुद्रा निष्कासन गरेर पठाइन्थ्यो । यसरी पठाइने गरिएको मुद्रामा पछिल्लो समयमा आएर आर्थिक संकटले गर्दा मिसावट गर्न थालिएको थियो । यसबाट उनले प्रशस्त सुन–चाँदी भित्र्याएका थिए । तर कालान्तरमा गएर सोही खोटो मोहर (सिक्का) नै नेपाल र तिब्बत बीचको व्यापारिक सम्बन्धमा बाधाको रूपमा खडा भई बराबर युद्धसमेत पर्न गएको कुरा स्मरणीय छ । उनले गरेका क्रियाकलापहरू राज्य र जनताको भलाईका लागि अनि सनातन धर्म, कला, संस्कृतिको जगेर्नाका निम्ति थियो ।

**निष्कर्ष**

मल्लकालका प्रजातन्त्रप्रेमी राजाका रूपमा ख्याति कमाए पनि रणजित मल्लमा कुनै राजनीतिक दूरदर्शिता भने थिएन । उनी ज्यादै शान्त र सरल स्वभावका व्यक्ति भएकाले उनको राजनीतिक चरित्र साह्रै कमजोर र दुर्बल देखिन्छ । जुन कमजोरीले केबल भक्तपुरलाई मात्र नभएर उपत्यकाको पुरै मल्ल राज्यलाई पतनको नजिक ल्याई दियो । यद्यपि यहाँनेर यो कुरा बिर्सनहुन्न कि मल्लवंशको पतन संगठित मल्ल राज्यको विभाजन भएकै समयदेखि अवश्यम्भावी हुन गएको थियो । उनको राजनैतिक अदूरदर्शिता आन्तरिक र बाह्य दुवै क्षेत्रमा देखापरेको थियो । आन्तरिक अदूरदर्शिताको कारण भक्तपुर राज्यको लामो इतिहासमा पहिलोपल्ट राजनैतिक

अस्थिरता देखा पर्न गई भक्तपुर दरबार षड्यन्त्र र गुटबन्दीको केन्द्र बन्न पुगेको थियो। राजनैतिक अदुरदर्शिताका कारण उनले गोरखासँगको मित्रतालाई अगाडि बढाए, जुन सम्बन्धबाट उनले भन्दा गोरखाका राजा पृथ्वीनारायणशाहले बढी लाभ उठाए। र पछि गएर मात्र उनले आफ्नो अदूरदर्शिता बुझ्न सके।

वास्तवमा कान्तिपुरसँगको रिसइबी साध्न उनी गोरखासँग नजिक भएका थिए। यसैक्रममा ३ वर्षसम्म पृथ्वीनारायण शाहले मित छोराका रूपमा भक्तपुरमा बसेर यहाँको सबै गतिविधि बुझ्ने अवसर पाए। वास्तवमा गोरखासँगको उनको मित्रता रामायणका रामसँग लंकाका विभिषणको मित्रता जस्तै थियो। आफ्नो घरको भेद परचक्रीसमक्ष खोलेर आफ्नै कुलको नाश र लंका दहनमा ठूलो मद्दत पुर्‍याए। यसरी राजनीतिक दृष्टिले कमजोर र अकर्मण्य देखिएका राजा रणजित मल्लमा केही राम्रा गुणहरू पनि थिए। जस्तै, शरणलाई मरण नगर्ने, प्रजालाई बाबु जस्तै माया गर्ने, कर्तव्यनिष्ठ, धर्मपरायण, कला-संस्कृतिको संरक्षणमा लागि पर्ने, विद्वानहरूको कदर गर्ने, आँशुकवि र अध्ययनशील चरित्र आदि। अस्तु !

**सन्दर्भसामग्री**


१. देवीप्रसाद लम्साल, भाषा वंशावली भाग दुई, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. ५४।

२. सूर्यविक्रम ज्ञवाली, पृथ्वीनारायण शाह, दार्जिलिंगः नेपाली साहित्य सम्मेलन, वि.सं. २०३३, पृ. १५६।

३. ऐजन।

४ धनबज्र बज्राचार्य (सं.), इतिहास संशोधनको प्रमाणप्रमेय प्रथम भाग, ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९, पृ. ९०।

५ लुडवीग एफ. स्टिलर, दि राइज अफ द हाउस अफ गोरखा, काठमाडौंः रत्न पुस्तक भण्डार, ई.सं. १९७५, पृ. १३१।

६ स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारी।

७ ज्ञवाली, पा.टि.नं. २, पृ. १५८।

८ बज्राचार्य, पा.टि.नं. ४, पृ. ९१।

९ ज्ञवाली, पा.टि.नं. २, पृ. १६०।

१० लीलाभक्त मुनंकर्मी, नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, भक्तपुरः भवानी केसरी, वि.सं. २०४१, पृ. १८६– १८७।


## बासिबियाँलो



आधा अनुहार छोपिएको यो मान्छेले बायाँ हेरेको छ कि तपाईँलाई ? आफै पता लगाउनुहोस्।

One, Two, Three देखि Hundred सम्म लेख्दै जाँदा a,b,c कति पटक लेख्नु हुन्छ ?

उत्तर- एक पटक पनि लेखिँदैन।

**सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो।**



## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ

## दुगु व तुंथि चोंम्ह फ्याका धों

छम्ह आपा मभिंम्ह फ्याका धों तअजागु तुंथि क्वे कुटुवन। उगु बखतेहे लाका प्यास् लगे जुम्ह छम्ह दुगु अन थेंक वल। 'ल सागु खला' धका व फ्याका धों याके नेन। 'ल सागुया खँला, थो तुंथियागु ल असंख्य भिंगुख। जिं तावेजाल तोना चोनागु मखुसा तोना स्वोवा', धका व फ्याकाधोंलं धाल। थुलि नेने वं व दुगु दुने क्वोब्वाँ वन। व फ्याका धोंलं व दुगुया नेकु लि च्वाक पलातया तुंथिच्वे तिन्हुया थाहा वन। 'छंके चाक ग्वाँएं दकोति बुद्धि दुगुजुसा छ तिंन्हइ न्हापलाका विचार यानानीं स्वोइ गु ख' धका व फ्याका धोंलं धाल। 'धाथेंनं ख, जिके आ लिपा तिनि बिचार वल, जिं छँत जिगु छ्यों तछ्याके बीत कठि डेबी थें जुल' धका व बिचरा दुगूं छ्यों थकया धाल।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# भक्तपुर नगरको संरचना

प्रा.डा. शिवप्रसाद धौभडेल

भक्तपुर नगरको संरचना परापूर्व लिच्छविकालीन, मल्लकालीनका तान्त्रिक राजाहरूले भक्तपुर नगर बनाएको बेलाको हो। नगर बनाउँदा तान्त्रिक विधिअनुसार नगरलाई शंखको आकार रुपमा ढालेको थियो। हामीले एउटा शंखलाई भुईमा राख्दा कोल्टे भएर बस्छ। त्यसैगरी भक्तपुर नगर पनि कोल्टेको संरचनामा छ। कोल्टेमा माथि उत्तर, तल दक्षिण हुनेगरी बनाएको छ। सो कुरा हामी सूर्यविनायक तल कमलविनायक माथि भएको जमिनको बनावटले स्पष्ट पार्दछ। शंखको फुक्ने प्वालतिर, सुजमारीको शंखनारायण अवस्थित रहेको छ। शंखको बीच भागमा पेट फुलेजस्तो हुन्छ। त्यसैगरी नगरको बीच भागमा चौडा भाग बनाएको छ। गोमारी, तमारी चोकहरू बनाएर चौडा गरेको छ। शंखको पुच्छर सानो र सलक्क चोसो परे हुन्छ। वंशगोपाल, तेखापुखु आदि टोलहरू सलक्क परेका छन्। यसरी थने, कोनेको बीचमा तमारी चोक बनाएको राम्ररी बुझ्न सक्छौं। तान्त्रिक विधिअनुसार शंखभित्र देवताले पान गर्ने पंचामृत राखेजस्तै बीचको तमारी चोक र वरिपरि पाँचतले देवल, भैरव मन्दिर, तिलमाधव मन्दिर, चन्द्राकाद्ये तलेजु मन्दिर आदिले र पशुपतिनाथको तथा अरु लायकुका मन्दिरहरूले राम्ररी बीच भागको महत्त्व बुझाएको छ।

यसरी नगरलाई विधिले सुरक्षा गर्न नवदुर्गाका नौ पीठहरूको स्थान मन्दिरहरूले घेरेर बनाएको छ। नगरलाई अष्टमातृकाबाट रक्षा गर्ने गरी बनाएको छ। नगरको माथिदेखि तलसम्म पीठहरू यसरी बसाएको छः १. ब्रह्मायणी २. माहेश्वरी ३. कुमारी ४. विष्णुवि, ५. बाराही ६. इन्द्रायणी ७. त्रिपुरासुन्दरी ८. महाकाली ९. महालक्ष्मी। यी सबै पीठहरूलाई माथि ब्रह्मायणीदेखि तल पुच्छरसम्म हनुमन्ते खोलाले घेरेर बनेको छ। सो नदीमा धर्मकर्म र स्नान गर्न मिल्ने गरी तीर्थहरू बनाएको देखिन्छ, जस्तो हनुमानघाट, चुपिंघाट, रामघाट आदि। यसबाहेक नगरभित्रका जनतालाई तान्त्रिक पूजाआजा गर्ने बहालहरू बनाएको देखिन्छ जस्तो पु बहाल, भोटे बहाल, थातु बहाल, कोथु बहाल आदि। हरेक टोलमा एक गणेशको स्थापना गरी मंगलकार्य पूजा गर्न सजिलो गरिदिएको छ, जस्तो बालाखु गणेश, छुँमा गणेश, मुलाखु गणेश, सलां गणेश आदि। हनुमन्ते खोलाको माथिदेखि तलसम्म ठाउँ-ठाउँमा वारी एक तीर्थस्थल र पारी एक मुर्दा पोल्ने दीप बनाई दिएको छ। हनुमानघाट पारी दीप छ, चुपिंघाट पारी मु दीप छ। नगरभित्र टोल-टोलमा ढुंगेधारा तथा इनारहरू बनाइएका छन्। पानीको लागि, देव-देवीहरूको तथा जनताको नाचगान गर्न ठाउँ-ठाउँमा डबलीहरू बनाइएको छ। तमारी डबली, सुजमारी डबली, दत्तात्रय डबली आदि। (सुजमारी दबु एक बेला एक मन्दिर बताइन्छ।-सं.)

नगरभित्रका कर्माचार्यहरू तथा ब्राम्हणहरू एक से एक तान्त्रिक थिए र तान्त्रिक पूजा गर्न गराउन द्यो छें ( कुलदेवताको घर) बनाएको देखिन्छ, यसबाहेक फकिर, मगन्तेहरू बस्न र भजनकिर्तन गर्न ठाउँ-ठाउँमा कोठाहरू बनाइएका छन् जस्तै दत्तात्रयको मन्दिर, राम मन्दिर आदि। नगरभित्र ठाउँ-ठाउँमा स-साना पोखरीहरू बनाइएका छन्। वर्षाको पानी सङ्कलन र प्रयोगको लागि पोखरीहरू बनाइका छन्, जस्तो क्वाठनली पुखु। एक टोलबाट अर्को टोलमा चाँडै जान-आउन मिल्ने गरी स-साना छड्के गल्लीहरू बनाइएका छन्, जस्तो सोमला गल्ली आदि।

जनताको व्यापारिक कार्य गर्न ठाउँ-ठाउँमा सानो बजार बनाइएका छन्, जस्तो सुकुलढोका बजार, नासमना बजार आदि। त्यसबेलाका तान्त्रिक राजाहरू बस्न र शासन चलाउन ९९ चोक भएको लायकु दरबार बनाइएको थियो। अहिले ती सबै अस्तित्वमा छैन। भुइँचालोले नास गरिसकेको छ। सो जग्गामा अहिले श्रीपद्म हाइस्कुल, शारदा र विद्यार्थी निकेतन स्कूलहरू छन्। नगरलाई शत्रुहरूबाट सुरक्षा गर्न नगरको चारैतिर ठूला ढोकाहरूले बन्द गर्न मिल्ने गरी बनाएको देखिन्छ।

भक्तपुर नेपाल खाल्डोको सबभन्दा पुरानो सहर हो। यसमा तारिफ गर्न लायकका लिच्छवी र मल्लकालका कलाकृतिहरू धेरै छन्। देबलहरू, दरबारहरू, पौराणिक घरहरू, गल्लीहरू र जीवनशैलीले भक्तपुरलाई अनौठो ऐतिहासिक सहर भन्ने देखाउँछ। पाँचतले मन्दिर भूकम्पमा पनि नबिग्रेको हुँदा त्यसबेलाका इञ्जिनियरको तारिफ गर्न लायक छ। त्यसैगरी पौराणिक पोखरी, सिद्धपोखरी बनाएका कार्यहरूले भक्तपुरबारे धेरै प्राचीन कथा कथनको रुपमा रहेका छन्। त्यसबेलाका बाजेहरू तान्त्रिक भएकोबारे एउटा किंबदन्ती छ। हाम्रो गुरुबाजे सोमला गल्लीका माहाद्यो बाजे ज्यादै तान्त्रिक थिए। तान्त्रिक शक्तिले गर्दा हरेक दिन बाजे काशी पुगेर मनिकरणी घाटमा नुहाएर घर फर्केर धोती धुन प्रयोग हुने ढुङ्गा घरमा छ भनेर बाजेका नाति-पनातिहरूले भनेको सुनिन्छ। माहाद्योबाजेले नवदुर्गाज्वलबाट तान्त्रिक शक्तिले नवदुर्गालाई ल्याएर आफ्नो घरमा राखेका थिए। पूजा गरेको समयमा कोठामा कसैले हेर्न हुँदैनथ्यो। तर एकदिन बज्यैले बाजे नभएको बेला ढोकाको प्वालभित्र हेरिछन्। तब नवदुर्गा रिसाई बाहिर गइदिए। बाजेले यो कुरा थाहा पाएर हतासमा नवदुर्गालाई लिन जाँदा तमारीको चन्द्रिका द्यो ठाउँमा नवदुर्गाले एउटा अछुत बँदेल सुँगुर भेटेछन्। नवदुर्गाले त्यसलाई मारेर रगत पिएछन्। त्यो देखेर बाजेले नवदुर्गालाई घरमा ल्याउन नहुने भएपछि नवदुर्गा ज्वल गथु जातका मानिसहरूलाई पूजा गर्न सिकाएर हालको नवदुर्गा घरमा स्थापित गरेको थियो भन्ने किबदन्ति छ। त्यसैले गठुहरूले नवदुर्गाको पूजाआजा, नाचगान चलाउँछन्, उनीहरूको हातमा नवदुर्गाको सबै काम छ।

# ; x/L s[if / vfB ;'/Iff



सबिन ख्याजू

देशको अर्थतन्त्रबारे विश्लेषण गर्ने बेला कृषि मुख्य विषयमा आउँछ । नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषिले ३५ प्रतिशत ओगटेको छ । वि.सं. २०६८ को जनगणनाअनुसार कृषिमा निर्भर जनसङ्ख्या ६५.५ प्रतिशत छ । कृषि प्रधान देशको रूपमा गलत व्याख्या भइरहेको पाइन्छ । ६५.५ प्रतिशतले बाँकी ३४.५ प्रतिशत जनतालाई पुग्ने उत्पादन गर्न नसक्नुको अर्थ नेपालको कृषि निर्वाहमुखी अवस्था रहेको दर्साउँछ ।

सरकारले अनुदान र सहयोगका विभिन्न परियोजनाहरू ल्याए तर कुनै सफल हुन सकेनन् । भ्रष्टाचार, कमजोर प्रशासन संयन्त्र र अव्यवहारिक कृषि योजनाहरूका कारण सरकारको मेहेनत बालुवामा पानी खनाएको सरह छ । अन्तर्राष्ट्रिय व्यापारमा सधैं घाटाको प्रतिवेदन चिन्ताको विषय हो । कृषि उत्पादन र उत्पादकत्व अन्य देशको तुलनामा बढाउन सकेको छैन । अनुसन्धान केन्द्रहरू राजनीति र भागवन्डा गर्ने थलोको रूपमा विकसित भएको कारण ठोस प्रगति हुन नसकेको हो ।

कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउनु र मूल्य श्रृंखलामा काम गर्नु उत्तम विकल्प मानिन्छ । करेसा बारी, कौसी, टनेल खेती, वरपरका खेत-बारीमा गरिने सबै खेती सहरी कृषिअन्तर्गत पर्दछ । प्रयोगमा नआएका सरकारी जग्गा, व्यक्तिगत जग्गा, भवनलगायतका सबै स्थानहरूमा खेती गर्न सकिन्छ ।

यो लेख सहरी क्षेत्रको कृषि उत्पादनको माग आपूर्तिको लागि सहर र वरपरका क्षेत्रमा कृषिलाई व्यवस्थित र आधुनिक गर्ने विकल्पमा केन्द्रित छ ।

**माछापालन** (Fish farming)

दैनिक भोजनमा स्वास्थ्यको हिसाबले माछाको स्थान महत्त्वपूर्ण छ । अन्य मासुको तुलनामा माछालाई सामान्य मानिसदेखि लिएर बिरामीहरूको लागि अत्यन्त राम्रो मासु भएकाले बजारमा माछाको माग अत्यधिक छ । केही जानकारी, सिप र ज्ञान भएका व्यक्तिका लागि माछापालन एक सजिलो व्यवसाय हो ।

प्राकृतिक पोखरी, नदी, खोला र मानवनिर्मित पोखरीहरूमा माछापालनको सम्भाव्यताको प्राविधिक अध्ययन र अनुसन्धान गर्नुपर्दछ । प्रयोगमा नआएका तर प्रयोग गर्न सकिने ती स्रोतसाधनहरूलाई व्यवस्थित बनाउन माछापालन गर्नुपर्दछ । परम्परागत रूपमा गरिएका माछापालनमा आधुनिकता ल्याउन अहिले धेरै प्रविधिहरू बजारमा आइसकेका छन् । पोखरी सरसफाइ, पानीको गुणस्तर जाँच्ने र सुधार गर्ने काममा नियमितता चाहिन्छ । सार्वजनिक पोखरीहरूमा गरिने माछापालनको लागि आवश्यक तालिम र सीप दिन सके मनग्गे आम्दानी आर्जन गर्न सकिनेछ । रसायन र चिस्यानमा राखिएका माछालाई धेरै मात्रामा भए पनि विस्थापन गर्न सके स्वस्थ र ताजा माछाका परिकार उपलब्ध हुनसक्छ ।

**कौसी खेती** (Roof top farming)

विकसित देशका सहरहरूमा कौसी खेती सफल र प्रचलित प्रविधिभित्र पर्दछ । सहरी क्षेत्रमा खुल्ला खेतीयोग्य जमिनको अभाव भएसँगै घरका छत, बरन्डालगायतलाई कौसी बारीमा परिणत गर्न सकिन्छ । होनोलुलु भन्ने सानो सहरमा मात्रै ३,१०० रोपनी क्षेत्रफल कौसी खेतीले ओगटेको छ । ५ जनाको एक परिवारको लागि ताजा तरकारी पुर्‍याउन एक वर्षको लागि ४० वटा गमला वा २० वटा काठको बाकस वा ३० गोटा खाली जुटको बोरा आवश्यक हुन्छ ।



कौसी खेतीको लागि कौसीमा हल्का सामग्रीको प्रयोग अर्थात प्रति वर्ग फिट एक किलो वजनभन्दा नबढाई माटो तयार गर्नुपर्दछ । कौसी खेतीको लागि होचा तरकारी, मसलाबाली, कलमी गरिएका फलफूलका बोटहरू छनोट गरिनु उपयुक्त हुन्छ । कौसी खेती गर्दा घरको ढलानमा असर नपुग्ने र पानी नचुहिने गरी व्यवस्था गर्नुपर्दछ । कौसी खेतीबाट उत्पादित तरकारी तथा फलफूलहरू तुलनात्मक रूपमा ताजा र स्वस्थ हुने गर्दछ । कौसी खेतीमा भान्छामा खेर गएका पानी र आकासे पानीको प्रयोग गर्न सकिन्छ साथै भान्छाबाट निस्किने कुहिने वस्तुहरूबाट प्राङ्गारिक मल बनाउन सकिन्छ । साथै घरेलु प्रविधिबाट बन्ने जैविक विषादी 'गिटी मल' उत्पादन गर्न सकिन्छ ।

घरको दायाँ-बायाँमा रहेको खाली जग्गालाई खेतीयोग्य जमिनको रूपमा परिणत गर्दै बाली गर्ने विधिलाई करेसाबारी भनिन्छ । फलफूल, तरकारी र मसलाबाली उत्पादन गर्न सकेमा घरेलु खर्चमा कटौती हुन्छ र घरकै कौसीमा फलेको तरकारी सेवनले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दछ ।

**बेमौसमी तथा सघन खेती** (Off-seasonal and intensive farming)

केही बाहेक सम्पूर्ण कृषकहरूले अन्नबाली, तरकारीबाली, फलफूल बाली मौसमअनुसार खेती गरिरहेका छन् । आकासे पानीमा निर्भर खेती प्रणालीमा बालीको उत्पादनमा जोखिम बढी रहन्छ । सापेक्षित आद्रता, तापक्रम, माटोको पि.एच्. आदि बदलेर गरिने खेतीलाई बेमौसमी खेती भनिन्छ । बेर्ना उत्पादन र खेती प्लास्टिक टनेलभित्र गर्ने तरिकामा वृद्धि भइरहेको छ । यसको आकार आफ्नो जग्गाको क्षेत्रअनुसार गर्न सकिन्छ । मौसमी उत्पादनको तरकारी बजारमा नआएको समयमा बेमौसमीबाट उपलब्ध गराउन सके राम्रो मूल्य प्राप्त गर्न सकिन्छ । यसबाट बाह्रै महिना तरकारीको उपलब्धता रहन्छ । बाँसबाट निर्मित टनेलभन्दा फलामबाट निर्माण गरिएका टनेलहरू टिकाउ हुने र काम गर्न सजिलो र फाइदा हुने गर्दछ । बेमौसमी खेतीमा आधुनिक औजार-मेसिन, उन्नत बीउबिजन, विषादी, मल, थोपा सिंचाईलगायतका प्रविधिहरूको प्रयोगको आधार पनि निर्माण हुन जान्छ ।

परम्परागत खेतीको विकल्प व्यवसायिक खेती हो । प्रति एकाइ लागत र प्रतिफल दुवै बढी हुने कारणले यस खेतीलाई सघन खेती भनिन्छ । परम्परागत प्राणालीमा भन्दा सघन खेतीमा खेतलाई बाँझो (fallow) राख्ने समय निकै छोटो हुन्छ र उत्पादन निरन्तर भइरहन्छ । सहरी क्षेत्रमा बारी र खेत नजिक हुने र यातायातको पहुँच भएको कारण यो प्रविधिलाई प्रोत्साहन गर्नु राम्रो हुन्छ । एक वर्षमा धेरै पटक बाली लिन मल, विषादी र मेसिनरी सामग्रीको पनि अत्यधिक प्रयोग गरिन्छ । मौसम, पानी, माटो, झारपात र रोग-किराबारे विस्तृत अध्ययन र व्यवस्थापन गरिन्छ । यो प्रणालीको प्रयोग कृषि र पशु दुवैमा गर्न सकिन्छ । यो क्षेत्रमा काम गर्न थाल्ने बेला उत्पादित कृषि उपजहरूको भण्डारीकरण र बजारीकरणमा विशेष ध्यान पर्‍याउनु आवश्यक पर्छ । यसले यो व्यवसायमा दिगोपना प्रदान गर्दछ ।

**पशुपालन** (Animal husbandry)

मानिसको आहारामा नछुटिने परिकारमा मासु पर्दछ । राँगा, बंगुर, बाख्रा, भेंडा, कुखुरा, हाँसलगायतका पशुहरूको मासु मानिस रुचाउँछन् । मानिसहरू स्वास्थ्यमा निकै सचेत हुन थालेसंगै बजारी क्षेत्रमा मासुको माग बढ्दो छ । मानिसको शरिरको लागि दैनिक ५० ग्राम प्रोटिन आवश्यक पर्छ ।

सहरको वरपर गरिएका कुखुरापालन, बाख्रापालन, गाई-भैंसीपालन, बंगुरपालनलगायतका व्यवसायको स्तरउन्नति गर्ने र आकार तथा सङ्ख्यामा वृद्धि गर्न सके सहरको मात्र पुरा गर्न सकिन्छ । सहर वरपरका क्षेत्रमा जग्गा, घाँस, पानीलगायतको उपलब्धतालाई सदुपयोग गर्ने प्रशस्त आधारहरू छन् । परम्परागत तवरले थोरै सङ्ख्यामा यी वस्तु पाल्नाले उत्पादनमा कमि हुने र आर्थिक रूपमा घाटामा जाने हुँदा यसलाई व्यवसायिकता प्रदान गर्न सङ्ख्यामा वृद्धि गर्नु राम्रो हो ।

ताजा र स्वस्थ मासु र दुधको उत्पादनले सहरी क्षेत्र आत्मनिर्भर बन्न सक्दछ । स्थानीय स्तरमा गर्न सकिने यो कामलाई प्रोत्साहनको जरुरी छ । तालिम र सहयोगले सहरी क्षेत्रको मासु उत्पादनमा मद्दत पुग्दछ ।

**मौरीपालन** (Bee keeping)

मह मानिसको शरीरलाई स्वस्थ राख्न र विभिन्न



रोगहरू निराकरण गर्न प्रयोग गरिन्छ। विभिन्न जातका मौरीहरूबाट उत्पादित महमा औषधिको गुण हुने गर्दछ। यसकारण पनि सहर बजारमा महको माग अत्यधिक छ।

आयात गरिएका महको गुणस्तरमा विश्वास गर्न नसकेको अवस्थामा स्थानीय रूपमा नै उत्पादन गर्न सकिन्छ। सहरको वरपर रहेका वनजंगल, खेती–बारी, कौशीलगायतका स्थानहरूको खेर गइरहेको स्रोतसाधनलाई प्रयोगमा ल्याउने अर्को विधि मौरीपालन हो। जडिबुटी र फलफूल चरनबाट उत्पादित मह स्वस्थवर्धक हुन्छ। पुष्पखेतीसँग मौरीपालन प्रत्यक्ष रूपमा संलग्न छ।

मौरीपालन सजिलो आम्दानी गर्न सकिने व्यवसायको रूपमा विकसित देशहरूमा अगाडि बढेको देखिन्छ। लन्डनमा सन् १९९९ बाट सन् २०१२ सम्ममा मौरीपालक २२० प्रतिशतले बढेको थियो। न्युयोर्कमा मानिसलाई आक्रमण नगर्ने मौसी एपिस मेलिफेरा (Apis mellifera) जस्ता जातको मात्र पालन गर्ने अनुमति छ। सहरी क्षेत्रमा मौरीपालक कृषकलाई विशेष तालिमको आवश्यकता पर्दछ।

## च्याउ खेती (Mushroom farming)

च्याउ एक प्रकारको खानयोग्य ढुसी हो। शाकाहारी मानिसले मासुको स्थानमा च्याउलाई राख्ने गर्दछ। मासुबाट पाउने अत्यधिक एमिनो एसिड (Amino Acids) लगायतका पौस्टिक तत्त्व च्याउबाट उपलब्ध हुन्छ। नेपालमा च्याउको माग धेरै भए पनि सो अनुसारको उत्पादन हुन सकेको छैन।

कन्ये च्याउ, गोब्रे च्याउ, सिताके च्याउ, गानोडर्मा च्याउ अहिले कृषकहरूले गरिरहेका विभिन्न जातका च्याउ हुन्। स्थानीय रूपमा उपलब्ध हुने पराल, काठ आदिको प्रयोगबाट च्याउको उत्पादन गरिन्छ। च्याउको लागि शुरुमा काम अलि वढी भए पनि पछाडिका समयमा काम हल्का हुन्छ। पानी, रोगकीरा, तापक्रम र सापेक्षित आद्रताको व्यवस्थापन गर्न सके उत्पादनमा आउने समस्या निराकरण गर्न सकिन्छ। घरको कोठा र टहराहरूमा सजिलै गर्न सकिने यो खेती सहरी भेगमा प्राथमिकतामा राखिनुपर्दछ। च्याउको उत्पादन गरी व्यवस्थित बजारीकरण गर्न सके रोजगारीको राम्रो अवसर हो।

## पुष्प खेती (Floriculture)

